# मानव बेचबिखन तथा ओसारपसारका आयाम
## (सञ्चार अध्ययन विश्लेषण)




पत्रपत्रिकाको पाँच वर्षे (२०६९-२०७३) तुलनात्मक अध्ययन र विश्लेषण

AATWIN महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह नेपाल (एटविन)

# मानव बेचबिखन तथा ओसारपसारका आयाम
## (सञ्चार अध्ययन विश्लेषण)

पत्रपत्रिकाको पाँच वर्षे (२०६९-२०७३) तुलनात्मक अध्ययन र विश्लेषण

AATWIN

**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)**

**बबरमहल, काठमाडौं, नेपाल**

**२०७६**

**मानव बेचबिखन तथा ओसारपसारका आयाम (सञ्चार अध्ययन विश्लेषण)**
पत्रपत्रिकाको पाँच वर्षे (२०६९-२०७३) तुलनात्मक अध्ययन र विश्लेषण


**प्रतिवेदन लेखन**
विजय पौडेल, वरिष्ठ पत्रकार



**प्रकाशन समिति**
शान्ता खनाल
विमला ज्ञावली
सोम राई
अनिल अधिकारी
बेनु माया गुरूङ

**संयोजन सहयोगी**
बाल माया विश्वकर्मा

**प्रकाशक**
महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह (एटविन)
बबरमहल, काठमाडौं, नेपाल पो.ब.नं. २४९६०
फोन ०१-४२२९७८७/४२२०४७८
ईमेलः aatwin@ntc.net.np, वेभसाइटः www.aatwin.org.np

**प्रकाशन प्रति/मिति**
५०० प्रति/२०७६, कार्तिक

**प्रकाशन सहयोगी**
THE FREEDOM FUND




**सर्वाधिकार ©**
प्रकाशकमा



ISBN : 978-9937-0-6823-9

**मुद्रण**
कलरवर्ग प्रिन्टिङ्ग प्रेस प्रा.लि.
ललितपुर (९८५११४२२०९, ९८५१२३४४२७)

# प्रकाशकीय



मानव बेचबिखन तथा ओसारपसार एक विश्वव्यापी समस्याको रुपमा रही आएको छ । विश्वका संगठित अपराधहरुको सूचीलाई हेर्ने हो भने लागू औषध तथा हात हतियारको अवैध व्यापार पछिको संगठित अपराधको रुपमा मानव बेचबिखनलाई रहेको छ । यो मानवता विरुद्धको जघन्य अपराधको मुद्दा विश्वकै चिन्ता र चासोको विषय भएतापनि नियन्त्रणमा आउनुको सट्टा फरक फरक रुपमा झनझन विस्तृत र विकराल बन्दै गइरहेको छ । नेपालमा पनि मानव बेचबिखन तथा ओसारपसारको समस्या भयावह रुपमा रही आएको कुरा विभिन्न प्रतिवेदन तथा तथ्याङ्कहरुले प्रष्ट्याएका छन् । आन्तरिक होस् या अन्तर्देशीय, दिनानुदिन यो समस्या बढ्दो अवस्थामा रहेको छ ।

सुरुवाती चरणमा नेपालबाट भारततर्फ यौनशोषणको लागि मात्र महिला तथा बालबालिकाहरूको बेचबिखन हुने गरेको भएता पनि हाल यसको प्रवृत्तिमा व्यापक परिवर्तन आएको छ । मानव बेचबिखन अब यौनशोषणसंग मात्र सिमित नभई अन्य प्रयोजनकोलागि पनि हुने गरेको छ । पुरुष पनि बेचबिखनमा पर्ने गरेका छन् । मानव बेचबिखन न्यूनीकरणमा संचारको महत्वपूर्ण भुमिका हुन्छ । यसै कारण एटविनले सन् २००४ देखि निरन्तर रुपमा संचार विशेष गरि छापामा आउने मानव बेचबिखन तथा ओसारपसारका विषयवस्तुको अनुगमन गर्दै यसको दस्तावेजीकरण गर्दै आएको छ । साथै यसको विश्लेषण गरि सरकारी र गैरसरकारी सरोकारवालामाझ प्रस्तुत पनि गर्दै आएको छ । यो पुस्तकमा विगत पाँचवर्षको अवधिमा (वि.सं २०६९-२०७३) मानव बेचबिखनका के-कस्ता घटनाहरु भए र तीनले सञ्चार माध्यममा के-कति प्राथमिकता पाए भन्ने कुराको तुलनात्मक विश्लेषण प्रस्तुत गरिएको छ । सरोकारवालालाई यो विश्लेषण उपयोगी हुन् सक्ने उद्देश्यका साथ एटविनले ‘मानव बेचबिखन तथा ओसारपसारका आयाम (सञ्चार अध्ययन विश्लेषण)’ पुस्तक प्रकाशनमा ल्याएको छ ।

यो पुस्तक तयार गर्न एटविनका प्रकाशन समितिका सदस्यहरू तथा निर्वतमान अध्यक्ष अञ्जना शाक्यले आफ्ना अमूल्य सुझावहरू दिई योगदान गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु । विश्लेषण सहित पुस्तक तयार गर्नु हुने वरिष्ठ पत्रकार विजय पौडेल प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसै गरी पुस्तकलाई सम्पादन गर्नु भएकोमा अनिल अधिकारीलाई धन्यवाद दिन चाहन्छु । एटविनका कार्यकारी निर्देशक बेनु माया गुरुङको मार्ग निर्देशन, कार्यक्रम अधिकृत बाल माया विश्वकर्माको संयोजन तथा समन्वय र अन्य सहयोग गर्नु भएको कर्मचारीहरू करुणा महर्जन, भाविषा कोईराला, अर्जिता पौडेल तथा हरिमाया बस्नेतलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अध्यक्ष
नातीसरा राई

# पुस्तकका बारेमा

मानव बेचबिखन जस्तो विश्वव्यापी रुपमा रहेको संगठित अपराधसँग जुझ्न एक दुइवटा संस्थाहरुको प्रयासले मात्र सम्भव नहुने भएकोले समान धारणा र उद्देश्य भएका संघसंस्थाहरुको साझा प्रयास हुनुपर्ने आवश्यकता महसुस गरी सन् १९९७ जुन ६ तद्नुसार वि.सं. २०५४ जेष्ठ २४ गते एटविनको स्थापना भएको हो । यसको साथसाथै मानव बेचबिखन, मानव अधिकारका बारेमा सूचनाहरुलाई व्यवस्थित तवरले सङ्कलन गर्ने र राष्ट्रिय अन्तराष्ट्रिय स्तरसम्म सूचना प्रवाहित गर्ने उद्देश्यले सन् २००४ तद्नुसार वि.सं. २०६० सालमा एटविनको सूचना तथा श्रोत केन्द्रको स्थापना भएको हो । यसमा मानव बेचबिखन, मानव अधिकार, महिला अधिकार र बाल अधिकार सम्बन्धि सूचना तथा जानकारीको प्रचारप्रसार तथा उपलब्ध रहेका छन् ।

मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणमा सञ्चारमाध्यमको महत्वपूर्ण भुमिका हुन्छ । सञ्चार माध्यमबाट कुनै विषयवस्तुको अवस्था बुझ्नपनि सहयोग पुग्छ । यसै अवस्थालाई मध्यनजर गर्दै एटविनले वि.सं.२०६० साल देखि नै मानव बेचबिखन र ओसारपसार तथा यसका आयामहरु बुझ्न सञ्चार माध्यम, विशेषगरि छापा सञ्चारले निर्वाह गरेको भुमिकाको विषयमा विभिन्न पत्रपत्रिकाहरूमा आएका सामाग्रीहरूको अभिलेखिकरण गर्दै आईरहेकोछ । यस क्रियाकलाप अन्तर्गत काठमाडौंबाट प्रकाशित हुने प्रमुख पत्रपत्रिकाहरूः गोरखापत्र, कान्तिपुर, नागरिक, नेपाल समाचारपत्र, राजधानी, द काठमाडौं पोष्ट र द हिमालयन टाइम्सबाट प्रकाशित मानव बेचबिखन, मानव अधिकार तथा महिला हिंसा सम्बन्धी समाचार तथा लेखका क्लिपहरूलाई अभिलेखन एवं व्यवस्थापन गर्दै आएको छ भने यस अध्ययनमा ती सामाग्रीहरु मध्ये मानव बेचबिखन सम्बन्धी समाचार तथा लेखहरूको विश्लेषण गर्ने प्रयत्न गरिएको छ । एटविनको अनुसन्धान र अभिलेखिकरण कार्यक्रम अन्तर्गत वि.स. २०६९, २०७०, २०७१, २०७२ र २०७३ सम्म ५ वर्षको तुलानात्मक साथै विश्लेषणात्मक अध्ययन गरि यो प्रतिवेदन तयार पारिएको छ । वि.स. २०६९ देखि २०७३ सम्मका समाचार लेख, विचार तथा रिर्पोटलाई तोकिएका सूचकहरुका आधारमा क्रमशः विश्लेषण गरिएको थियो । यसमा निम्न सुचकहरुः समाचारका श्रोतहरु, रोकथाम, संरक्षण र कारवाही सम्बन्धि समाचारका संख्या के कति रहेकाछन्, समाचारको संख्या-जातियताको आधारमा कस्तो रहेको छ, समाचारको संख्या-लिङ्गका आधारमा कस्तो रहेको छ, समाचारको संख्या-उमेरका आधारमा कुन उमेर समूहका मानिसहरु बढि पीडित, प्रभावित वा जोखिममा रहेका छन्, समाचारको डेटलाइनका आधारमा, जिल्लाको आधारमा पीडित/प्रभावितको संख्या, मानव बेचबिखनको प्रकारहरु के के रहेका छन्, बेचबिखन गर्ने/दलाल/पीडक कस्ता मानिसहरु हुन्छन्, मानव बेचबिखनका कारणहरु के के हुन्, मानव बेचबिखन गर्नुको मुख्य उद्देश्यहरु के के हुन्, पत्रपत्रिकाले गोपनियता र आचार संहिताको पालना गरिरहेका छन् वा छैनन्, मानव बेचबिखनका समाचार प्रकाशन कतिवटा पत्रपत्रिकामा भए, समाचारको प्रकारहरु कस्ता कस्ता रहेका छन्, समाचारको प्राथमिकता कुन कुन पत्रिकाले के कति दिए, असुरक्षित स्थानागमन सम्बन्धि समाचारहरु के कस्ता छन् भन्ने सुचकका आधारमा विश्लेषण गरिएको छ ।

यस अध्ययनले मानव बेचबिखनको वर्तमान अवस्थाको बारेमा जानकारी प्रदान गर्नेछ । जसले गर्दा नीति निर्माण कर्तालाई नीति बनाउनका लागि र भावि दिनमा कस्ता कार्यक्रमहरुको योजना बनाउने र कार्यन्वयन गर्न, बेचबिखन रोकथाम, संरक्षण र कानुनी कारवाही गर्न सम्बन्धमा कार्यरत नेपाल सरकार र संचार माध्यम लगागयत अन्य सम्पूर्ण सरोकारवालहरु सबैलाई यस प्रतिवेदन उपयोगी हुनेछ । साथै यसका विश्लेषककर्ता तथा कानून कार्यन्वयन गर्ने निकाय, नागरिक समाज र यसका बारेमा अध्ययन गर्ने चाहने विद्यार्थी वर्गका लागि समेत यस पुस्तकले सहयोग पुऱ्याउने आशा लिएका छौ । समग्रमा भन्नु पर्दा यो पुस्तक अध्येता, अनुसन्धानकर्ता तथा यस विषयमा जानकारी राख्न खोज्ने जोसुकैका लागि पनि एउटा कोसेढुङ्गा साबित हुने विश्वास एटविनले लिएको छ ।

# विषय सूची


परिचय (Introduction) १

उद्देश्य (Objective) १

नमुना (Sampling) २

अध्ययनको सिमा (Limitation) २

अध्ययन विधी (Methodology) २

पाँच वर्षको तुलनात्मक विश्लेषण (Five Years Comparative Analysis) ३

समाचारको श्रोत (Source of News) ३

रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या
(Number of News – Prevention, Protection & Prosecution) ३

समाचारको संख्या - जातीयताको आधारमा (Number of News - Ethnicity) ४

समाचारको संख्या - लिङ्गको आधारमा (Number of News - Sex) ५

समाचारको संख्या - उमेरको आधारमा (Number of News - Age) ६

समाचारको डेटलाईनको आधारमा (District/Place of News - Dateline) ७

प्रभावितको घर/ठेगाना (जिल्ला) (Districts of Victims Origin) ८

मानव बेचबिखनका प्रकार (Types of Trafficking) ८

बेचबिखन कर्ता/दलाल/पीडकको प्रकार (Types of Trafficker) ९

मानव बेचबिखनका कारण (Causes of Trafficking) १०

मानव बेचबिखनका उद्देश्य (Objective of Trafficking) ११

गोपनीयता/आचारसंहिताको पालना (Following of Code of Conduct - Confidentiality) १२

समाचार प्रकाशन (कतिवटामा) (Coverage of News – No. of Newspaper) १३

समाचारका प्रकार (Types of News) १४

समाचारका प्राथमिकता (Priority of News) १५

वार्षिक रूपमा तथ्यांक विश्लेषण (Yearwise Data Analysis) १६

**वर्ष २०६९** १६

समाचारको श्रोत, २०६९ (Source of News, 2069) १६

रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या, २०६९
(Number of News – Prevention, Protection & Prosecution, 2069) १७

समाचारको संख्या - जातीयताका आधारमा, २०६९ (Number of News – Ethnicity, 2069) १७

समाचारको संख्या - लिङ्गका आधारमा, २०६९ (Number of News – Sex, 2069) १८

समाचारको संख्या - उमेरका आधारमा, २०६९ (Number of News – Age, 2069) १८

समाचारको डेटलाईनका आधारमा, २०६९ (District/Place of News – Dateline, 2069) १९

पीडित/प्रभावितको स्थायी बसोवासका आधारमा (Districts of Victims Origin, 2069) २०

मानव बेचबिखनका प्रकार, २०६९ (Types of Trafficking, 2069) २१

बेचबिखन कर्ता/दलाल/पीडकको प्रकार, २०६९ (Types of Trafficker, 2069) २१

मानव बेचबिखनका कारण, २०६९ (Causes of Trafficking, 2069) २२
मानव बेचबिखनका उद्देश्य, २०६९ (Objective of Trafficking, 2069) २२
गोपनीयता/आचार संहिताको पालना, २०६९ (Following of Code of Conduct – Confidentiality, 2069) २३
समाचार प्रकाशन - पत्रपत्रिकाको संख्या, २०६९ (Coverage of News – No. of Newspaper, 2069) २४
समाचारको प्रकार, २०६९ (Types of News, 2069) २४
समाचारको प्राथमिकता, २०६९ (Priority of News, 2069) २५
असुरक्षित स्थानागमन सम्बन्धी समाचार, २०६९
(News of Unsafe Migration or Foreign Employment, 2069) २५
निष्कर्ष (Finding) २६

**वर्ष २०७०** २९
समाचारको श्रोत, २०७० (Source of News, 2070) २९
रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या, २०७०
(Number of News – Prevention, Protection & Prosecution, 2070) २९
समाचारको संख्या - जातीयताका आधारमा, २०७० (Number of News – Ethnicity, 2070) ३०
समाचारको संख्या - लिङ्गका आधारमा, २०७० (Number of News – Sex, 2070) ३१
समाचारको संख्या - उमेरका आधारमा, २०७० (Number of News – Age, 2070) ३१
समाचारको डेटलाईनका आधारमा, २०७० (District/Place of News – Dateline, 2070) ३२
पीडित/प्रभावितको स्थायी बसोवासका आधारमा, २०७० (Districts of Victims Origin, 2070) ३२
मानव बेचबिखनका प्रकार, २०७० (Types of Trafficking, 2070) ३३
बेचबिखन/कर्ता/दलाल/पीडकको प्रकार, २०७० (Types of Trafficker, 2070) ३४
मानव बेचबिखनका कारणहरू, २०७० (Causes of Trafficking, 2070) ३५
मानव बेचबिखनको उद्देश्य, २०७० (Objective of Trafficking, 2070) ३५
गोपनीयता/आचारसंहिताको पालना, २०७० (Following of Code of Conduct – Confidentiality, 2070) ३६
समाचार प्रकाशन - पत्रपत्रिकाको संख्या, २०७० (Coverage of News – No. of Newspaper, 2070) ३६
समाचारको प्रकार, २०७० (Types of News, 2070) ३७
समाचारको प्राथमिकता, २०७० (Priority of News – 2070) ३७
असुरक्षित स्थानागमन सम्बन्धि समाचार, २०७०
(News of Unsafe Migration or Foreign Employment, 2070) ३७
निष्कर्ष (Finding) ३८

**वर्ष २०७१** ४०
समाचारको श्रोत, २०७१ (Source of News, 2071) ४०
रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या, २०७१
(Number of News – Prevention, Protection & Prosecution, 2071) ४०
समाचारको संख्या - जातीयताको आधारमा, २०७१ (Number of News – Ethnicity, 2071) ४१

समाचारको संख्या - लिङ्गको आधारमा, २०७१ (Number of News – Sex, 2071) ४१
समाचारको संख्या - उमेरका आधारमा, २०७१ (Number of News – Age, 2071) ४२
समाचारको डेटलाईन, २०७१ (District/Place of News – Dateline, 2071) ४३
पीडित/प्रभावितको स्थायी ठेगाना, २०७१ (Districts of Victims Origin, 2071) ४३
मानव बेचबिखनका प्रकार, २०७१ (Types of Trafficking, 2071) ४५
बेचबिखन कर्ता/दलाल/पीडकको प्रकार, २०७१ (Types of Trafficker – 2071) ४५
मानव बेचबिखनका कारण, २०७१ (Causes of Trafficking, 2071) ४६
मानव बेचबिखनको उद्देश्य, २०७१ (Objective of Trafficking, 2071) ४६
गोपनीयता/आचारसंहिताको पालना, २०७१ (Following of Code of Conduct – Confidentiality, 2071) ४७
समाचार संप्रेशण कतिवटा पत्रपत्रिकामा, २०७१ (Coverage of News – No. of Newspaper, 2071) ४८
समाचारको प्रकार, २०७१ (Types of News – 2071) ४८
समाचारको प्राथमिकता, २०७१ (Priority of News – 2071) ४९
निष्कर्ष (Finding) ४९

**वर्ष २०७२** ५२
समाचारको श्रोत, २०७२ (Source of News, 2072) ५२
रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या, २०७२
(Number of News – Prevention, Protection & Prosecution, 2072) ५२
समाचारको संख्या - जातीयताका आधारमा, २०७२ (Number of News – Ethnicity, 2072) ५३
समाचारको संख्या - लिङ्गको आधारमा, २०७२ (Number of News – Sex, 2072) ५३
समाचारको संख्या - उमेरका आधारमा, २०७२ (Number of News – Age, 2072) ५४
समाचारको डेटलाईनका आधारमा, २०७२ (District/Place of News – Dateline, 2072) ५५
पीडति/प्रभावितको स्थाई ठेगाना, २०७२ (Districts of Victims Origin, 2072) ५५
मानव बेचबिखनका प्रकार, २०७२ (Types of Trafficking, 2072) ५६
बेचबिखन कर्ता/दलाल/पीडकको प्रकार, २०७२ (Types of Trafficker, 2072) ५७
मानव बेचबिखनका कारण, २०७२ (Causes of Trafficking, 2072) ५८
मानव बेचबिखनका उद्देश्य, २०७२ (Objective of Trafficking, 2072) ५८
गोपनीयता/आचारसंहिताको पालना, २०७२ (Confidentiality in News, 2072) ५९
समाचार प्रकाशन - पत्रपत्रिकाको संख्या, २०७२ (Coverage of News, 2072) ५९
समाचारको प्रकार, २०७२ (Types of News, 2072) ६०
समाचारको प्राथमिकता, २०७२ (Priority of News, 2072) ६०
निष्कर्ष (Finding) ६१

**वर्ष २०७३** ६४
समाचारको श्रोत, २०७३ (Source of News, 2073) ६४
रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या, २०७३
(Number of News – Prevention, Protection & Prosecution, 2073) ६४
समाचारको संख्या - जातीयताका आधारमा, २०७३ (Number of News – Ethnicity, 2073) ६५
समाचारको संख्या - लिङ्गका आधारमा, २०७३ (Number of News – Sex, 2073) ६६
समाचारको संख्या - उमेरका आधारमा, २०७३ (Number of News – Age, 2073) ६६
समाचारको डेटलाईनका आधारमा, २०७३ (District/Place of News Dateline, 2073) ६७
पीडित/प्रभावितको ठेगाना, २०७३ (Districts of Victims Origin, 2073) ६७
मानव बेचबिखनका प्रकार, २०७३ (Types of Trafficking, 2073) ६८
बेचबिखन कर्ता/दलाल/पिडकका प्रकार, २०७३ (Types of Trafficker, 2073) ६९
मानव बेचबखिनका कारण, २०७३ (Causes of Trafficking, 2073) ७०
मानव बेचबिखनको उद्देश्य, २०७३ (Objective of Trafficking, 2073) ७०
गोपनीयता/आचार संहिताको पालना, २०७३ (Confidentiality in News, 2073) ७१
समाचार प्रकाशन - पत्रपत्रिकाको संख्या, २०७३ (Coverage of News, 2073) ७१
समाचारको प्रकार, २०७३ (Types of News, 2073) ७२
समाचारको प्राथमिकता, २०७३ (Priority of News, 2073) ७२
असुरक्षित स्थानागमन वा वैदेशिक रोजगार, २०७३ (Unsafe Migration or Foreign Employment, 2073) ७३
निष्कर्ष (Finding) ७३

**पाँच वर्षको तुलनात्मक अध्ययन (Five Years Comparative Study)** ७५
निष्कर्ष (Conclusion) ७५
सुझाव (Recommendation) ८७

## परिचय (Introduction)

मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणमा सञ्चार माध्यमको महत्वपूर्ण भूमिका हुन्छ। सञ्चार माध्यमबाट कुनै विषयवस्तुको अवस्था बुझ्नपनि सहयोग पुग्छ । मानव बेचबिखन र ओसारपसार तथा यसका आयामहरु बुझ्न सञ्चार माध्यम, विशेषगरि छापा सञ्चारले निर्वाह गरेको भुमिकाको विषयमा विभिन्न पत्रपत्रिकाहरूमा आएका सामाग्रीहरूलाई आधार मानेर यो विश्लेषण गरिएको हो। यस अध्ययनको क्रममा समय र श्रोत साधनको सिमितताले गर्दा सबै प्रकारका सबै सञ्चार माध्यमलाई समेट्न सकिएको थिएन तर सञ्चारको जुन माध्यमलाई छानियो नेपालमा अझै पनि निकै प्रभावकारी नै रहेकाछन्। सबै पत्रिका समेट्न असम्भव भएकोले जुन सात वटा पत्रिका (कान्तिपुर, नागरिक, नेपाल समाचारपत्र, गोरखापत्र, राजधानी, द काठमाडौं पोष्ट र द हिमालयन टाइम्स) छानिएको छ, त्यसको प्रकाशनको संख्या, पाठक समक्ष पहुँच र विषय वस्तुको गाम्भिर्यताको दृष्टिकोणले उचित रहेका छन्। अध्ययनका क्रममा समेटिएका पाँचवटै वर्षका समाचार, लेख विचार तथा रिर्पोटहरुलाई तोकिएको सूचकहरुका आधारमा क्रमशः विश्लेषण गरिएको हो। वि.स. २०६९ देखि २०७३ सम्म अर्थात पाँच वर्षका समाचार लेख, विचार तथा रिर्पोटलाई तोकिएका सूचकहरुका आधारमा क्रमशः विश्लेषण गरिएको थियो। नमुनाकारुपमा लिइएका समाचार तथा समाचारमुलक सामाग्रीका धेरैजसो श्रोत प्रहरी प्रशासन हुने भएकाले उजुरी गरिएका वा रिर्पोटमा आएका घटनाहरु नै यसमा समेटिएका छन्। एकातर्फ रिर्पोट नभएका घटना वा समाचारहरु अझधेरै हुनसक्छन् भने अर्को तर्फ रिपोटिङ गरिएकै भएपनि अध्ययनको सिमाका कारण नमुनाकारुपमा लिइएका बाहेकका सञ्चार माध्यममलाई समेट्न नसकेकाले त्यो संख्यापनि धेरै हुनसक्छ।

अध्ययनकालागि छानिएका पाँचवटै वर्षलाई विश्लेषण गर्ने हो भने देश राजनीतिक रुपमा संक्रमणमा रहेको समय थियो। संविधानसभाको निर्वाचन भएको तर दलहरुबीच सहमति नभएका कारण संविधान निर्माण हुन सकेको थिएन। धेरै किसिमका आन्दोलनहरु उठेका थिए। देश चरम संक्रमणमा थियो भने सरकार संक्रमणकालीन थियो। यस्तो संक्रमण कालमा कानुन व्यवस्था कायम राख्न चुनौती हुन्छ र दलालहरुको चलखेल पनि यस्तै बेलामा धेरै हुन्छ। संक्रमण कालकै बीचमा २०७२ सालमा आएको विनाशकारी भूकम्पले झन चुनौती थपेको थियो। अर्कोतर्फ विगतदेखि रहिरहेको बेरोजगारी लगायतका समस्याका कारण स्थानागमन बढिरहेको थियो र यो सुरक्षित भन्दा असुरक्षित नै बढि थियो।

यसको अर्थ यो पाँच वर्षमा मानव बेचबिखन तथा नियन्त्रणका घटना बढेका मात्रै थिए भन्ने होइन, यसको नियन्त्रण एवं रोकथामको पक्षमा पनि निकै काम भएका थिए। समाचार विश्लेषणका क्रममा रोकथाम, संरक्षण तथा कानुनी कारवाही सम्बन्धी समाचार पनि प्रशस्तमात्रामा थिए। यसकारण के भन्न सकिन्छ भने संक्रमणकालमा अपराधीहरुको सक्रियता बढेपनि यसको रोकथाम, नियन्त्रण तथा कानुनी कारवाही गर्ने निकायहरु पनि सक्रिय नै भएको तथ्यांकहरुले देखाउँछ।

## उद्देश्य (Objective)

- सञ्चार माध्यममा आएका समाचार तथा लेखहरुका आधारमा मानव बेचबिखन तथा ओसारपसार, मानव तस्करी र असुरक्षित स्थानागमन तथा यसका आयामका बारेमा अध्ययन तथा विश्लेषण गर्नु।
- मानव बेचबिखन तथा ओसारपसार, मानव तस्करी र असुरक्षित स्थानागमनका बारेमा अध्ययनका क्रममा प्राप्त तथ्यांकका आधारमा निष्कर्ष र सुझाव प्रस्तुत गर्नु।
- निष्कर्ष र सुझावका आधारमा सरकारी र गैरसरकारी क्षेत्रहरुलाई समस्या सम्बोधन गर्न कानुनी र नीतिगत सुधार तथा आवश्यक कार्यक्रमहरु सञ्चालनकालागि सक्रिय हुन वकालत गर्नु।

## नमुना (Sampling)

निम्नलिखित ७ वटा दैनिक पत्रिकामा वि.स. २०६९ देखि २०७३ सम्म प्रकाशित समाचारहरुलाई अध्ययनकालागि नमुनाकारुपमा लिइएको थियो ।

- कान्तिपुर
- नागरिक
- गोरखापत्र
- नेपाल समाचारपत्र
- राजधानी
- द काठमाण्डौ पोष्ट
- द हिमालयन टाइम्स

## अध्ययनको सिमा (Limitation)

यस विश्लेषणका क्रममा समय र श्रोत साधनको सिमितताले गर्दा सबै प्रकारका सबै सञ्चार माध्यमलाई समेट्न सकिएको थिएन तर सञ्चारको जुन माध्यमलाई लिइयो, त्यो नेपालमा अझै पनि निकै प्रभावकारी नै रहेको छ । अध्ययनकालागि प्राप्त श्रोत, साधन, समयावधि तथा विषयवस्तुको कभरेज र गुणात्मक आधारमा पत्रिका, रेडियो, टेलिभिजन, अनलाईन लगायतका सबै सञ्चार माध्यमलाई समेट्न असम्भव भएकाले यसमा ७ वटा दैनिक पत्रिकामा प्रकाशित समाचारलाईमात्र नमुनाका रुपमा लिइएको थियो ।

## अध्ययन विधी (Methodology)


पत्रिकामा प्रकाशित समाचारहरुलाई विभिन्न १६ वटा सूचकका आधारमा संख्यात्मक तथा गुणात्मकरुपमा तथ्यांक विश्लेषण गरिएको थियो ।

- समाचारको श्रोत
- रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या
- समाचारको संख्या जातीयताको आधारमा
- समाचारको संख्या लिङ्गको आधारमा
- समाचारको संख्या उमेरको आधारमा
- समाचारको डेटलाईनको आधारमा
- प्रभावितको घर, जिल्ला/ठेगाना
- मानव बेचबिखनका प्रकार
- बेचविखन कर्ता/दलाल/पीडकका प्रकार
- मानव बेचबिखनका कारण
- मानव बेचबिखनका उद्देश्य
- गोपनीयता/आचारसंहिताको पालना
- समाचार प्रकाशन (कतिवटामा)
- समाचारका प्रकार
- समाचारका प्राथमिकता
- वैदेशिक रोजगार/असुरक्षित स्थानागमन

## पाँच वर्षको तुलनात्मक विश्लेषण (Five Years Comparative Analysis)

### समाचारको श्रोत (Source of News)

नमुनाका रुपमा छानिएका पत्रिकाभन्दा पनि पत्रिकामा छापिएका मानव बेचबिखन तथा ओसारपसार र यससँग सम्बन्धित समाचार तथा समाचारमूलक सामाग्री अध्ययनको विषयवस्तु रहेकाले पाँच वर्षकै समाचार श्रोतको रुपमा रहेका समाचारलाई तुलनात्मक रुपमा अध्ययन गर्दा संख्याका आधारमा सबैभन्दा बढि समाचार २०७२ सालमा ३ सय ७६ वटा प्रकाशित भएका थिए । २०७२ सालको शुरुमै अर्थात वैशाख १२ गते आएको विनाशकारी भूकम्प यसको कारक हुनसक्छ । अध्ययनहरुले के देखाएको छ भने प्राकृतिक विपदका समयमा मानिसको स्थानागमनमा वृद्धि हुन्छ र यसको फाइदा दलालहरुले उठाउने गर्छन । यसकारण २०७२ सालमा घटनामा वृद्धि भएकै कारण समाचारको संख्या पनि धेरै रहन गयो । यसपछि अन्य वर्षहरुमा हेर्न हो भने २०६९/२०७० र २०७३ मा बराबरी संख्यामा समाचारहरु प्रकाशित भएका थिए । २ सय ७० देखि २ सय ८० सम्मको संख्यामा समाचार प्रकाशन भएकाले यी वर्षहरुमा विशेष कारण केहि नभए पनि परम्परागत कारणहरुले नै मानव बेचबिखन तथा ओसारपसार बढ्न गएको भन्न सकिन्छ । पाँच वर्षको अध्ययनका क्रममा सबैभन्दा कम अर्थात २ सय ५६ वटा समाचार तथा समाचारमूलक सामाग्री २०७१ सालमा प्रकाशित भएको थियो । संख्या थोरै कम देखिए पनि २०७२ बाहेक अन्य वर्षसंग तुलना गर्दा यो वर्ष पनि पुरातन कारणहरुले गर्दा नै घटना भएको नमुना अध्ययन गर्दा देखियो ।





### रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या (Number of News – Prevention, Protection & Prosecution)

मानव बेचबिखन तथा ओसारपसारका घटना हुनु र यसको रिर्पोटिङ हुनु त्यति महत्वपूर्ण होइन जति यो घटना हुनै नदिनु वा नियन्त्रण गर्नु, अपराधीले सजाय पाउनु र प्रभावितले न्याय पाउनु हो । यसकारण यो अध्ययनका क्रममा लिइएको सूचकमध्ये यो एकदमै महत्वपूर्ण सूचक थियो । यो सूचकले के देखाउन सक्छ भने मानव बेचबिखन तथा ओसारपसारको रोकथाम, यस्ता अपराधवाट पीडित प्रभावितको सुरक्षा र कानुनी कारवाहीको

दायरामा कति घटना आएका थिए ? कति अपराधीले सजाय पाए ? कतिले साँच्चिकै न्याय पाए ? यस अन्तर्गत अध्ययन गर्दा हरेक वर्षकालागि लिइएका नमुना समाचारको कुलसंख्या र यो सूचक अन्तर्गतको संख्यामा केही फरक छ किनकी प्रकाशित हरेक समाचार वा समाचारमूलक सामाग्रीमा 3Ps का विषयवस्तु समेटिएका नहुन पनि सक्छन् । पाँच वर्षको तुलनात्मक अध्ययन गर्दा 3Ps अर्थात Prevention, Protection र Prosecution का विषयवस्तु समेटिएर सबैभन्दा बढि समाचार तथा समाचारमूलक सामाग्री २०७१ सालमा प्रकाशित भएका थिए । यो वर्ष २ सय २० वटा समाचार यसमा केन्द्रीत थिए । २०७१ को तुलनामा अन्य वर्षमा निकै कममात्रामा यो विषय समेटिएका समाचार आएका थिए । अन्य वर्षहरुमा लगभग १ सय २३ देखि १ सय ४८ को बीचमा यो सूचक अन्तर्गत समाचार प्रकाशित भएका थिए । समाचार, घटनाप्रधान बढि हुनु र यो विषयमा अनुसन्धानात्मक समाचार प्रकाशित हुन नसक्नु यसको कारक हुनसक्छ । अर्कोतर्फ फलोअप समाचारको कमीका कारण पनि यो सूचक अन्तर्गतको समाचारमा कमी आएको हुनसक्छ । यसै गरी प्रहरीमा उजुरी पर्दा र अपराधी पक्राउ पर्दा जसरी सञ्चार माध्यमसम्म सूचना आइपुग्छ त्यसको तुलनामा मुद्दा अदालत प्रवेश गरेपछि सूचना प्राप्त नहुनु वा मिडियाले खोजबिन नगर्नु, त्यो घटनाको चासोमा कमी आउनु र लामो समयपछिमात्र परिणाम प्राप्त हुनु जस्ता कारणले पनि यसमा कमी आएको हुनसक्छ । यसकारण के भन्न सकिन्छ भने मानव बेचबखिन तथा ओसारपसारको नियन्त्रणकालागि एकांकी ढंगले सोच्नुभन्दा यसलाई घटनाको शुरुदेखि न्याय पाउने अवस्था एवं क्षतिपूर्ति तथा परिपूरणको चरणहरुसम्मको आयामका बारेमा सोच्नुपर्दछ ।

**रोकथाम, संरक्षण र कानुनी कारबाही सम्बन्धी प्रकाशित समाचारको संस्था**




## समाचारको संख्या - जातीयताको आधारमा (Number of News - Ethnicity)

मानव बेचबिखन तथा ओसारपसारमा धेरैजसो जनजाति तथा दलित समुदायका व्यक्तिहरु परेको घटनाहरु पाइन्छन् तर अहिलेसम्मको अध्ययनमा ब्राम्हण/क्षेत्री समुदायका व्यक्तिहरु पनि उल्लेख्य मात्रामा पाइएकाले अध्ययनकालागि कुन जातीय समुदायवाट कति व्यक्ति पर्दा रहेछन भन्ने तथ्यांक निकाल्न यसलाई पनि सूचककारुपमा लिइएको थियो । जस अनुसार अध्ययन गरिएका पाँच वर्षमा सबैभन्दा बढि १ सय १२ वटा समाचार, २०७२ सालमा यो सूचक अन्तर्गत परेका थिए । अध्ययन गरिएका एकमुष्ठ समाचारको संख्या बढि भए पनि सूचक अन्तर्गत राखेर हेर्दा सूचकपिच्छे नम्वर फरक-फरक रहेका थिए । यो सूचकमा २०७२ सालमा बढि समाचार पर्नुको कारण २०७२ सालको प्राकृतिक विपदलाई नै लिन सकिन्छ । यसै गरी यो सूचकमा अन्य वर्षमा भने २०७२ को तुलनामा निकैकम समाचार प्रकाशित भएको पाइयो । २०६९ सालमा ७९, २०७० सालमा ८४,

२०७१ सालमा ११६ मात्र तथा २०७३ सालमा ६० वटा समाचार यो शीर्षक अन्तर्गत रहेका थिए । यो सूचक अन्तर्गतको अध्ययनले के देखाउँछ भने जातीय समुदायका आधारमा मानव बेचबिखन तथा ओसारपसार कुनै एक जाति तर्फमात्र केन्द्रित छैन ।

२०७२ सालको समाचार विश्लेषण गर्दा भने यो वर्ष तामाङ समुदायका व्यक्तिहरु बढि अर्थात ४२ जना परेका थिए । यसको कारण भूकम्पले तामाङ समुदायको घनाबस्ती रहेको सिन्धुपाल्चोक जिल्लामा सबैभन्दा धेरै जनधनको क्षति गरेकाले पनि हुनसक्छ । यो बाहेक समग्रमा पाँच वर्षको तथ्यांक अध्ययन गर्ने हो भने २०६९, २०७० र २०७१ सालमा दलित समुदायका र २०७१ सालमा ब्राम्हण/क्षेत्री समुदायका व्यक्ति बढि परेको पाइयो ।


**समाचारको संख्या - जातीयताको आधारमा**

| जातीयता | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ |
|---|---|---|---|---|---|
| ब्रहामण/ क्षेत्री | १४ | १४ | ४० | ३१ | ८ |
| दलित | २१ | २३ | ३४ | १६ | ११ |
| तामाङ | १४ | २० | १५ | ४२ | ९ |
| मगर | ५ | ५ | | ५ | ५ |
| गुरुङ्ग | ३ | ४ | ७ | ७ | ४ |
| मधेसी | ८ | ७ | ५ | ६ | ४ |
| राई | ५ | २ | | | २ |
| थारु | १ | | | | २ |
| सन्यासी/गिरी | ० | | | | २ |
| मुस्लिम | ५ | १ | | | १ |
| लिम्बु | १ | | | | १ |
| माझी | ० | | | | ० |
| शेर्पा | १ | ४ | | | १ |
| अन्य | १ | ४ | १५ | ५ | १० |
| जम्मा | ७९ | ८४ | ११६ | ११२ | ६० |

## समाचारको संख्या - लिङ्गको आधारमा (Number of News - Sex)

मानव बेचबिखन तथा ओसारपसारमा विगतमा अधिकांश महिलामात्र पर्ने गरेकोमा हिजोआज यौन शोषणका साथसाथै जोखिमपूर्ण काममा लगाउन तथा ज्याला दिएर वा नदिएर श्रम शोषण गर्ने कार्य बढ्दै गएको र मानव अंगको बेचबिखन पनि बढ्दै गएकाले पुरुषको ओसारपसार तथा बेचबिखन पनि बढ्दै गएको छ। अध्ययनका पाँच वर्षमा छापिएका समाचार, लेख, विचार तथा रिर्पोटलाई प्रभावितको लिङ्गका आधारमा पनि तथ्यांकलाई विश्लेषण गर्ने प्रयास गरिएको थियो । यो सूचकका आधारमा अध्ययन गर्दा पनि सबैभन्दा बढि संख्यामा समाचार २०७२ सालमा नै प्रकाशित भएको पाइयो । यसले के देखाउँछ भने एउटा प्राकृतिक विपदले कति अस्थिरता र जोखिम निम्त्याउँदो रहेछ । २०७२ सालमा २ सय ६१ वटा समाचार तथा समाचारमूलक सामाग्री प्रकाशित भएकोमा २ सय ४२ जना महिला रहेका थिए । समग्रतामा अध्ययन गर्दा महिलाको संख्या हरेक वर्षको तथ्यांकमा बढि देखिएको थियो । २०६९ सालमा ७८ जना, २०७० सालमा १ सय १९ जना, २०७१ सालमा १ सय४० जना, २०७३


सालमा १ सय ३ जना महिला थिए । यो सूचक अन्तर्गत भने महिला बेचबिखन तथा ओसारपसारको जोखिम हरेक वर्ष एकदमै बढिरहेको देखाउँछ । पुरुष तर्फभने २०६९ मा ३० जना, २०७० मा ३४ जना, २०७१ मा ४० जना, २०७२ मा १९ जना र २०७३ मा ३० जना पुरुष रहेको तथ्यांकले देखाउँछ । यसबाट के भन्न सकिन्छ भने पुरुषको हकमा भने प्राकृतिक विपद भएका वर्षभन्दा नभएका वर्षमा जोखिम बढि रहेको थियो । २०७१ सालमा ४० जना पुरुष पर्नु र २०७२ मा १९ जनामात्र पुरुष पर्नु नै यसको उदाहरण हो । जोखिमको समयमा पुरुष र महिला दुवै विस्थापित हुने भएपनि किन महिलाको संख्या बढि छ यो थप खोज अध्ययनको विषय हुनसक्छ ।




## समाचारको संख्या - उमेरको आधारमा (Number of News - Age)

यो अध्ययनकालागि उमेर समूह अनुसार मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिको तथ्यांक थाहापाउनु एकदमै महत्वपूर्ण छ । त्यसैले यो एकदम महत्वपूर्ण सूचक हो । उमेर समूहका हिसाबले हेर्ने हो भने यौन शोषणकालागि होस वा अन्य कुनै प्रयोजनकालागि किशोर-किशोरीहरु सबैभन्दाबढि मानव बेचबिखन तथा ओसारपसारवाट प्रभावित भएका पाइए । मानव बेचबखिन तथा ओसारपसारको प्रभावमा बालबालिका एवं वृद्धवृद्धा पनि परेका प्रशस्त तथ्यांक छन् । त्यसैले यो सूचकमा उमेर भित्र पनि विभिन्न उमेर समूहमा समाचार विभाजन गरेर अध्ययन गरिएको थियो । यो सूचक अन्तर्गत २०७१ र २०७२ सालमा नै सबैभन्दा बढि बेचबिखन तथा ओसारपसारका घटना रिर्पोटिङ भएका थिए । २०७२ र २०७१ सालमा सबैभन्दा बढि १३ देखि १५ वर्ष उमेर समूहका ५०/५० जना बेचबिखनमा परेका थिए । यहि उमेर समूहमा अन्य वर्षमा भने आधाजति मात्र परेका थिए । २०६९ सालमा २४ जना, २०७० सालमा २७ जना, तथा २०७३ सालमा १४ जना परेका थिए । १२ वर्ष भन्दा तलका बालबालिका भने २०७० सालमा सबैभन्दा बढि २४ जना परेका थिए । यसैगरी २०६९ सालमा १३ जना, २०७१ सालमा २१ जना, २०७२ सालमा पनि २१ जना र २०७३ सालमा १२ जना परेका थिए । १६ देखि १८ वर्ष उमेर समूहमा भने २०६९ सालमा सबैभन्दा बढि २२ जना परेका थिए । २०७० सालमा १७ जना, २०७३ सालमा १९ जना तथा २०७१ र २०७२ सालमा समान ७/७ जना परेका थिए । १९ देखि २२ वर्ष उमेर समूहमा सबैभन्दा बढि २०७० सालमा ३१ जना परेको पाइयो । यो उमेर समूहमा २०७१ र २०७२ सालमा समान

१४/१४ जना तथा २०६९ मा ७ जना र २०७३ सालमा ८ जना परेका थिए । २३ देखि २९ वर्ष उमेर समूहमा पनि २०७१ र २०७२ सालमा सबैभन्दा बढि परेको पाइन्छ । यी दुई वर्षमा ३७/३७ जना परेका थिए भने २०७० सालमा २२ जना परेका थिए । यसै गरी २०६९ र २०७३ सालमा समान १०/१० जना बेचबिखनमा परेका थिए ।




## समाचारको डेटलाईनको आधारमा (District/Place of News - Dateline)

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी घटनाहरु श्रोतस्थान अर्थात पीडित प्रभावितको घर गाउँभन्दा घटना भईसकेपछि वा घटना हुनलागेका बेलामा पक्राउ परेर सार्वजनिक हुने भएकाले धेरैजसो अन्यत्र स्थानवाट समाचार सम्प्रेषण गरिएका हुन्छन् । धेरैजसो नाकामा पक्राउ पर्ने अथवा विदेशवाट फर्किएर आएपछि उजुरी गर्दा पनि पीडक रहेको स्थानमा उजुरी दिने र दोषी पक्राउ गर्ने तथा कानुनी कारवाही हुने भएकाले यो अध्ययनमा समाचार कहाँवाट सम्प्रेषण भएका थिए भन्ने पनि विश्लेषण गर्ने प्रयास गरिएको थियो । यो सूचक अन्तर्गत विश्लेषण गर्दा सबैभन्दा बढि समाचार कहाँवाट सम्प्रेषण भइरहेको छ भन्ने जानकारी प्राप्त भएको थियो । यहाँ पाँचैवर्षका सबैभन्दा बढि समाचार संप्रेषण गरिएका शीर्ष ३ स्थानको मात्र जानकारी दिने प्रयास गरिएको छ ।

यो सूचक अन्तर्गत २०७१ सालमा सबैभन्दा बढि समाचार रेकर्डमा आएका थिए । यो वर्ष १ सय ७९ वटा समाचार लेखिएकोमा सबैभन्दा बढि काठमाडौंवाट २३ वटा, त्यसपछि कपिलवस्तुवाट १४ वटा तथा मकवानपुरवाट ९ वटा समाचार संप्रेषण भएका थिए । २०७० सालमा भने सबैभन्दा कम अर्थात मात्र ८५ वटा समाचार यो सूचक अन्तर्गत परेका थिए । यी मध्ये सबैभन्दा बढि काठमाडौं र बाँकेवाट समान ९/९ वटा समाचार संप्रेषण भएका थिए भने झापा र कपिलवस्तुवाट ७/७ वटा तथा नुवाकोट र मकवानपुरवाट ५/५ वटा समाचार लेखिएका थिए । २०६९ सालमा भने सबैभन्दा बढि काठमाडौंवाट १५ वटा, सिन्धुपाल्चोक, बाँके र पर्सावाट ९/९ वटा तथा भैरहवावाट ७ वटा समाचार संप्रेषण भएका थिए । २०७२ सालमा काठामाडौंवाट २३ वटा, कपिलवस्तुवाट १४ वटा तथा मकवानपुरवाट ९ वटा समाचार संप्रेषण भएका थिए । यसै गरी २०७३ सालमा काठमाडौंवाट ३१ वटा, कपिलवस्तुवाट १३ वटा तथा कञ्चनपुर र बाँकेवाट ९/९ वटा समाचार लेखिएका थिए । यसरी पाँच वर्षको विश्लेषण गर्दा काठमाडौंवाट सबैभन्दा बढि समाचार संप्रेषण भएको देखियो । यसको कारण सञ्चार माध्यम केन्द्रिकृत भएर हो वा घटनाको सूचना प्राप्त गर्ने प्रणाली केन्द्रिकृत भएर हो अध्ययन गर्नुपर्ने हुन्छ ।

## प्रभावितको घर/ठेगाना (जिल्ला) (Districts of Victims Origin)

समाचार, लेख, विचार तथा रिर्पोटहरुमा लेखिएका समाचारका डेटलाइनमा समाचार कहाँवाट लेखिएको हो त्यो थाहा हुने भयो तर देशको कुन क्षेत्र वा जिल्लाका कति व्यक्तिहरु मानव बेचबिखन तथा ओसारपसारमा परिरहेका छन् भन्ने थाहा पाउन प्रभावितको स्थायी घर ठेगाना कुन जिल्लामा रहेछ भन्ने सूचकका आधारमा पनि तथ्यांक विश्लेषण गरिएको थियो । समाचारको डेटलाईन अर्थात समाचार संप्रेषण गरिएको स्थान जहाँ हुन्छ त्यो घटनामा परेको प्रभावित व्यक्ति त्यहिको नहुन सक्छ । उसलाई ललाईफकाई गरेर घरठेगानावाट अर्को स्थानमा पुऱ्याइएको हुन्छ । स्थायी ठेगानाका आधारमा तथ्यांक विश्लेषण गर्दा केहि सिमित जिल्लामा रहेको यो समस्या दिन प्रतिदिन देशभर फैलँदै गएको देखियो ।

यो सूचक अन्तर्गत २०७१ सालमा ५९ वटा जिल्लाका व्यक्ति मानव बेचबिखन तथा ओसारपसारमा परेको पाइयो । यसवाट के तथ्यांक बाहिर आउँछ भने देशका प्रायः सबै क्षेत्रमा यो समस्या छ । यो वा त्यो क्षेत्रमामात्र समस्या छ भनेर भन्न सकिने अवस्था रहेन तर हरेक वर्षका, जस्तै २०६९ का ४५ जिल्ला, २०७० का ४७ जिल्ला, २०७२ का ४८ जिल्ला तथा २०७३ का ५४ जिल्लाहरुलाई विश्लेषण गर्ने हो भने दोहोरिएका जिल्लाहरुको संख्या धेरै थिए ।


पाँचै वर्षको विश्लेषणमा शीर्ष ३ जिल्लामा सिन्धुपाल्चोक परेको छ । यसवाट के भन्न सकिन्छ भने सिन्धुपाल्चोक, नुवाकोट, मकवानपुर, काभ्रेपलाञ्चोक लगायतका जिल्लाहरु अझै पनि धेरै जोखिममा छन् । २०६९ सालमा शीर्षतीन जिल्लामा सिन्धुपाल्चोकवाट १२ जना, मकवानपुरवाट ९ जना र झापावाट ७ जना परेको तथ्यांक थियो । यसै गरी २०७० सालमा शीर्षतीनमा मकवानपुरवाट १५ जना, नुवाकोट र सिन्धुपाल्चोकवाट १३/१३ जना तथा झापा, धादिङ, नवलपरासी र रौतहट जिल्लावाट समान ७/७ जना परेका थिए । २०७१ सालमा भने शीर्षतीनमा सिन्धुपाल्चोक, मकवानपुर र रौतहटवाट क्रमशः १७, १४ र १३ जना परेका थिए । २०७२ सालमा शीर्षतीनमा सिन्धुपाल्चोकवाट २२ जना, बाँके, नवलपरासी र बर्दियावाट ८/८ तथा २०७३ सालमा शीर्ष तीनमा सिन्धुपाल्चोकवाट ११ जना, गोरखा, नवलपरासी र बर्दियावाट ८/८ जना र काभ्रेपलाञ्चोकवाट ७ जना परेका थिए ।

## मानव बेचबिखनका प्रकार (Types of Trafficking)

मानव बेचबिखन भन्ने वित्तिकै पहिला-पहिला देशबाहिरको ओसारपसार र बेचबिखन भन्ने बुझ्ने गरिन्थ्यो तर जब देशभित्रै पनि एक ठाउँवाट अर्को ठाउँमा बेचबिखन तथा ओसारपसार गरिने तथ्य स्थापित भयो र यसलाई कानुनले दण्डनीय बनायो त्यसपछि देशभित्रकै घटना पनि यसमा रेकर्ड हुन थालेका छन् । मानव बेचबिखन भन्ने वित्तिकै मानव बेचबिखन तथा ओसारपसार ऐन वमोजिम कुनैपनि व्यक्तिलाई बेचबिखनको उद्देश्यले कुनैपनि एक स्थानवाट अर्को स्थानमा लैजानु हो, चाहे त्यो देशभित्र होस वा बाहिर । यो सूचक अन्तर्गत बेचबिखनकालागि प्रभावितहरुलाई के कस्तो कारणले देशभित्र वा बाहिर कहाँ लगियो भन्ने विषयमा विश्लेषण गरिएको थियो ।

यसमा पाँच वर्षको तथ्यांक विश्लेषण गर्दा, सबैभन्दा बढि समाचार २०७२ सालमा रेकर्डमा आएका थिए । स्मरणीय छ, २०७२ साल विनाशकारी भूकम्पका कारण सबै क्षेत्रमा तहसनहस भएकाले जसरी सम्झनलायक छैन, त्यसै गरी मानव बेचबिखन तथा ओसारपसारका दृष्टिकोणले पनि यो वर्षले नकारात्मक संकेत नै दिएको छ । २०७२ सालमा यो सूचक अन्तर्गत २ सय ८७ वटा समाचार अध्ययनका क्रममा रेकर्डमा आएका थिए, जबकी अध्ययनका अन्य वर्षमा यो संख्या आधाभन्दा पनि कम रहेको थियो । २०६९ सालमा १ सय ३ वटा समाचार थिए भने २०७० सालमा १ सय ४ वटा, यसै गरी २०७१ सालमा १ सय २ वटा थिए भने २०७३ सालमा १ सय १२ वटा समाचार थिए । यो सूचक अन्तर्गत पनि विदेशमा र स्वदेशमा मानव बेचबिखन तथा ओसारपसार, वैदेशिक रोजगारीका नाममा र मानव अंग बेचबिखन गरी चारवटा उपसूचकका आधारमा तथ्यांक विश्लेषण गरिएको थियो । यसमा सबैभन्दा बढिसंख्या विदेशमा बेचबिखन तथा ओसारपसारको रहेको थियो । अझ यसमा वैदेशिक

रोजगारीका क्रममा भएका घटनालाई जोड्ने हो भने निकै ठुलो तथ्यांक आउँछ । विदेशको तुलनामा कम भए पनि स्वदेशमै बेचबिखन तथा ओसारपसारका घटना पनि उल्लेख्य थियो । २०६९ सालमा सिमापार (विदेश) बेचबिखनका घटना ६९ वटा थिए भने स्वदेशका १७ वटा, यसै गरी वैदेशिक रोजगारीका नाममा १३ तथा मानव अंग बेचबिखनका नाममा ४ जनालाई लगिएको समाचार थियो । २०७० सालमा ७५ वटा सिमापार बेचबिखनका, ७ वटा देशभित्रकै, १९ वटा वैदेशिक रोजगारी र ३ वटा मानव अंगसँग सम्बन्धीत थिए । २०७१ सालमा ४१ वटा सिमापार बेचबिखन गरिएका, १६ वटा स्वदेशमै, ४४ वटा वैदेशिक रोजगारीका नाममा र १ वटा मानव अंग बेचबिखनकालागि लगिएका घटना थिए । २०७२ सालको तथ्यांक त भयावह छ, यो वर्ष १ सय ६८ वटा घटनामा सिमापार बेचबिखन गरिएको थियो भने ३८ वटा स्वदेशमै र ७८ वटामा वैदेशिक रोजगारीका नाममा लगिएको थियो । मानव अंग बेचबिखनकालागि लगिएको ३ वटा समाचार थिए । २०७३ सालमा विदेशमा बेचबिखनका ६४ वटा, स्वदेशका ११ वटा, वैदेशिक रोजगारीका ३१ वटा र मानव अंग बेचबिखनकालागि ५ घटना भएको नमुनाकारुपमा लिइएका पत्रपत्रिकाका समाचारमा उल्लेख थियो ।




## बेचबिखन कर्ता/दलाल/पीडकको प्रकार (Types of Trafficker)

मानव बेचबिखन तथा ओसारपसारका घटनामा अहिलेसम्म पाइएका तथ्यांकमा ललाईफकाई गर्ने मानिस धेरैजसो आफन्त नै हुने अथवा नयाँ साथी भएमा पनि केहि समय भेटघाट गरेर विश्वासमा पारेपछिका मानिस नै हुने गरेकाछन् । यो अध्ययनमा मानव बेचबिखन तथा ओसारपसारमा कस्ता व्यक्ति सक्रिय छन् भन्ने जान्न प्राप्त समाचारका आधारमा पीडक पहिचान गर्ने प्रयास समेत गरिएको थियो । मानव बेचबिखनमा धेरैजसो चिनेजानेका मानिस वा आफन्तले नै शुरुमा फकाउने काम गर्दछन् । कतिपय अवस्थामा भने बेच्ने दलाल पनि उनीहरु नै हुन्छन् ।

मानव बेचबिखन तथा ओसारपसार गर्ने, ललाईफकाई गर्ने, लैजाने र बेचबिखन गर्नेसम्मका काममा पाँचै वर्षको तथ्यांकको अध्ययन गर्दा हरेक वर्ष एजेन्ट, वैदेशिक रोजगार व्यवासायी तथा परामर्शदाताहरु संलग्न भएका घटनाको संख्या उल्लेख्य रहेको थियो । २०६९ सालका जम्मा ९५ वटा समाचारमा ४७ वटा एजेन्ट, वैदेशिक रोजगार व्यवासायी तथा परामर्शदाताहरुले बेचबिखन तथा ओसारपसार गरेका घटना थिए भने बाँकी ४८ वटामा आफन्त नातेदार, छिमेकी जस्ता व्यक्तिहरु थिए । २०७० सालमा १ सय १ वटा घटनामध्ये ६३ वटामा एजेन्ट, वैदेशिक रोजगार व्यवासायी तथा परामर्शदाताहरु संलग्न थिए भने बाँकी ३८ वटामा नातेदार र अन्य

व्यक्ति संलग्न थिए । २०७१ का १ सय २ वटा समाचारमा ५० वटामा एजेन्ट, वैदेशिक रोजगार व्यवसायी तथा परामर्शदाताहरु थिए भने बाँकी ५२ वटामा नातेदार र अन्य व्यक्ति सामेल थिए । २०७२ सालमा सबैभन्दा बढि १ सय ९६ वटा समाचारमध्ये १ सय १ वटामा एजेन्ट, वैदेशिक रोजगार व्यवसायी तथा परामर्शदाताहरुले दलालको काम गरेका थिए भने बाँकी ९५ वटामा नातेदार र अन्य व्यक्ति थिए । २०७३ सालका ९४ वटा घटनामा ७५ वटामा एजेन्ट, वैदेशिक रोजगार व्यवसायी तथा परामर्शदाताहरु थिए भने बाँकी १९ वटामा नातेदार र अन्य व्यक्ति संलग्न थिए ।

यो सूचकमा एजेन्ट, वैदेशिक रोजगार व्यवसायी तथा परामर्शदाताहरुले दलालको काम गरेको संख्या उल्लेख्य रहेपनि आफन्त वा नातेदार नै दलाल बनेर बेचबिखन तथा ओसारपसार गरेको कहालीलाग्दो तथ्यांक पनि निकै बढि छ ।


| बेचबिखन कर्ता/दलाल/पीडकको प्रकार | | | | | |
|---|---|---|---|---|---|
| बेचबिखन कर्ता | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ |
| एजेन्ट/म्यानपावर/कन्सल्टेन्सी | ४७ | ६३ | ५० | १०१ | ७५ |
| छिमेकी | ८ | ९ | १९ | २३ | २ |
| काका (घरको/मामा घरको) | २ | | २ | ३१ | |
| नातेदार | ५ | ५ | ७ | १० | ४ |
| नचिनेको मानिस | ५ | २ | ४ | ११ | |
| दिदीबहिनी | १ | | | ११ | १ |
| पति | ४ | ९ | २ | ८ | १ |
| केटा साथी | ४ | ३ | ८ | | ४ |
| बुबा | ७ | ४ | ३ | | |
| अन्य | ५ | ३ | ४ | | ५ |
| साथी | ४ | १ | ३ | | १ |
| काकी (घरको/मामा घरको) | १ | २ | | | १ |
| आमा | १ | | | १ | |
| दाजुभाइ | १ | | | | |
| जम्मा | ९५ | १०१ | १०२ | १९६ | ९४ |

## मानव बेचबिखनका कारण (Causes of Trafficking)

मानव बेचबिखन किन हुन्छ वा ललाईफकाई गर्दा मानिस किन नचिनेको स्थानमा जान पनि तयार हुन्छ भन्ने विषयमा विगतमा धेरै अनुसन्धान भएका छन् र तिनले विविध तथ्य पनि बाहिर ल्याएका छन् । यो अध्ययनका क्रममा पनि प्रकाशित समाचारहरुका आधारमा मानव बेचबिखन तथा ओसारपसार हुनुको कारण के हुँदोरहेछ भनेर विश्लेषण गर्ने प्रयास गरिएको थियो । पाँच वर्षको तथ्यांक विश्लेषण गर्दा मानव बेचबिखन तथा ओसार पसार बढ्नुको प्रमुख कारणमा परिवारको आर्थिक अवस्था अर्थात गरिबी देखिएको थियो । अर्को अहिले कमाइ भइरहेको भन्दा अझबढि पैसा कमाउने र विलासी जिन्दगी बिताउने चाहनाले पनि यस्ता घटना भइरहेको तथ्यांक बाहिर आएको थियो ।

२०६९ सालमा प्रकाशित एकसय वटा समाचारमा २२ वटामा बेचबिखन तथा ओसारपसार हुनुको मुख्यकारण गरिबीलाई देखाएको थियो भने ५३ वटा समाचारमा बढि पैसा कमाउन, राम्रो र विलासी जिन्दगी बिताउन, वेरोजगारी लगायतका कारणले पनि मानिस अर्को ठाउँ जान खोजेको र लहैलहैमा मानव बेचबिखन तथा ओसार

पसारमा परेको तथ्यांक भेटिएको थियो र बाँकी २६ वटामा अन्य कारण थिए । २०७० सालमा १ सय ५ वटा समाचार रेकर्डमा आएकोमा ३० वटामा गरिबीका कारण दलालको ललाईफकाईमा परेको र घर छाड्न बाध्य भएकाले बेचबिखन तथा ओसारपसारमा परेका थिए भने ४४ वटा घटनामा नखुलाइएका थियो भने बाँकी ३१ वटामा अन्य कारण थिए । २०७१ सालमा विश्लेषण गरिएका ६५ वटा नमुनामा ५९ वटामा गरिबीका कारण यो अपराधले प्रश्रय पाइरहेको तथ्यांक भेटियो भने बाँकी ६ वटामा अन्य कारण रहेका थिए । २०७२ सालमा १ सय १ वटा समाचारमध्ये २३ वटामा बेरोजगारी, ५९ वटामा प्राकृतिक विपदका कारण र बाँकी १७ वटामा गरिबी र २ वटा पारिवारिक कलह कारण थिए । यसै गरी २०७३ सालमा अध्ययनका क्रममा विश्लेषण गरिएका १ सय १८ वटा समाचार तथा समाचारमूलक सामाग्री मध्ये २९ वटामा गरिवीका कारण, ४७ वटामा राम्रो पैसा कमाएर राम्रो जिवन बिताउने चाहना र बाँकी १५ वटामा अन्य कारण रहेका थिए ।





## मानव बेचबिखनका उद्देश्य (Objective of Trafficking)

राम्रो होस वा नराम्रो जब माग बजारमा बढ्दछ तब त्यसको आपूर्ति गर्नेको संख्या पनि बढ्दछ । विविध कारणले माग धेरै हुन थालेकाले पूर्ति गर्न सकेमा पैसा पनि छिटो कमाई हुन्छ भन्ने सोच भएर होला, मानव बेचबिखन तथा ओसारपसार हिजोआज तेज रफ्तारमा बढिरहेको छ । तथ्यांकले के बताउँछ भने हातहतियार र लागूऔषध पछि यो अपराध विश्वमा तेश्रो नम्वरमा पर्दछ । यसकारण यो अध्ययनमा पनि मानव बेचबिखन तथा ओसारपसार हुनुको कारण के होला भनि प्रकाशित समाचारहरुवाट विश्लेषण गर्ने प्रयास गरिएको थियो । मानव बेचबिखन तथा ओसारपसारका कारणहरु खोतल्दा मानिस किन वा के कारणले दलालको फन्दामा पर्छ भन्ने कारण खोजिएको थियो । अर्कोतर्फ दलालले मानव बेचबिखन तथा ओसारपसार जस्तो अपराध के का लागि गर्छ भन्ने जान्नकालागि पनि मानव बेचबिखनको उद्देश्य के रहेको थियो भन्ने सूचकलाई आधार मानिएको थियो । मानव बेचबिखन विशेषतः यौनजन्य क्रियाकलापकालागि गरिने भए पनि पछिल्ला दिनहरुमा यसको आयाम बदलिदै जाँदा अन्य विविध कारणकालागि पनि बेचबिखन गर्ने गरेको पाइएको छ । २०७१ र २०७२ सालको तथ्यांकलाई हेर्ने हो भने यौन शोषणभन्दा पनि श्रम शोषणकालागि मानव बेचबिखन र ओसारपसार गरिएको तथ्यांक धेरै थियो । २०७० सालमा गोरखापत्रमा छापिएको एउटा घटनामा त बच्चालाई दुध खुवाउनकालागि सुत्केरी आमालाई बेचबिखन तथा ओसारपसार गरिएको उल्लेख थियो ।

मानव बेचबिखन तथा ओसारपसारको पाँच वर्षको तथ्यांकलाई तुलनात्मक रुपमा अध्ययन गर्दा यो सूचक अन्तर्गत सबैभन्दा बढि समाचार २०७२ सालमा नै प्रकाशित भएका थिए । २०७२ सालका १ सय ३२ वटा


घटना समाचारमा आएकामध्ये ७३ वटामा श्रम शोषणकालागि लगिएको उल्लेख थियो भने ५६ वटामा यौन शोषणकालागि र बाँकी भने अन्य कारणहरु रहेका थिए । यसपछि दोश्रो नम्वरमा २०७३ साल रहेको थियो । यो वर्ष प्रकाशनमा आएका १ सय १७ समाचारमध्ये ७३ वटामा यौन शोषणकालागि लगिएको उल्लेख थियो भने ३१ वटामा श्रम शोषण र बाँकी भने अन्य कारण रहेका थिए । यो सूचक अन्तर्गत २०७१ साल, तेश्रो नम्वरमा रहेको थियो । २०७१ सालका १ सय १५ वटा समाचारमा ६० वटा श्रम शोषण र ५० वटा यौन शोषणकालागि लगिएको उल्लेख थियो । यसै गरी २०७० सालमा १ सय ५ वटा समाचार प्रकाशित भएकामा ७५ वटा यौन शोषणकालागि र २० वटा श्रम शोषणकालागि लगिएका तथा बाँकी अन्य उद्देश्यकालागि लगिएका उल्लेख थिए । पाँच वर्षमध्ये यो सूचक अन्तर्गत सबैभन्दा कम समाचार २०६९ सालमा प्रकाशमा आएका थिए । यो वर्षका १ सय २ वटा समाचारमध्ये ६९ वटा यौन शोषणकालागि र २३ वटा श्रम शोषणकालागि बेचबिखन तथा ओसारपसार गरिएको तथ्यांकले देखाएको थियो । बाँकी भने अन्य उद्देश्यले लगिएका थिए । यो अध्ययनका क्रममा मानव अंग प्रत्यारोपण वा बेचबिखन, धर्मसन्तान बनाउन, जबरजस्ती विवाह गर्न, गुम्बामा राखेर लामा विद्या पढाउन पनि बेचबिखन तथा ओसारपसार गरेको पाइएकाले त्यसलाई अन्यमा राखिएको थियो । २०७३ सालमा यस्तो समाचार एउटा मात्र पाइयो । यसै गरी गैरकानुनी रुपमा वालगृह वा अनाथालय चलाउनकालागि पनि ओसारपसार गरिएका थिए । पाँच वर्षकै अध्ययनमा कतिपय घटनामा भने उद्देश्य खुल्न सकेका थिएनन् ।




## गोपनीयता/आचारसंहिताको पालना (Following of Code of Conduct - Confidentiality)

यो अध्ययनमा नमुनाकारुपमा सञ्चार माध्यम र त्यसमा छापिएका मानव बेचबिखन तथा ओसारपसारका समाचारलाई लिइएकाले सञ्चार माध्यम यस्ता घटना र यसवाट प्रभावितमा पर्न जाने असरप्रति गम्भिर छन् कि छैनन भनेर जान्ने प्रयास समेत गरिएको थियो । सञ्चार माध्यमले पत्रकार आचारसंहिता कत्तिको पालना गरेका थिए, प्रभावितको गोपनीयताको अधिकारलाई समाचार तथा समाचारमूलक सामाग्री प्रकाशनका क्रममा पालना गरे कि गरेनन् भनेर अध्ययन गर्दा पाँचै वर्षमा आचारसंहिता पालना नभएका धेरै समाचार तथा समाचारमूलक सामाग्रीहरु भेटिएका थिए । मानव बेचबिखनमा परेर पीडित भएका व्यक्तिहरुलाई समाजमा पुनर्स्थापित हुन समस्या नहोस वा उनीहरुको पहिचान खुलेर थप पीडित हुनु नपरोस भनेर सञ्चार माध्यम एवं पत्रकारले उनीहरुको परिचय खुल्ने सबै विषय गोप्य राख्नुपर्ने गरी पत्रकार आचारसंहिता बनाइएकाले यो अध्ययनका क्रममा यसलाई सूचकका रुपमा राखिएको थियो ।

पाँच वर्षको तथ्यांक अध्ययन गर्दा यो सूचक अन्तर्गत सबैभन्दा बढि समाचार २०७२ सालमै प्रकाशित भएका थिए । यो वर्ष प्रकाशित भएका २ सय ५८ वटा समाचारमा परिचय खुलाइएका समाचार १ सय २ वटा थिए भने ९२ वटामा प्रभावितको नाम परिवर्तन गरिएको थियो । ४५ वटामा भने आचारसंहिताको पूर्णपालना भएको पाइएको थियो । आचारसंहिता पालना नभएकामा सक्कली नाम उल्लेख गरेका, प्रभावितको फोटो प्रकाशित गरेका तथा सहायक परिचयहरु सार्वजनिक गरेका समाचारहरु परेका थिए । २०६९ सालका १ सय ४ वटा समाचारमा ७२ वटामा परिचय सार्वजनिक गरिएका थिए, १५ वटामा नाम परिवर्तन गरिएको थियो भने १७ वटामा आचारसंहिता पूर्णपालना गर्दै सम्पूर्ण परिचय गोप्य राखिएको थियो । यसै गरी २०७० सालमा १ सय ५ वटा मध्ये ७५ वटा समाचारमा परिचय खुलाइएको थियो, १४ वटामा नाम परिवर्तन गरिएको थियो भने १६ वटामा सम्पूर्ण परिचय गोप्य राखिएको थियो । २०७१ सालका २ सय ५६ वटा समाचार मध्ये १ सय ९७ वटामा परिचय खुलाइएको थियो, १० वटामा नाम परिवर्तन गरिएको थियो भने ४९ वटामा आचारसंहिता पूर्णपालना गरिएको थियो । २०७३ सालमा भने प्रकाशित १ सय १८ वटा समाचारमध्ये ७० वटामा परिचय कुनै न कुनै रुपमा खुलाइएको थियो, १३ वटामा नाम परिवर्तन गरेर समाचार प्रकाशित गरिएको थियो भने ३५ वटामा सम्पूर्ण परिचय गोप्य राखिएको थियो ।




## समाचार प्रकाशन (कतिवटामा) (Coverage of News – No. of Newspaper)

नमुनाकारुपमा लिइएका पत्रपत्रिकामा एकपटक एउटा घटना हुँदा त्यो घटना सम्बन्धी समाचार कतिवटामा प्रकाशित भए भनेर पनि यो अध्ययनका क्रममा विश्लेषण गरिएको थियो । जति धेरै पत्रपत्रिकामा घटनाको रिर्पोटिङ भयो त्यति धेरै त्यसको प्रभाव हुने भएकाले एउटा घटनाका विषयमा समाचार, लेख, विचार, रिर्पोट कतिपटक कतिवटा सञ्चार माध्यममा आए भनेर विश्लेषण गरिएको थियो । पाँच वर्षको तथ्यांक विश्लेषण गर्दा एउटा घटना हुँदा नमुनाका रुपमा लिइएका सबै पत्रपत्रिकामा छापिएको तथ्यांक एकदमै न्युन थियो । २०७२ सालमा त यो संख्या शुन्य थियो । अपराधकारुपमा घटना बाहिर आउँदा सबै पत्रिकाले प्रकाशन गर्ने गरेको पाइए पनि मानव बेचबिखन तथा ओसारपसारका घटना जति संख्यामा रिर्पोटिङ भइरहेको छ, त्यसको तुलनामा सबैमा प्रकाशनको संख्या भने निराशाजनक थियो ।

यो सूचक अन्तर्गत पाँचै वर्षको तथ्यांक विश्लेषण गर्ने हो भने, २०६९ सालका १ सय ४५ वटा समाचारमा एउटै समाचार सबै पत्रिकामा छापिएको संख्या जम्मा ४ थियो । १ सय २ वटा समाचार एउटामात्र पत्रिकामा छापिएको थियो भने ३४ वटा समाचार दुई वा दुईभन्दा बढि पत्रिकामा छापिएका थिए । २०७० सालमा छापिएका १ सय २५ वटा समाचारमध्ये जम्मा २ वटामात्र नमुनाकारुपमा लिइएका सबै पत्रिकामा छापिएका थिए । यो वर्ष ८४ वटा समाचार एउटामात्र पत्रिकामा छापिएको थियो भने ३९ वटा समाचार दुई वा दुईभन्दा बढि पत्रिकामा छापिएको थियो । २०७१ सालमा २ सय ५२ वटा समाचार तथा समाचारमूलक सामाग्री प्रकाशनमा आएका थिए । यी मध्ये २ वटा समाचार सबै पत्रिकामा छापिएका थिए भने ९७ वटा समाचार एउटामात्र पत्रिकामा प्रकाशित भएका थिए । यसै गरी यो वर्ष १ सय ५३ वटा समाचार भने दुई वा दुईभन्दाबढि पत्रिकामा प्रकाशित भएका थिए । २०७२ सालमा अध्ययनका पाँच वर्षमध्ये यो सूचक अन्तर्गत सबैभन्दा बढि समाचार छापिएको थियो तर नमुनाकारुपमा लिइएका ७ वटै पत्रिकामा छापिएका ३ सय ७६ वटा समाचारमध्ये सबैमा छापिएका समाचार भने यो वर्ष एउटा पनि थिएन । यो वर्ष १ सय १२ वटा समाचार एउटामात्र पत्रिकामा छापिएको थियो भने २ सय ६८ वटा समाचार दुई वा दुईभन्दा बढि पत्रिकामा छापिएको थियो । २०७३ सालमा भने १ सय ५८ वटा समाचारमध्ये जम्मा २ वटा समाचारमात्र सबै पत्रिकामा छापिएका थिए । यसपाली १ सय २२ वटा समाचार एउटामात्र पत्रिकामा छापिएको थियो भने ३४ वटा समाचार दुई वा दुईभन्दा बढि पत्रिकामा छापिएका थिए ।

## समाचारका प्रकार (Types of News)

पत्रपत्रिकामा छापिएका समाचारका प्रकृतिका आधारमा पनि त्यो समाचारलाई सञ्चार माध्यमले के कति महत्व दिएको छ भन्ने छुट्याउन सकिन्छ । कुनै घटना हुने वित्तिकै घटनाको सम्पूर्ण विवरण सहित समाचार दिएमा त्यसको विशेष महत्व हुन्छ र त्यसपछि पनि लगातार रिर्पोट, लेख, विचारकारुपमा त्यो समाचारको फलोअप गरिरहेमा सञ्चार माध्यमले त्यो समाचारलाई विशेष प्राथमिकता दिएको मानिन्छ । कुनैपनि घटना हुनेवित्तिकै त्यो घटनाका बारेमा प्रकाशित हुने समाचारलाई हार्डन्युज भनिन्छ भने त्यसका बारेमा थप अध्ययन अनुसन्धान गरेर तथ्य तथ्यांकसहित रिर्पोट तयारपारी त्यो समाचारको फलोअप गरिन्छ, जसलाई सफ्टन्युज, फिचरन्युज भनिन्छ । यसै गरी सोहि घटनाको सेरोफेरोमा रहेर लेख, विचार र सम्पादकीयकारुपमा पनि समाचार तथा समाचारमूलक सामाग्री प्रकाशित गर्ने गरिन्छ । यो अध्ययनमा मानव बेचबिखन सम्बन्धी प्रकाशित समाचार कुन-कुन ढाँचामा प्रकाशित थिए भनेर विश्लेषण गर्ने प्रयास पनि गरिएको थियो ।

यस सूचक अन्तर्गत पाँच वर्षको तथ्यांक अध्ययन गर्दा समाचारमा निकै महत्वपूर्ण मानिने हार्डन्युजको संख्या हरेक वर्ष उल्लेख्य रहेको थियो तर यस सँगसँगै अति महत्वपूर्ण मानिने सम्पादकीय, विचार, लेख, दृष्टिकोणको संख्या भने निकै कम थियो सफ्टन्युज भने चित्तबुझ्दो संख्यामानै प्रकाशित भएका थिए ।


२०६९ सालमा यस सूचक अन्तर्गतका १ सय ८९ वटा समाचार मध्ये हार्डन्युज र सफ्टन्युजको संख्या १ सय ६१ वटा थियो भने सम्पादकीय/दृष्टिकोण जम्मा ६ वटामात्र थिए । यसै गरी २०७० सालका १ सय ७५ वटा समाचारमा हार्डन्युज र सफ्टन्युज गरेर १ सय ६१ वटा नै थिए भने सम्पादकीय दृष्टिकोण मात्र ८ वटा थिए । २०७१ सालमा जम्मा २ सय ५६ वटा समाचार तथा समाचारमूलक सामाग्री प्रकाशित भएकामा हार्डन्युज र सफ्टन्युजको संख्या २ सय ३५ थियो भने सम्पादकीय र दृष्टिकोणको संख्या २१ थियो । पाँच वर्षमध्ये मानव बेचबिखन तथा ओसारपसारका विषयमा सबैभन्दा बढि सम्पादकीय लेखिएको यहि वर्ष हो । यसपाली सम्पादकीय ११ वटा छापिएका थिए, जसलाई सञ्चार माध्यमले निकै प्राथमिकता दिएको मान्न सकिन्छ । २०७२ साल मानव बेचबिखन तथा ओसारपसारका दृष्टिकोणले निकै खराब वर्ष हो । यसपाली यस विषयसँग सम्बन्धीत ३ सय ७६ वटा समाचार प्रकाशमा आएका थिए । जसमा हार्डन्युज र सफ्टन्युजको संख्या ३ सय ६३ थियो भने सम्पादकीय र विचारको संख्या भने १३ वटा थियो । २०७३ सालमा प्रकाशित २ सय ६ वटा मध्ये १ सय ५८ वटा समाचार हार्डन्युज र सफ्टन्युज थिए भने १२ वटा विचार र सम्पादकीय थिए ।

## समाचारका प्राथमिकता (Priority of News)

यो भन्दा अघिल्लो सूचकमा समाचार कुन ढाँचामा पत्रपत्रिकामा कति छापियो भन्ने विषयलाई विश्लेषण गरिएको थियो भने यो सूचकमा समाचार पत्रिकाको कुन पृष्ठमा छापियो भन्ने विषयलाई अध्ययन गर्ने प्रयास गरिएको छ । पत्रिकामा समाचार यदि पहिलो पृष्ठमा छापिन्छ भने त्यो एकदमै महत्व दिएको मानिन्छ । यसै गरी यदि समाचारको विषय समेटेर सम्पादकीय लेखिन्छ भने त्यसले पनि निकै महत्व राख्छ । मानव बेचबिखनको आयाम जसरी बढ्दै गएको छ त्यसको अनुपातमा सञ्चार माध्यममा समाचार, लेख, रचना तथा रिर्पोटहरुमा कभरेज कम भएको अथवा सञ्चार माध्यमसम्म रिर्पोटिङ भएका सामाग्रीहरु प्रकाशित हुँदा प्राथमिकतामा नपरेको भन्ने अध्ययनहरुवाट तथ्य तथ्यांक सार्वजनिक भइरहेको सन्दर्भमा यो अध्ययनमा पनि समाचारको प्राथमिकतालाई विश्लेषण गर्ने प्रयास गरिएको हो ।

पाँच वर्षको तथ्यांक विश्लेषण गर्दा, २०६९ सालमा जम्मा १ सय ८९ वटा समाचार प्रकाशन भएकोमा ११ वटा प्रथम पृष्ठमा, ८ वटा सम्पादकीय वा दृष्टिा कोण पृष्ठमा छापिएका थिए भने १ सय ७० वटा अन्य पृष्ठमा छापिएका थिए । २०७० सालमा भने छापिएका १ सय ७५ वटा समाचार मध्ये ९ वटा प्रथम पृष्ठमा, ७ वटा सम्पादकीय वा दृष्टिकोण पृष्ठमा र १ सय ५९ अन्य पृष्ठमा छापिएका थिए । २०७१ सालमा प्रकाशित २ सय ५६ वटा समाचारमा प्रथम पृष्ठमा ४९ वटा, सम्पादकीय वा दृष्टिकोण पृष्ठमा २६ वटा र १ सय ८१ वटा अन्य पृष्ठमा छापिएका थिए । सबैभन्दा बढि समाचार प्रकाशित भएको २०७२ सालमा ३ सय ७६ मध्ये ३३ वटा प्रथम पृष्ठमा, सम्पादकीय वा दृष्टिकोण पृष्ठमा १३ र ३ सय ३० वटा अन्य पृष्ठमा छापिएका थिए । २०७३ सालमा भने २ सय ६ वटा समाचार तथा समाचारमूलक सामाग्रीमध्ये १४ वटा प्रथम पृष्ठमा, ८ वटा सम्पादकीय वा दृष्टिकोण पृष्ठमा र १ सय ८४ वटा अन्य पृष्ठमा छापिएका थिए ।

यो पाँच वर्षको तथ्यांकले के देखाउँछ भने प्रथम पृष्ठ र सम्पादकीय वा दृष्टिकोण पृष्ठमा अन्य पृष्ठको तुलनामा निकै कम समाचार प्रकाशित भएका थिए । यसले सोझो अर्थमा मानव बेचबिखन तथा ओसारपसारको समाचारले कम प्राथमिकता पाएको पुष्टि हुन्छ तर यस्तो किन छ ? यो अध्ययनको विषय हो । सञ्चार माध्यम तथा यससँग सम्बन्धीत व्यक्तिहरुसँगको थप अध्ययनले यसको जवाफ आउन सक्छ ।



# वार्षिक रुपमा तथ्यांक विश्लेषण
## (Yearwise Data Analysis)

अध्ययनका क्रममा नमुनाका रुपमा लिइएका पाँच वर्षका सातवटै पत्रपत्रिकाका तथ्यांकलाई माध्यमिक तथ्याङक (Secodnary Data) रुपमा लिई हरेक वर्षको छुट्टा छुट्टै विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## वर्ष २०६९


२०६९ सालमा अध्ययनका क्रममा ७ वटा दैनिक पत्रिका कान्तिपुर, नागरिक, समाचारपत्र, गोरखापत्र, राजधानी, द काठमाण्डु पोष्ट र द हिमालय टाइम्सलाई लिइएको थियो । यो वर्ष यी दैनिक पत्रिकाहरुमा प्रकाशित मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी २ सय ७० वटा समाचार, लेख, विचार तथा रिर्पोट प्रकाशित भएका थिए । अध्ययनका क्रममा समेटिएका समाचार लेख, विचार तथा रिर्पोटलाई तोकिएका सूचकहरुका आधारमा क्रमशः विश्लेषण गरिएको थियो । नमुनाका रुपमा लिइएका समाचार तथा समाचारमूलक सामाग्रीलाई संख्याका आधारमा हेर्ने हो भने के भन्न सकिन्छ भने यी घटनाका धेरैजसो श्रोत प्रहरी प्रशासन हुने भएकाले उजुरी गरिएका वा रिर्पोटमा आएका घटनाहरुनै समाचारमा आएका छन् । यसकारण रिर्पोट नभएका घटना वा समाचारहरु धेरै हुन सक्छन् । जुन यस अध्ययनको सिमितता पनि हुनसक्छ । अर्कोतर्फ मानव बेचबिखनको विश्वव्यापी तथ्यांक र हाम्रो समाचारमा रिर्पोटिङ भएको तथ्यांकमा धेरै अन्तर छ । यसले पनि के देखाउँछ भने रिर्पोट नभएका घटना तथा समाचारहरु धेरै हुन सक्छन् ।

वर्ष २०६९ लाई विश्लेषण गर्ने हो भने संविधानसभाको निर्वाचन भएको तर दलहरुबीच सहमति नभएका कारण संविधान निर्माण हुन सकेको थिएन । धेरै किसिमका आन्दोलनहरु उठेका थिए । देश चरम संक्रमणमा थियो, सरकार संक्रमणकालीन थियो । यस्तो संक्रमणकालमा कानुन व्यवस्था कायम राख्न चुनौती हुन्छ र दलालहरुको चलखेल यस्तै बेलामा धेरै हुन्छ । अर्कोतर्फ विगत देखि रहिरहेको वेरोजगारी लगायतका समस्याका कारण आप्रवासन बढि रहेको थियो र यो सुरक्षित भन्दा असुरक्षित नै बढि थियो ।

यसको अर्थ यो वर्ष मानव बेचबिखन तथा नियन्त्रणका घटना बढेका मात्रै थिएनन्, यसको नियन्त्रण एवं रोकथामको पक्षमा पनि निकै काम भएका थिए । समाचार विश्लेषणका क्रममा रोकथाम, संरक्षण तथा कानुनी कारवाही सम्बन्धी समाचार पनि प्रशस्त मात्रामा थिए । यसकारण के भन्न सकिन्छ भने संक्रमणकालमा अपराधीहरुको सक्रियता बढेपनि यसको रोकथाम, नियन्त्रण तथा कानुनी कारवाही गर्ने निकायहरु पनि सक्रिय नै भएको तथ्यांकहरुले देखाउँछ ।

### समाचारको श्रोत, २०६९ (Source of News, 2069)


यो वर्ष प्रकाशित २ सय ७० वटा समाचार मध्ये सबैभन्दा धेरै अर्थात ७४ वटा समाचार कान्तिपुर दैनिकमा प्रकाशित भएका थिए । यसै गरी द काठमाण्डु पोष्टमा ४७ वटा, गोरखापत्रमा ४३ वटा, राजधानी दैनिकमा ३३ वटा, द हिमालयन टाइम्समा २७ वटा, नेपाल समाचारपत्रमा २४ वटा र नागरिक दैनिकमा २२ वटा प्रकाशित भएका थिए ।




## रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या, २०६९


## (Number of News – Prevention, Protection & Prosecution, 2069)

अध्ययनकालागि तय गरिएका सूचक मध्ये एउटा सूचक थियो, मानव बेचबिखन नियन्त्रणका लागि सबै भन्दा महत्वपूर्ण मानिने 3Ps अर्थात Prevention, Protection र Prosecution । यो सूचकका आधारमा प्रकाशित समाचार, विचार तथा रिर्पोट मध्ये १ सय २६ वटालाई विश्लेषण गर्दा Prevention अर्थात रोकथाम सामाग्री २४ वटा, Protection अर्थात संरक्षण सम्बन्धी सामाग्री ७१ वटा र कानुनी कारवाही अर्थात Prosecution सम्बन्धी ३१ वटा समाचार प्रकाशित भएका थिए ।





## समाचारको संख्या - जातीयताका आधारमा, २०६९ (Number of News – Ethnicity, 2069)

२०६९ सालमा नमुनाकारुपमा लिइएका पत्रपत्रिकामा छापिएका ७९ वटा समाचारमा सबैभन्दा बढी १९ जना दलित समुदायका व्यक्ति बेचबिखन तथा ओसारपसारमा परेका थिए । यसै गरी ब्राम्हण/क्षेत्री तथा तामाङ समुदाय वाट १४/१४ जना, मधेशी समुदायका ८ जना, राई, मगर र मुस्लिम समुदायका ५/५ जना, गुरुङ समुदायका ३ जना तथा थारु, लिम्बु, शेर्पा र नेवार समुदायका १/१ जना परेको समाचार प्रकाशित भएका थिए ।





## समाचारको संख्या - लिङ्गका आधारमा, २०६९ (Number of News – Sex, 2069)

यो सूचक अन्तगर्त यस वर्ष छापिएका समाचार, लेख, विचार तथा रिर्पोटमा पीडित प्रभावितको लिंङ्गका आधारमा पनि तथ्यांकलाई विश्लेषण गर्ने प्रयास गरिएको छ। यो सूचकका आधारमा २०६९ सालमा प्रकाशित १ सय ८ वटा सामाग्रीलाई विश्लेषण गर्दा ७८ जना महिला बेचबिखन तथा ओसारपसारमा परेको पाइए भने ३० जना पुरुष पाइएका थिए।





## समाचारको संख्या - उमेरका आधारमा, २०६९ (Number of News – Age, 2069)

उमेर समूहका हिसाबले हेर्ने हो भने यौन शोषणका लागि होस वा अन्य कुनै प्रयोजनका लागि किशोर किशोरीहरु सबैभन्दा बढि मानव बेचबिखन तथा ओसारपसारवाट प्रभावित भएको पाइन्छ। २०६९ सालमा नमुनाकारुपमा लिइएका पत्रपत्रिकामा प्रकाशित ८० वटा समाचारलाई विश्लेषण गर्दा सबैभन्दा बढि २४ जना १३ देखि १५ वर्ष उमेर समूहका व्यक्ति यसवाट प्रभावित भएको पाइन्छ। यसैगरी १६ देखि १८ वर्ष उमेर समूहका २२ जना, १२ वर्ष भन्दा मुनिका १३ जना, १९ देखि २२ वर्ष उमेर समूहका ७ जना, २३ देखि २९ वर्ष उमेर समूहका १० जना तथा ३० वर्ष भन्दा माथिका ४ जना मानिस पीडित प्रभावित भएको समाचार तथा समाचारमूलक सामाग्री प्रकाशित भएका थिए।




## समाचारको डेटलाईनका आधारमा, २०६९ (District/Place of News – Dateline, 2069)

यो सूचक अन्तर्गत विश्लेषण गर्दा सबैभन्दा बढि समाचार कहाँवाट सम्प्रेषण भइरहेको छ भन्ने जानकारी प्राप्त भएको छ । जस अनुसार २०६९ सालमा तथ्यांक विश्लेषण गरिएका १ सय १ वटा समाचार मध्ये सबैभन्दा धेरै अर्थात १५ वटा समाचार काठमाण्डौवाट सम्प्रेषण भएका थिए । यसै गरी ११ वटा समाचार बाँकेबाट ९/९ वटा समाचार सिन्धुपाल्चोक र पर्सावाट । भैरहवावाट ७ वटा समाचार, मकवानपुरवाट ६ वटा, बुटवलवाट ५ वटा समाचार संप्रेशण भएका थिए । कञ्चनपुर र काभ्रेवाट ४/४ वटा समाचार, झापा र रौतहटवाट ३/३ वटा, धनगढी, बाँके, भक्तपुर, मोरङ, सुर्खेत, महोत्तरी, ईलामवाट २/२ वटा समाचार प्रकाशित भएका थिए । भारत, रक्सौल संखुवासभा, कपिलवस्तु, सिरहा, कैलाली, नुवाकोट, तनहुँ, रुपन्देही, धादिङ, ललितपुर, सुनसरी, रोल्पावाट १/१ वटा समाचार संप्रेशण भएको पाइयो ।




## पीडित/प्रभावितको स्थायी बसोवासका आधारमा (Districts of Victims Origin, 2069)

समाचार, लेख, विचार तथा रिर्पोटहरुमा लेखिएका समाचारका डेटलाइनमा समाचार कहाँवाट लेखिएको हो त्यो थाहा हुने भएकाले देशको कुन क्षेत्र वा जिल्लाका व्यक्तिहरु मानव बेचबिखन तथा ओसारपसारवाट पीडित प्रभावित भईरहेका छन् भन्ने थाहा पाउन तथ्यांक विश्लेषण गर्दा पीडित प्रभावितको स्थायी घर ठेगाना कुन जिल्लामा रहेछ भन्ने सूचकका आधारमा पनि तथ्यांक विश्लेषण गरिएको थियो । जस अनुसार २०६९ सालमा विश्लेषण गरिएका १ सय १० वटा समाचार तथा समाचारमूलक सामाग्रीमध्ये सबैभन्दा बढि पीडित प्रभावित सिन्धुपाल्चोक जिल्लाका थिए । जहाँवाट १२ जना मानव बेचबिखन तथा ओसारपसाको घटनामा परेको समाचारमा उल्लेख थियो । यसै गरी मकवानपुरवाट ९ जना, झापावाट ७ जना, काभ्रे र मोरङवाट ५/५ जना तथा सुनसरी र सुर्खेतवाट ४/४ जना परेका थिए । भोजपुर, दाङ, बुटवल, बाँके, रौतहट, सर्लाही, काठमाण्डौ र नुवाकोटवाट ३/३ जना तथा चितवन, महोत्तरी, बारा, तनहुँ, धादिङ, उदयपुर, बर्दिया, रोल्पा, सल्यान, कपिलवस्तु, स्थायी ठेगाना भएका २/२ जना परेका थिए । यसै गरी धनगढी, बाग्लुङ, कास्की, खोटाङ, दाजिलिङ, ललितपुर, भक्तपुर, नवलपरासी, रुपन्देही, गुल्मी, धनुषा, पर्सा, पाँचथर, दैलेख, धनकुटा, कैलाली, ईलाम, संखुवासभा, कञ्चनपुर, भचरतवाट १/१ जना परेका थिए ।

| क्र.सं. | प्रभावितहरुको स्थायी जिल्ला | जम्मा |
|---|---|---|
| १ | सिन्धुपाल्चोक | १२ |
| २ | मकवानपुर | ९ |
| ३ | झापा | ७ |
| ४ | मोरङ | ५ |
| ५ | काभ्रे | ५ |
| ६ | सुनसरी | ४ |
| ७ | सुर्खेत | ४ |
| ८ | भोजपुर | ३ |
| ९ | दाङ | ३ |
| १० | बुटवल | ३ |
| ११ | बाँके | ३ |
| १२ | रौतहट | ३ |
| १३ | सर्लाही | ३ |
| १४ | काठमाडौं | ३ |
| १५ | नुवाकोट | ३ |
| १६ | कपिलवस्तु | २ |
| १७ | सल्यान | २ |
| १८ | रोल्पा | २ |
| १९ | बर्दिया | २ |
| २० | उदयपुर | २ |
| २१ | धादिङ्ग | २ |
| २२ | तनहुँ | २ |
| २३ | बारा | २ |
| २४ | चितवन | २ |
| २५ | महोत्तरी | २ |
| २६ | धनगढी | १ |
| २७ | बाग्लुङ्ग | १ |
| २८ | कास्की | १ |
| २९ | खोटाङ | १ |
| ३० | दार्जिलिङ्ग | १ |
| ३१ | ललितपुर | १ |
| ३२ | भक्तपुर | १ |
| ३३ | नवलपरासी | १ |
| ३४ | रुपन्देही | १ |
| ३५ | गुल्मी | १ |
| ३६ | धनुषा | १ |
| ३७ | पर्सा | १ |
| ३८ | पाँचथर | १ |
| ३९ | दैलेख | १ |
| ४० | धनकुटा | १ |
| ४१ | कैलाली | १ |
| ४२ | भारत (उत्तर प्रदेश) | १ |
| ४३ | इलाम | १ |
| ४४ | कन्चनपुर | १ |
| ४५ | संखुवासभा | १ |


## मानव बेचबिखनका प्रकार, २०६९ (Types of Trafficking, 2069)

यो अध्ययनका क्रममा मानव बेचबिखन तथा ओसारपसार आवागमनका दृष्टिकोणले कस्तो अवस्थामा रहेको छ भन्ने जान्ने प्रयास गर्न मानव बेचबिखन तथा ओसारपसारको किसिमलाई समेत सूचक मानेर तथ्यांक विश्लेषण गरिएको थियो । जस अनुसार विश्लेषण गरिएका १ सय ३ वटा समाचार तथा समाचारमूलक सामग्री मध्ये ६९ वटा नेपालभन्दा बाहिर बेचबिखन तथा ओसारपसार गरिएका घटनासँग सम्बन्धीत थिए । १३ वटा देशभित्रैका थिए भने अन्य १७ वटा वैदेशिक रोजगारीका नाममा बेचबिखन तथा ओसारपसार गरिएका विषयसँग सम्बन्धीत थिए । यसै गरी ४ वटा भने मानव अंग बेचबिखन तथा ओसारपसार सँग सम्बन्धीत थिए ।





## बेचबिखन कर्ता/दलाल/पीडकको प्रकार, २०६९ (Types of Trafficker, 2069)

२०६९ सालमा नमुनाकारुपमा लिइएका ७ वटा दैनिक पत्रिकामा प्रकाशित ९५ वटा समाचार तथा समाचारमूलक सामाग्रीलाई यो सूचक अन्तर्गत विश्लेषण गरिएको थियो । यसरी तथ्यांक विश्लेषण गर्दा ४७ वटा घटनाका समाचारमा एजेन्ट, वैदेशिक रोजगार व्यवसायी तथा परामर्शदाताहरुनै मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको पाइयो । ८ वटा घटनामा छिमेकीले बेचबिखन तथा ओसारपसार गरेका थिए भने ७ वटामा पीडित प्रभावितको बुबाले नै बेचबिखन तथा ओसारपसार गरेका थिए भने अन्य नातेदारले लगेको घटना ५ वटा थिए । अर्कोतर्फ पीडित प्रभावितले चिन्दै नचिनेका मानिसले लगेको घटना पनि ५ वटा नै थिए । साथी, प्रेमी एवं श्रीमानले नै फुक्याएर लगेका घटना ४/४ वटा थिए । मामा, माईजू तथा काका, काकीले संलग्न भएर बेचबिखन तथा ओसारपसार गरेका ३ वटा घटना समाचारमा आएका थिए । एउटा घटना त आमाले नै बेचबिखन तथा ओसारपसार गरेको सँग सम्बन्धीत थियो भने एउटा दाजुभाइले लगेका थिए, अर्को एउटा घटनामा दिदी बहिनीले लगेका थिए । यसै गरी शिक्षक, घरपट्टी, रोजगारदाता, पारिवारिक चिनजानको साथी तथा हेरविचार गर्न राखेको व्यक्तिले समेत बेचबिखन तथा ओसारपसार गरेको एक एकवटा घटनाका समाचार यो वर्ष छापिएका थिए ।




## मानव बेचबिखनका कारण, २०६९ (Causes of Trafficking, 2069)


२०६९ सालमा प्रकाशित १०४ वटा समाचारमा २२ वटामा बेचबिखन तथा ओसारपसार हुनुको मुख्य कारण गरिबीलाई देखाएको छ। ६ वटा समाचारमा पारिवारिक कलह, एउटामा घरेलु हिंसा कारण देखिएको छ भने १८ वटा समाचारमा कुनै कारण खुलेको छैन। बाँकी ५३ वटा समाचारमा भने बढि पैसा कमाउन, राम्रो र विलासी जिन्दगी बिताउन, वेरोजगारी लगायतका कारणले पनि मानिस अर्को ठाउँ जान खोजेको र लहैलहैमा मानव बेचबिखन तथा ओसारपसारमा परेका तथ्यांक भेटिएका छन्।




## मानव बेचबिखनका उद्देश्य, २०६९ (Objective of Trafficking, 2069)

यो अध्ययनमा पनि मानव बेचबिखन तथा ओसारपसार हुनुको कारण के होला भनि प्रकाशित समाचारहरुवाट विश्लेषण गर्ने प्रयास गरिएको छ। यो सूचक अन्तर्गत विश्लेषण गरिएका १ सय २ वटा समाचार मध्ये धेरैजसो कारण वा मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य यौन शोषणका लागि नै देखिएको छ। २०६९ सालमा नमुनामा लिइएका पत्रपत्रिकामा प्रकाशित समाचारहरु मध्ये ६९ वटा घटनामा बेचबिखन तथा ओसारपसार पछि


यौन शोषण गरिएको वा सोहि उद्देश्यका लागि लगिएको उल्लेख छ । २३ वटा समाचारमा श्रम शोषणका लागि लगिएको उल्लेख छ भने ४ वटा समाचारमा मानव अंग प्रत्यारोपण वा बेचबिखनका लागि लगिएको उल्लेख छ । एउटा धर्मसन्तान बनाउनकालागि र एउटा विवाह गर्नका लागि लगिएको पाइएको छ भने ४ वटा घटनामा उद्देश्य खुलेको छैन ।




## गोपनीयता/आचार संहिताको पालना, २०६९

## (Following of Code of Conduct – Confidentiality, 2069)


यो अध्ययनमा नमुनाकालागि सञ्चार माध्यमलाई छानिएको र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तर्फ सञ्चार माध्यमको पनि महत्वपूर्ण भूमिका भएकाले सञ्चार माध्यम यस्ता घटना र यसवाट पीडित प्रभावितमा पर्न जाने असर प्रति गम्भिर छन् कि छैनन भनेर जान्ने प्रयास समेत गरिएको छ । यसकारण नमुनाकारुपमा लिइएका पत्रपत्रिकाहरुमा २०६९ सालमा प्रकाशित समाचारहरुमा पत्रकार आचारसंहिताको पालना कत्तिको गरिएको थियो भन्ने विश्लेषण गर्न १ सय ४ वटा समाचारलाई सोहि सूचकका आधारमा विश्लेषण गरिएको थियो । यसमा आचारसंहिता पालना नभएका धेरै समाचार तथा समाचारमूलक सामाग्रीहरु भेटिएका थिए । २६ वटा समाचारमा पीडित प्रभावितको नाम खुलाइएको थियो भने ३९ वटा समाचारमा सहायक परिचय, जस्तै - घर ठेगाना, पीडित प्रभावितको बुबाको नाम खुलाइएको थियो । अझ ७ वटामा त पीडित प्रभावितको फोटो नै छापिएको थियो । १५ वटामा भने पीडित प्रभावितको नाम परिवर्तन गरेर समाचार दिइएको थियो तर १७ वटा समाचारमा भने आचारसंहिताको पूर्ण पालना गर्दै पीडित प्रभावितको सम्पूर्ण परिचय गोप्य राखिएको थियो ।



## समाचार प्रकाशन - पत्रपत्रिकाको संख्या, २०६९


## (Coverage of News – No. of Newspaper, 2069)

जति धेरै पत्रपत्रिकामा घटनाको रिर्पोटिङ भयो त्यति धेरै त्यसको प्रभाव हुने भएकाले २०६९ सालमा नमुनाकारुपमा लिइएका पत्रपत्रिकामा प्रकाशित १ सय ४५ वटा समाचार, लेख, विचार, रिर्पोट कतिपटक कतिवटा मिडियामा आए भनेर यहाँ विश्लेषण गरियो । यो सूचक अन्तर्गत हेर्दा १ सय २ वटा समाचार एउटा मात्र पत्रिकामा प्रकाशित भएको थियो । एउटै घटनाका २० वटा समाचार २ वटा मिडियामा प्रकाशित भएको थियो । १९ वटा घटनाका समाचार भने दुई वा दुईभन्दा बढि पत्रिकामा छापिएको थियो भने ४ वटा घटनाका समाचार सबै पत्रिकामा छापिएको थियो ।





## समाचारको प्रकार, २०६९ (Types of News, 2069)

यो सूचकका आधारमा २०६९ सालमा प्रकाशित १ सय ८९ वटा समाचारलाई विश्लेषण गर्दा ८५ वटा समाचार हार्डन्युजका रुपमा छापिएका थिए । ७६ वटा समाचार सफ्टन्युजका रुपमा छापिएका थिए भने ६ वटा दृष्टिकोण पृष्ठमा विचारका रुपमा छापिएका थिए । यो वर्ष ३ वटा सम्पादकीय मानव बेचबिखन तथा ओसारपसारकै विषय समेटेर लेखिएको थियो । १९ वटा समाचार वा समाचारमूलक सामाग्री भने अध्ययन प्रतिवेदन तथा घटना अध्ययनका रुपमा छापिएको थियो ।



## समाचारको प्राथमिकता, २०६९ (Priority of News, 2069)

सञ्चार माध्यम अझ विशेष गरेर पत्रपत्रिकाले मुख्य समाचारका रुपमा प्रथम पृष्ठमा समाचार प्रकाशित गरेमा त्यसलाई निकै महत्व दिएको मानिन्छ । सम्पादकीय नै लेखेमा वा विचार दृष्टिकोण पृष्ठमा लेख रचना प्रकाशित गरेमा पनि महत्व दिएको मानिन्छ । यसकारण यो अध्ययनका क्रममा पनि पत्रपत्रिकामा छापिएका समाचार तथा समाचारमूलक सामाग्री कुन पृष्ठमा छापिए भन्ने आधारमा पनि विश्लेषण गरिएको छ । यो सूचक अन्तर्गत विश्लेषण गरिएको १ सय ८९ वटा समाचारमा तथा समाचारमूलक सामाग्री मध्ये ११ वटा समाचार तथा समाचारमुलक सामाग्री प्रथम पृष्ठमा प्रकाशित गरिएको थियो । ८ वटा सम्पादकीय दृष्टिकोण पृष्ठमा प्रकाशित थियो भने अन्य १ सय ७० वटा समाचार तथा समाचारमूलक सामाग्री अन्य पृष्ठमा छापिएका थिए ।




## असुरक्षित स्थानागमन सम्बन्धी समाचार, २०६९

## (News of Unsafe Migration or Foreign Employment, 2069)

यो अध्ययनका क्रममा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धि समाचार तथा समाचारमूलक सामाग्रीलाई मात्र लिइएको भएपनि यससँगसँगै जोडिएर आउन थालेको असुरक्षित आप्रवाशन एवं वैदेशिक रोजगारीका विषयमा नमुनाकारुपमा लिइएका पत्रपत्रिकामा छापिएका सामाग्रीलाई पनि अध्ययन गरिएको थियो । यो सूचक अन्तर्गत अध्ययन गर्दा वर्ष २०६९ मा ५३ वटा समाचार तथा समाचारमूलक सामाग्री असुरक्षित स्थानागमन वा वैदेशिक रोजगारी तथा यसले पारेका प्रभावका बारेमा प्रकाशित भएका थिए । यसमा विदेशमा गएर अलपत्र परेका विद्यार्थीको समाचार, वैदेशिक रोजगारीमा नक्कली कागजपत्र बनाएर जाँदा विदेशमा अलपत्र परेको, वैदेशिक रोजगारीका सिलसिलामा आत्महत्या गर्नुपरेको समाचार प्रकाशित भएका थिए । यसै गरी वैदेशिक रोजगारीमा गएका महिलाले गरेको सहयोगका कारण परिवारको आर्थिक स्थिति सवल भएको समाचार, गैरकानुनी रुपमा विदेश प्रवेश गर्दा पक्राउ परेका, नक्कली कागजपत्रका कारण पक्राउ परेका, मुद्दा खेपिरहेका, जेल बस्नु परिरहेको लगायतका घटना पनि यो वर्ष समाचारमा आएका थिए । यसै गरी रोजगारदाताले भने वमोजिमको तलव सुविधा नदिएकाले फर्कन चाहिरहेका कामदारहरुको समाचार पनि प्रकाशित भएका थिए ।

## निष्कर्ष (Finding)

२०६९ सालमा मानव बेचबिखन तथा ओसारपसार र यससँग जोडिएको वैदेशिक रोजगारी सम्बन्धी समाचारहरु प्रकाशित भए । वैदशिक रोजगार नेपालीका लागि बाध्यात्मक बनिरहेको अवस्थामा सरकारी र गैरसरकारी क्षेत्रको प्रयासका वावजुद अहिले पनि वैदेशिक रोजगारीमा जानु अघि र पछि पाइलैपिच्छे संयमित भइएन भने महिला हुन वा पुरुष अप्ठ्यारोमा पर्ने सम्भावना छ । यो वर्ष नागरिक दैनिकमा छापिएको "आखिर यो मेरो रगत हो" शीर्षकको समाचारमा उल्लेखित "उनलाई थाहा थिएन विदेश जान के गर्नुपर्छ । एजेन्सीका मान्छेले जता लगे उतै लागिन् । भारत हुँदै साउदी पुदासम्म त्यो देश बारे थाहा थिएन" भन्ने वाक्यांशले नै स्पष्टसँग हाम्रो वैदेशिक रोजगारीको अवस्था र मानव बेचबिखनको जोखिमलाई बताउँछ । यसरी आफूजाने देशको भाषा, चालचलन, संस्कृति केहि थाहा नपाइकन उनी साउदी पुगिन् र एउटा घरमा घरायसी काम गर्ने पेशा थालिन् तर त्यहाँ उनी बलात्कारको शिकार भईन र गर्भवती बनेर फर्किईन । अहिले बच्चा जन्मिएको छ । अर्कोतर्फ गाउँमा रोजगारी नपाइने हुनाले रोजगारीका लागि आफू बसेको गाउँ असुरक्षितै भएपनि छाड्नुपर्ने बाध्यता छ । गोरखापत्रमा छापिएको "रोजगारीका नाममा मानव बिक्री" शीर्षकको समाचारले यहि कुरालाई ईङ्गित गर्दछ ।

मानव बेचबिखन तथा ओसारपसार सरकारवादी फौजदारी मुद्दा हो जसलाई मिलापत्र गराउन सकिदैन तर "माफी माग्दै उम्कन्छन अभियुक्त" भन्ने समाचारले प्रहरीको कमजोरी र यस्तो जघन्य अपराध प्रतिको वेवास्तालाई दर्शाउँछ ।

२०६९ सालमै गोरखापत्रमा प्रकाशित भारतको एउटा समाचारले त सबैलाई हैरान बनाउँछ, "छोरा बेचेर मोबाईल किन्ने आमा" शीर्षकमा छापिएको समाचारमा ती आमाले ५ हजार रुपैयाँमा छोरा बेचेर एउटा मोबाईल २ वटा जिन्स पाइन्ट र अन्य केहि सामान किनेकी थिईन । अर्को एउटा समाचार "दुध चुसाउन महिलाको तस्करी" शीर्षकको छ जसमा सुत्केरी महिलालाई बेचबिखन र ओसारपसार बच्चालाई दुध चुसाउनका लागि गरिएको तथ्यांक बाहिर आएको छ । हिजो आजका कामकाजी आमा व्यस्त रहने तथा बच्चालाई दुध चुसाउँदा सौन्दर्य बिग्रने बहानामा नेपालवाट भारतको विहारमा लगिने गरिएको समाचारमा उल्लेख छ ।

मानव बेचबिखनको एउटा पाटो साह्रै डरलाग्दो छ । बेचबिखनमा परेपछि उसले भोग्नुपर्ने शारिरीक मानसिक पीडा जत्तिकै पीडा बेचिएका व्यक्तिको समाज वा परिवारमा पूनःर्स्थापनाका बेला भोग्नु पर्दछ । "उद्धार गरिएकी युवतीलाई पूनःर्स्थापनाको चिन्ता" शीर्षकमा छापिएको समाचारमा उद्धार गरिएकी चेली भन्छिन, "मुम्बईमा नाचेर फर्केकी भनेर समाज र आफन्तले तिरस्कार गर्ने हुनकी भन्ने चिन्ता छ ।" यो साह्रै डरलाग्दो पक्ष हो । एकपटक बेचिएर अपमानित भइसकेका व्यक्तिले त्यो नरकवाट छुटकारा पाएपछि पनि पुनः सामाजिक लाञ्छनाले भरिएको जीवन व्यतित गर्नुपर्ने अवस्था छ । यसकै अर्को उदाहरण हो, "विदेशवाट फर्किएकी महिला भन्छिन, जहाँ गएपनि उस्तै" । "उद्धार गर्ने भारतीय संस्थावाटै शोषण" "कोठीवाट निस्केकी छोरीलाई पूनः बेच्ने बुबाले प्रेमीवाट पनि पैसा खाए" जस्ता समाचार ।

"युवतीलाई युवक बनाएर बिक्री गर्न खोज्ने पक्राउ " यो समाचारले बताउँछ, दलालहरुले अझैपनि चेतेका छैनन र उनीहरु यो अपराध गर्न विविध उपायहरु अपनाउँछन् ।

विगत लामो समयदेखि मानव अंग बेचबिखनको केन्द्र बनेको काभ्रेपलाञ्चोक जिल्लाको किड्नी बेचबिखन सम्बन्धी समाचार २०६९ सालमा पनि चर्चामा रह्यो । "मृगौलामाथि दलाल दृष्टि" शीर्षकको समाचार होस वा "१०३ जनाले बेचे मृगौला", "दलालको प्रलोभनमा फँसे गाउँले" भन्ने समाचार यसले यो समस्याको गाम्भिर्यतालाई उजागर गर्दछ । चीनको एउटा समाचार पनि यसपाली आएको थियो । "आइफोन किन्नलाई मृगौला बेचे" शीर्षकको यो समाचारमा चीनका एक १७ वर्षिय युवकले आफ्नो मृगौला बेचेका थिए ।

२०६९ सालमा धेरै प्रकाशित अर्को समाचार थियो, इँटाभट्टा, सारीमा जडी भर्ने वा अन्य यस्तै कामका लागि बालवालिकाको बेचबिखन गर्ने बन्धक बनाउने समाचार "१२४ बाल श्रमिकको उद्धार" शीर्षकमा समाचारपत्रमा छापिएको थियो । "इँटाभट्टामा बन्धक ६४ मजदुरको उद्दार" शीर्षकको समाचारमा पनि बालबालिकाको बेचबिखन तथा ओसारपसारको प्रसंग उठाइएको छ ।

यसै गरी २०६९ सालको साउनमा प्रकाशित "वैदेशिक रोजगारीमा खाडीमुलुक जान ३० वर्ष पुगेकै हुनुपर्ने मन्त्रिपरिषदको निर्णय" ले पनि निकै चर्चा पायो । यो निर्णयको पक्ष विपक्षमा निकै बहस भए । यसले सकारात्मक असर पनि पर्यो तर यसका साथै उमेर बढाउने, ढाँट्ने, छल्ने, कागजपत्र नक्कली, किर्ते बनाउने घटनाका समाचार पनि बढे ।

२०६९ सालको अर्को समाचार छ "धन्दा पुरुष वेश्याको" तथा "पुरुषवाट पुरुष बलात्कृत" यो समाचारले प्रष्ट बताउँछ मानव बेचबिखन तथा ओसारपसारमा महिला सँगसँगै पुरुष पनि पीडित भइरहेका छन् ।

एउटा समाचार समाचारपत्रमा छापिएको थियो, "होमस्टे अनुमतिले खुसियाली, चेलीबेटी बेचबिखनमा कमी आउने अपेक्षा" यो समाचार निकै सकारात्मक छ । बेरोजगारी र गरिबीका कारण मानव बेचबिखन बढेको तथ्यांक पटक पटक समाचारमा सार्वजनिक भइरहेका बेला गाउँमा होमस्टे सञ्चालनको अनुमतिले रोजगारीका लागि असुरक्षित रुपमा गाउँ छाडेर हिड्नुपर्ने अवस्था रहने छैन भन्ने आशा जगाउँछ ।

२०६९ सालमा अन्नपूर्ण पोष्टमा प्रकाशित "चेलीबेटी बेचबिखन, आफ्नै घरभित्र बन्छ योजना" शीर्षकको समाचारमा "बेचबिखनका अधिकांश घटनाको योजना घरभित्रै बनेका हुन्छन् र यसमा संलग्न हुन्छन् बुबा, आमा, छरछिमेक गुरु आफन्तजन" भन्ने उल्लेख छ । यसले देखाउँछ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न कति ठूलो चुनौती छ ।

यसपाली अर्को एउटा महत्वपूर्ण समाचार प्रकाशित भएको थियो । "प्रहरीले बलात्कृत युवतीको पहिचान खोल्यो" यो समाचारमा उल्लेख छ, "अध्यागमन कर्मचारीवाट लुटिएकी र प्रहरीवाटै बलात्कृत युवतीको नाम ठेगाना प्रहरीले सार्वजनिक गरेको छ । विशेष प्रकृतिको अपराधमा पीडितको पहिचान गोप्य राख्नुपर्ने कानुनी व्यवस्था भएपनि प्रहरी प्रधान कार्यालयले कानुन उल्लंघन गर्दै वास्तविक परिचय खुलाएको हो ।" सञ्चार माध्यमले आचारसंहिता उल्लंघन गरेको समाचार आइरहेकै थिए तर राज्यका निकाय कति हदसम्म गैरजिम्मेवार छन् वा एक पीडितले न्याय पाउनका लागि पुग्नुपर्ने प्रहरी वा अदालत जस्ता निकायमा कस्ता कस्ता व्यक्ति वा संस्थाको सामना गर्नुपर्दछ भन्ने दह्रिलो उदाहरण पनि हो यो ।

२०६९ सालमा नक्कली विवाह गरेर कोरिया जाने अथवा लैजाने धन्दाका बारेमा पनि समाचार प्रकाशित भएका थिए । "बिग्रिएका कोरियन केटाले गरिब देशका युवती बिहे गर्छन" शीर्षकको समाचार होस वा कोरियन भुलभुलैया "म्यारिज ब्युरो मार्फत तीन हजारभन्दा बढी नेपाली युवती कोरियामा" शीर्षकको समाचार, दुबैले मानव बेचबिखन तथा ओसारपसारको नयाँ आयामलाई खुलासा गरिदिएको छ ।

२०६९ सालमा अन्य पनि महत्वपूर्ण समाचार छन् । "वैदेशिक रोजगारले बढायो सम्वन्ध विच्छेद", "युवा विदेशिएपछि खेतबारी बाँझै", "काम गर्न विदेश गएकाको पत्नीमा मानसिक समस्या बढ्दो" यी समाचारले थप अध्ययनको दायारा खोलिदिएको छ ।

मानव बेचबिखन तथा ओसारपसारको अर्को महत्वपूर्ण चुनौती हो "चेलीबेटी बेचबिखनमा राजनीतिक दबाव" को समाचार । समाचारमा उल्लेख छ, चर्को राजनीतिक दबावका कारण दलाल पक्रन गाह्रो ।

मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरुले अदालतवाट सजाय पनि पाइरहेका छन् र पीडितले एक किसिमको न्याय पनि पाएका छन् । २०६९ सालमा अदालतवाट भएको फैसला मध्ये सबैभन्दा चर्चित थियो


सिन्धुपाल्चोकका मानव बेचबिखन तथा ओसारपसारका कुख्यात अपराधी बजिर सिंङ तामाङले पाएको सजाय । जिल्ला अदालतले उनलाई १ सय ७० वर्ष जेल सजाय सुनाएको थियो । जिल्ला अदालतवाट उसले गरेका मध्ये ६ वटा अपराध ठहर भएपछि त्यति सजाय तोकिएको थियो । यसै गरी कान्तिपुरमा छापिएको “पत्नी बिक्री गर्नेलाई बीसवर्ष कैद” को समाचार पनि यसको उदाहरण हो । यो समाचारमा पतिले आफ्नो गर्भवती पत्नी बेचेका थिए । यो समाचारले अर्को एउटा कुरा पनि संकेत गर्दछ कि मानिस पैसाका लागि जे पनि गर्छ तथा मानिसले सबैभन्दा बढि विश्वास गर्ने पति पत्नी, बुबा, छोरा, आमा छोरी जस्ता नाताका मानिस पनि आफन्तलाई बेच्न तयार हुन्छन् । किन यस्तो हुन्छ ? के पैसा नै वा गरिबी नै सबै कारण हो ? अध्ययन हुनु जरुरी छ । गोरखापत्रमा छापिएको “छोरी बेच्ने बुबा पक्राउ” “छोरी बिक्री गर्न खोज्ने बुबा जेल चलान” भन्ने समाचारमा १५ वर्षिया छोरीलाई भारत लगेर बलात्कार गरी बिक्री गरिएको थियो । “दुई युवती बेच्ने बस्नेत १२ वर्षपछि पक्राउ” शीर्षकले पनि यहि ईङ्गित गर्दछ ।

# वर्ष २०७०

२०७० सालमा अध्ययनका लागि ७ वटा दैनिक पत्रिका कान्तिपुर, नागरिक, नेपाल समाचारपत्र, गोरखापत्र, राजधानी, द काठमाण्डु पोष्ट र द हिमालयन टाइम्सलाई नमुनाकारुपमा लिइएको थियो । यसपाली २ सय ८० वटा समाचार, लेख, विचार तथा रिर्पोट यी दैनिक पत्रिकाहरुमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी प्रकाशित भएका थिए । मानव बचेबचबिखन तथा ओसारपसारको अपराधको प्रकृति, समाजले यसलाई हेर्ने दृष्टिकोण, सञ्चार माध्यमको समाचार संप्रेषणको प्रकृतिका बारेमा जान्न यसपाली पनि विभिन्न सूचक अन्तर्गत रहेर उपलब्ध २ सय ८० वटा समाचारलाई विश्लेषण गरिएको थियो ।


### समाचारको श्रोत, २०७० (Source of News, 2070)

२०७० सालमा मानव बेचबिखन तथा ओसारपसार सँग सम्बन्धित ३९ वटा समाचार द काठमाण्डु पोष्टमा प्रकाशित भएका थिए । यसैगरी द हिमालयन टाइम्समा ३३ वटा समाचार छापिएका थिए भने कान्तिपुर दैनिकमा ६६ वटा समाचार । यो वर्ष नागरिक दैनिकमा ३१ वटा सामाग्री प्रकाशित भयो भने समाचारपत्र दैनिकमा ४८ वटा । ३२ वटा समाचार गोरखापत्र दैनिकमा छापिएका थिए भने ३१ वटा समाचार राजधानी दैनिकमा ।





### रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या, २०७०
### (Number of News – Prevention, Protection & Prosecution, 2070)

3Ps अर्थात Prevention, Protection र Prosecution को सूचकका आधारमा तथ्यांक विश्लेषण गर्दा यो वर्ष प्रकाशित समाचार तथा समाचारमूलक सामाग्री मध्ये १ सय ४७ वटा समाचारमा Prevention, Protection र Prosecution का विषयवस्तु समेटिएका थिए । यसमा ७३ वटा समाचार Protection सँग सम्बन्धित थिए । यसै गरी ४७ वटा समाचारमा Prosecution का मुद्दा समेटिएका थिए । यो वर्ष Prevention सँग सम्बन्धित २७ वटा समाचार छापिएका थिए । मानव बेचबिखन तथा ओसारपसारको अपराध नियन्त्रण, दोषीलाई सजाय तथा पीडित प्रभावितले न्याय पाउन भन्नका लागि अगाडी सारिएको 3P को सिद्धान्त वमोजिम विश्लेषण गरिएको तथ्यांकले यसको अवस्था बुझ्न मद्दत गर्दछ ।





**समाचारको संख्या - जातीयताका आधारमा, २०७० (Number of News – Ethnicity, 2070)**

२०७० सालमा प्रकाशित समाचारलाई मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित प्रभावितहरु कुन कुन जातीय समूहवाट कति रहेछन् भनेर पनि विश्लेषण गर्दा यो सूचक अन्तर्गतका ८४ वटा समाचार मध्ये सबै भन्दा वढी २३ जना दलित समुदायका व्यक्ति थिए । २० जना तामाङ समुदायका व्यक्ति बेचबिखन तथा ओसारपसार परेका समाचार प्रकाशित भएको थियो । १४ जना ब्राम्हण/क्षेत्री समुदायका, ७ जना मधेशी, ५ जना मगर, ४ जना गुरुङ, राई दुईजना, शेर्पा ४ जना, नेवार एकजना तथा धामी र दनुवार २/२ जना, मुस्लिम एकजना, मानव बेचबिखन तथा ओसारपसारवाट पीडित प्रभावित भएको प्रकाशित समाचारको तथ्यांक विश्लेषण गर्दा पाइएको थियो ।




## समाचारको संख्या - लिङ्गका आधारमा, २०७० (Number of News – Sex, 2070)

लैंगिक आधारमा मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरुको बारेमा विश्लेषण गर्दा २०७० सालमा नमुनाका रुपमा लिइएका सातवटै पत्रपत्रिकामा प्रकाशित १ सय ५३ वटा समाचार मध्ये १ सय १९ वटा समाचारमा पीडित प्रभावित महिला थिए भने बाँकी ३४ वटा समाचारमा पुरुष परेका थिए ।





## समाचारको संख्या - उमेरका आधारमा, २०७० (Number of News – Age, 2070)

२०७० सालमा प्रकाशित समाचारहरुलाई विश्लेषण गर्दा यो वर्ष पनि मानव बेचबिखन तथा ओसारपसारको प्रभावमा सबैभन्दा बढि किशोर किशोरीहरुनै परेका पाइयो । यो वर्ष १२ वर्षभन्दा कम उमेर समूहका २४ जना पीडित प्रभावित भएको प्रकाशित समाचार तथा समाचारमूलक सामाग्रीहरुको तथ्यांकले देखाउँछ । यसै गरी १६ वर्षभन्दा कम १२ वर्षभन्दा बढि उमेर समूहका २७ जना तथा १८ वर्ष भन्दा कम १६ वर्षभन्दा बढि उमेर समूहका १७ जना परेको समाचारमा उल्लेख छ । यसरी तथ्यांक विश्लेषण गर्दा १६ देखी १८ वर्ष उमेर समूहका सबैभन्दा बढि पाइएको छ । यसै गरी २२ वर्षभन्दा कम १९ वर्षभन्दा बढि उमेर समूहका ३१ जना, २९ वर्षभन्दा कम २३ वर्षभन्दा बढि उमेर समूहका २२ जना रहेको तथ्यांकले देखाउँछ । ३० वर्षभन्दा बढि उमेर समूहका भने ११ जना रहेका थिए । यो वर्ष यस सूचक अन्तर्गत १ सय ३२ वटा समाचार विश्लेषण गरिएको थियो ।



## समाचारको डेटलाईनका आधारमा, २०७० (District/Place of News – Dateline, 2070)

२०७० सालमा समाचार लेखिएको वा घटना भएको स्थानका आधारमा जिल्लागत वर्गिकरण गर्दा नमुनामा परेका ८५ वटा समाचारमध्ये सबैभन्दा बढि काठमाडौं र बाँकेवाट समाचार संप्रेशण गरिएको अर्थात डेटलाईन भएका समाचार भेटिएका थिए । यी दुई स्थानवाट ९/९ वटा समाचार मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी सम्प्रेशण भएका थिए । यसै गरी झापा र कपिलवस्तुवाट ६/६ वटा, नुवाकोट र मकवानपुरवाट ५/५ वटा, पर्सा र भारतवाट ४, काकडभिट्टा र भैरहवावाट ३/३ वटा, कास्की, विराटनगर, सिन्धुपाल्चोक, वैतडी, काभ्रेवाट २/२ वटा समाचार यस सूचक अन्तर्गत परेका थिए । कञ्चनपुर, संखुवासभा, डोटी, भरतपुर, पोखरा, धनगढी, सुनसरी, गोर्खा, तनहुँ, कैलाली, सुर्खेत, कोहलपुर, राजविराज, सर्लाही, बारा, रौतहट, पाल्पा, बर्दिया, गुल्मी, भक्तपुरवाट भने एक/एकवटा समाचार संप्रेषण भएका थिए । यसै गरी नेपालभन्दा बाहिर भारत वाट ४ र चीनवाट एउटा समाचार संप्रेषण भएको पाइयो ।





## पीडित/प्रभावितको स्थायी बसोवासका आधारमा, २०७० (Districts of Victims Origin, 2070)

समाचारको डेटलाईन अर्थात समाचार संप्रेषण गरिएको स्थान जहाँ हुन्छ त्यो घटनामा परेको पीडित प्रभावित व्यक्ति त्यहिँको नहुन सक्छ । उसलाई ललाईफकाई गरेर उसको घर ठेगानावाट अर्को स्थानमा पुऱ्याइएको हुन्छ । यसकारण यो अध्ययनका क्रममा पीडित प्रभावित कुन स्थानका बढि रहेछन् भन्ने जान्न जिल्लागत रुपमा उनीहरुको स्थायी ठेगाना पनि विश्लेषण गरिएको थियो । यस अन्तर्गत विश्लेषण गरिएका १ सय २६ वटा समाचारमा ४४ वटा जिल्लाका व्यक्ति मानव बेचबिखन तथा ओसारपसारमा परेका पाइए । यी मध्ये सबैभन्दा बढि १५ जना मकवानपुर जिल्लाका थिए भने १३/१३ जना नुवाकोट र सिन्धुपाल्चोकका थिए । झापा, धादिङ, नवलपरासी, रौतहटका ६/६ जना, बैतडीका ५ जना, काभ्रेका ४ जना तथा रामेछाप, पाल्पा, तनहुँ, मोरङका ३/३ जना थिए । कास्की, लमजुङ, दोलखा, स्याँङजा, संखुवासभा, सुनसरी, बारा, रसुवा, रुपन्देहीका २/२ जना थिए भने सल्यान, दाङ, डोल्पा, गोर्खा, पर्सा, सर्लाही, सप्तरी, कञ्चनपुर, कपिलवस्तु, कैलाली, उदयपुर, सोलुखुम्बु, गुल्मी, दैलेख, कालिकोट, डोटी, काठमाडौ, सुर्खेत, भैरहवा, ताप्लेजुङ, चितवनका १/१ जना रहेको समाचारमा उल्लेख थियो । यसै गरी भारत स्थायी ठेगाना भएका एकजना थिए ।

| क्रं.सं. | पीडितहरुको स्थायी जिल्ला | जम्मा |
|---|---|---|
| १. | मकवानपुर | १५ |
| २. | सिन्धुपाल्चोक | १३ |
| ३. | नुवाकोट | १३ |
| ४. | रौतहट | ६ |
| ५. | नवलपरासी | ६ |
| ६. | धादिङ | ६ |
| ७. | झापा | ६ |
| ८. | बैतडी | ५ |
| ९. | काभ्रे | ४ |
| १०. | रामेछाप | ३ |
| ११. | मोरङ्ग | ३ |
| १२. | तनहुँ | ३ |
| १३. | पाल्पा | ३ |
| १४. | रुपन्देही | २ |
| १५. | कास्की | २ |
| १६. | लमजुङ्ग | २ |
| १७. | दोलखा | २ |
| १८. | स्याङ्जा | २ |
| १९. | संखुवासभा | २ |
| २०. | सुनसरी | २ |
| २१. | बारा | २ |
| २२. | रसुवा | २ |
| २३. | सप्तरी | १ |
| २४. | चितवन | १ |
| २५. | सल्यान | १ |
| २६. | दाङ | १ |
| २७. | कैलाली | १ |
| २८. | उदयपुर | १ |
| २९. | सोलुखुम्बु | १ |
| ३०. | कन्चनपुर | १ |
| ३१. | कपिलवस्तु | १ |
| ३२. | गुल्मी | १ |
| ३३. | डोल्पा | १ |
| ३४. | गोरखा | १ |
| ३५. | पर्सा | १ |
| ३६. | सर्लाही | १ |
| ३७. | दैलेख | १ |
| ३८. | कालिकोट | १ |
| ३९. | डोटी | १ |
| ४०. | भारत | १ |
| ४१. | काठमाडौं | १ |
| ४२. | भैरहवा | १ |
| ४३. | ताप्लेजुङ्ग | १ |
| ४४. | सुर्खेत | १ |


### मानव बेचबिखनका प्रकार, २०७० (Types of Trafficking, 2070)

२०७० सालमा पनि तथ्यांक विश्लेषण गर्दा मानव बेचबिखन तथा ओसारपसारका घटनामा पीडित प्रभावित धेरैजसोलाई सिमापार गरेर विदेश पुऱ्याएको पाइयो । बेचबिखन कस्ता कस्ता प्रकारका हुन्छन् भनेर मानव बेचबिखनका प्रकारहरु सूचक अन्तर्गत नमुनाका रुपमा लिइएका पत्रपत्रिकाका समाचारहरुलाई विश्लेषण गरिएको थियो । यो सूचक अन्तर्गत १ सय ४ वटा समाचारलाई विश्लेषण गरिएकोमा सिमापार बेचबिखन तथा ओसारपसार सबैभन्दा बढि ७५ वटा थिए । यसै गरी देशभित्रै अर्थात आन्तरिक बेचबिखन तथा ओसारपसार ७ वटा थिए । यो सूचकमा वैदेशिक रोजगारीका नाममा कति मानिस बेचबिखन तथा ओसारपसारको शिकार हुन्छन् भनेर जान्ने प्रयास पनि गरिएको थियो । वैदेशिक रोजगारीका नाममा ललाईफकाई गरेर बेचबिखन तथा ओसारपसार गरिएका १९ वटा घटनाका समाचार यो वर्ष प्रकाशित भएका थिए । ३ वटा समाचार भने मानव अंग बेचबिखन तथा प्रत्यारोपणका लागि लगिएका सम्बन्धी समाचार थिए ।





**बेचबिखन/कर्ता/दलाल/पीडकको प्रकार, २०७० (Types of Trafficker, 2070)**

यसै गरी प्रकाशित समाचार तथा समाचारमूलक सामाग्रीहरुलाई ललाईफकाई गर्ने दलालहरु कस्ता कस्ता हुँदा रहेछन्, मानव बेचबिखन तथा ओसारपसारमा संलग्न व्यक्तिहरुको पहिचानका लागि समेत समाचारमा उल्लेखित दलालहरुलाई पनि सूचक मानि बेचबिखन/कर्ता/दलाल/पीडकको प्रकार अन्तर्गत विश्लेषण गरिएको थियो । २०७० सालमा १ सय १ वटा समाचार तथा समाचारमूलक सामाग्रीलाई यो सूचक अन्तर्गत विश्लेषण गरिएको थियो । जसमा यसपाली पनि सबैभन्दा बढि ६३ वटा समाचारमा मानव बेचबिखन तथा ओसारपसारमा लैजाने दलाल एजेन्ट, वैदेशिक रोजगार व्यवसायी तथा परामर्शदाता नै थिए । ४ वटा समाचारमा पीडित प्रभावितको बुबाले नै लगेर बेचबिखन तथा ओसारपसार गरेका थिए भने ९ वटा घटनामा श्रीमान्ले लगेको समाचारमा उल्लेख छ । २ वटा घटनामा काका/काकी संलग्न थिए भने ९ वटा घटनामा छिमेकी संलग्न थिए । प्रकाशित समाचार अनुसार ३ वटा घटनामा प्रेमीले ओसारपसार तथा बेचबिखन गरेका थिए भने एउटामा साथीले लगेका थिए । यसै गरी ५ वटा घटनामा अन्य नातेदारले लगेका थिए भने एउटामा शिक्षक, एउटामा गुम्बाका लामा तथा एउटामा रोजगारदाता संलग्न थिए । दुईवटा घटनामा भने पीडित प्रभावितले पहिला नचिनेका व्यक्ति मानव बेचबिखन तथा ओसारपसारमा संलग्न थिए ।




## मानव बेचबिखनका कारणहरु, २०७० (Causes of Trafficking, 2070)

मानव बेचबिखन तथा ओसारपसार के उद्देश्यका लागि गरिन्छ भन्ने सूचक अन्तर्गत विश्लेषण गर्दा २०७० सालमा प्रकाशित समाचार मध्ये नमुनाका रुपमा लिइएका ७ वटा दैनिक पत्रिकाका १ सय ५ वटा समाचारमा ३० वटामा गरिबीका कारण दलालको ललाईफकाईमा परेको र घर छाड्न बाध्य भएकाले बेचबिखन तथा ओसारपसारमा परेको उल्लेख छ। यसै गरी १३ वटामा पारिवारिक कलहका कारण लेखिएको छ भने १५ वटामा कारण नै खुलेको छैन । ३ वटा घटनामा भने परिवारमा हुने हिंसा अर्थात घरेलु हिंसालाई कारणका रुपमा खुलाइएको छ। बाँकी ४४ वटा घटनामा भने बेरोजगारी, धेरै पैसा कमाउन तथा सुखी संमृद्ध जीवन बिताउनका लागि चाहना राख्दा दलालको ललाईफकाईमा परेर बेचबिन तथा ओसारपसारमा परेको उल्लेख छ।




## मानव बेचबिखनको उद्देश्य, २०७० (Objective of Trafficking, 2070)


मानव बेचबिखन तथा ओसारपसारका विविध कारण हुन सक्छन्। दलालहरुले पैसाकै लागि यो अपराध गरिरहेका हुन्छन् तर पैसाकै लागि मानिस किनबेच भएपनि किन्ने मानिसले ऊ वाट के कस्तो फाइदा लिने उद्देश्य राखेको हुन्छ भन्ने विषय महत्वपूर्ण हुने भएकाले अध्ययनका क्रममा प्रकाशित समाचारहरुवाट मानव बेचबिखन तथा ओसारपसारका उद्देश्य के के हुन सक्छन् भनेर पहिल्याउने कोसिश गरिएको थियो । २०७० सालमा प्रकाशित समाचार मध्ये यो सूचकमा नमुनाकारुपमा १ सय ५ वटा समाचार परेका थिए। यी मध्ये ७५ वटा समाचारमा यौन शोषणका लागि बेचबिखन तथा ओसारपसार गरेको उल्लेख थियो । श्रम शोषणका लागि लगिएको भन्ने २० वटा समाचारमा उल्लेख थियो । मानव अंग बेचबिखन तथा ओसारपसारका ३ वटा घटनामा ललाईफकाई लगिएको उल्लेख छ भने ३ वटा घटनामा मानव अंग वेचबिखनका लागि गरेको पाइयो । यसपाली गोरखापत्रमा छापिएको एउटा घटनामा त सुत्केरी आमालाई बच्चालाई दुध खुवाउनका लागि बेचबिखन तथा ओसारपसार गरिएको उल्लेख थियो। यसै गरी गुम्बामा राखेर लामा विद्या पढाउने भन्दै बेचबिखन तथा ओसारपसार गरिएको दुईवटा समाचारमा उल्लेख थियो।



## गोपनीयता/आचारसंहिताको पालना, २०७०

## (Following of Code of Conduct – Confidentiality, 2070)


सञ्चार माध्यमले पत्रकार आचारसंहिता कत्तिको पालना गरेका थिए, पीडित प्रभावितको गोपनीयताको अधिकारलाई समाचार तथा समाचारमूलक सामाग्री प्रकाशनका क्रममा पालना गरे कि गरेनन भनेर २०७० सालमा छापिएका मध्ये १ सय ५ वटा समाचारलाई विश्लेषण गर्दा धेरैजसो समाचारमा आचारसंहिता उल्लंघन भएको पाइएको छ । प्रकाशित समाचार तथा समाचारमूलक सामाग्री मध्ये २२ वटा समाचारमा पीडित प्रभावितको सक्कली नाम सार्वजनिक गरिएको थियो भने ४७ वटामा अन्य सहयोगी परिचय जस्तै घर गाउँ ठेगाना, बुबाको नाम आदि उल्लेख गरिएको थियो । १४ वटा समाचारमा नाम परिवर्तन गरेर प्रकाशित गरिएको थियो तर ६ वटा समाचारमा भने पीडित प्रभावितको फोटो नै छापिएको थियो । यसरी नमुनाकारुपमा लिइएका धेरै समाचारमा पत्रकार आचारसंहिता उल्लंघन भए भने केहिमा पूर्णपालना भएको पनि पाइयो । आचारसंहिता पूर्णपालना गर्दै पीडित प्रभावितको सम्पूर्ण परिचय गोप्य राखिएका समाचार भने १६ वटा थियो ।




## समाचार प्रकाशन - पत्रपत्रिकाको संख्या, २०७०


## (Coverage of News – No. of Newspaper, 2070)

२०७० सालमा पनि धेरैजसो समाचार एउटा मात्र पत्रिकामा छापिएका थिए । केहि समाचार दुई वा दुईभन्दा बढि पत्रपत्रिकामा पनि छापिएको नमुनाकारुपमा लिइएको तथ्यांकमा भेटिएको थियो । यो सूचक अन्तर्गत विश्लेषण गरिएको १ सय २५ वटा समाचारमध्ये ८४ वटा समाचार एउटा मात्र पत्रिकामा छापिएको थियो । २३ वटा समाचार दुईवटा पत्रिकामा छापिएको थियो भने १६ वटा समाचार दुईभन्दा बढि पत्रिकामा छापिएको थियो । दुईवटा समाचार भने नमुनाकारुपमा लिइएका सबै दैनिक पत्रिकामा प्रकाशित भएका थिए ।




## समाचारको प्रकार, २०७० (Types of News, 2070)

समाचरको प्रकृतिका आधारमा हार्डन्युज, सफ्टन्युज कुन रुपमा समाचार छापिएको थियो भनेर विश्लेषण गर्दा वर्ष २०७० मा १ सय ७५ वटा समाचारमध्ये ८१ वटा समाचार हार्डन्युजका रुपमा प्रकाशित भएको थिए । ८० वटा समाचार सफ्टन्युजकारुपमा छापिएको थिए भने ६ वटा चाहि अध्ययन प्रतिवेदन रिर्पोटकारुपमा छापिएको थिए । मानव बेचबिखन तथा ओसारपसारका विषयसँग सम्बन्धित सम्पादीकय ४ वटा थिए भने विचार वा दृष्टिकोणका रुपमा पनि ४ वटा समाचार वा समाचारमूलक सामाग्री छापिएका थिए ।




## समाचारको प्राथमिकता, २०७० (Priority of News – 2070)

समाचारका प्राथमिकतालाई विश्लेषण गर्दा २०७० सालमा १ सय ७५वटा समाचारमध्ये ९ वटा समाचार प्रथम पृष्ठमा छापिएका थिए भने १ सय ५९ समाचार अन्य पृष्ठमा छापिएका थिए । सम्पादकीय वा दृष्टिकोण पृष्ठमा भने ७ वटा समाचारमूलक सामाग्री लेख, विचारका रुपमा प्रकाशित थिए ।




## असुरक्षित स्थानागमन सम्बन्धि समाचार, २०७०

## (News of Unsafe Migration or Foreign Employment, 2070)

२०७० सालमा असुरक्षित स्थानागमन तथा वैदेशिक रोजगारी विषयमा पनि निकै समाचार प्रकाशित भएका थिए । यो वर्ष नमुनाका रुपमा लिइएका पत्रपत्रिकामा यस सम्बन्धी ५१ वटा समाचार प्रकाशित भएको पाइयो । जसमा वैदेशिक रोजगारीका क्रममा विदेश पुगेर अलपत्र परेको, नेपाली महिलालाई विदेशमा रोजगारीका क्रममा बन्धक बनाएर राखिएको, वैदेशिक रोजागारीका नाममा लगेर बेचबिखन गरेको, अलपत्र परेका महिला कामदारहरुले

स्थानीय नेपाली दुतावासमा शरण लिएर बसेको, गैरकानुनी रुपमा प्रवेश गर्न खोज्दा विदेशी सिमामा पक्राउ परेर जेलमा रहेका तथा अलपत्र परेका जस्ता समाचार यसपाली पनि छापिएका थिए । यसै गरी वैदेशिक रोजगारीका सिलसिलामा विदेशमा पुगेर अलपत्र परेका नेपालीको उद्धार गरिएको समाचार पनि यसपाली छापिएको थियो । कतिपय अवस्थामा नेपाल सरकारले निषेधित गरेको देशमा कामका लागि थाहा पाएर वा नपाइकन लहैलहैमा पुगेको समाचार पनि प्रकाशित भएका थिए । गैरकानुनी कागजपत्र वा संस्था मार्फत विदेश पुगेर अलपत्र परेका, विदेशमा रोजगारीका सिलसिलामा तलव नपाएका, घर फर्कन नपाउदा मानसिक तनावमा रहेका, रोजगारदाताले शारिरीक ,मानसिक यातना दिएका लगायतका समाचार पनि यसपाली प्रकाशित भएका थिए ।

## निष्कर्ष (Finding)

२०७० सालमा पनि मानव बेचबिखनका सम्बन्धमा महिला पुरुष दुवै बेचबिखनमा परेको, मानव अंग बेचबिखन गरिएको, बेचबिखनमा परेकाहरुको उद्धार गरिएको अपराधीले सजाय पाएको समाचारहरु प्रकाशनमा आए तर आजसम्म अपराधीले सजाय पाए पछि पनि के पीडितले न्याय पाएको महसुस गर्छ वा उसले न्याय पाउने अवस्था कहिले आउँछ ? यस विषयमा धेरै छलफल र बहस हुन सकिरहेको छैन । यसका अलावा २०७० सालको धेरै समाचार वैदेशिक रोजगारी र यससँग जोडिएको मानव तस्करीका विषयमा छापिएका थिए ।

राजधानी दैनिकमा छापिएको, “बाह्र वर्ष कोठीको कमाई सात सय” शीर्षकको समाचारमा, “दलाल मार्फत कोठीमा पुग्दा इज्जतको विस्तरा लगाउन नमान्दा यातना र नशालु सुई लगाएर धन्दामा लगाउने कोठी सञ्चालकले रोगी र उमेर ढल्केका नेपाली चेलीलाई गलहत्याएर निकाल्ने” गरेको उल्लेख छ । यो विषय एकदमै गहन छ । पहिला जबरजस्ती वा फकृयाएर लगिन्छ, बेचिन्छ अनि त्यहाँवाट भाग्न खोज्दा पनि फेरी जबरजस्ती समातेर ल्याइन्छ र नारकीय जीवन व्यतित गर्न लगाइन्छ । पछि वृद्ध भएपछि वा रोग लागेपछि जबरजस्ती घोक्राएर निकालिन्छ र त्यति बेला उसँग उसले जीवनभरी शरिर बेचेर कमाएको पैसा समेत हुदैन ।

“कामदारको व्यवसायिक विकासमा सरकार उदासिन” राजधानी दैनिकमा प्रकाशित यो समाचार निकै महत्वपूर्ण छ । वैदेशिक रोजगारीमा गएका व्यक्तिको कल्याणकालागि भनेर कल्याणकारी कोष खडा गरेको छ तर त्यो रकम त्यतिकै थन्किएर रहेको समाचार “कल्याणकारी कोषमा डेढ अर्ब रकम थन्कियो” शीर्षकमा उल्लेख छ तर एउटा तथ्यांक यो समाचारमा उल्लेख छ, यस्तो कल्याणकारी कोषको रकम “विदेशमा मृत्यु हुने कामदारका हकवालालाई सहायता बाँड्न, सरकारी कर्मचारीको भ्रमण र बोर्डको कार्यालय सञ्चालनमा मात्र कल्याणकारी कोषको रकम खर्च हुँदै” भन्ने आएको छ । समाचारमा उठाइएको जस्तो वैदेशिक रोजगारमा जाने कामदारको व्यवसायिक विकासमा यो पैसा खर्च हुन सकेको छैन, जुन आवश्यक छ ।

कान्तिपुरमा प्रकाशित “दलालले चेली फर्काउन पनि थाले” शीर्षकको समाचारमा, “प्रहरीले दलाललाई पक्राउ गरी मानव बेचबिखन विरुद्ध मुद्दा चलाउन थालेपछि उनीहरु आफैले बेचेका चेलीहरु कोठीबाट गाउँ फिर्ता ल्याउने गरेका छन् ।” यो समाचार सकारात्मक पनि छ र यदि प्रहरी, प्रशासन एवं राज्यले चाहेमा कानुनी कारवाहीले दण्डसजाय मात्र होइन अन्य सकारात्मक कदम पनि अपराधीले उठाउन सक्छन् ।

मृगौला तस्करीको समाचारको क्रम २०७० सालमा पनि जारी रह्यो । “मिर्गौला तस्करीको च्यातियो जालो, सयभन्दा बढिको मिर्गौला बेचेका सबै दशजना मृगौला तस्कर पक्राउ”, “मिर्गौला तस्करीमा संलग्न नौजना पक्राउ काभ्रेका तीन सय बढीले मृगौला बेचे”, “मृगौला बेच्ने जालोमा परिवारै”, “मिर्गौला तस्करविरुद्ध मुद्दा” “२० वर्षदेखि मिर्गौला बेचबिखन काभ्रेका गा.वि.स.मा मिर्गौला बेच्नेको संख्या ९७” यसका उदाहरण हुन् । मानव अंग बेचबिखनको जालो कसरी फैलिएको छ र अदालत र प्रहरीको सक्रियताले यसमा परिणाम ल्याउन सक्दो रहेछ भन्ने यो उदाहरण हो । अहिले यसको संख्यामा कमी आएको पनि पछिल्ला दिनमा समाचारमा कमी आएवाटै थाहा हुन्छ तर यसमा शर्तकता भने आवश्यक छ ।

मानव बेचबिखनमा अदालतले अपराधीलाई सजाय दिने क्रम २०७० सालमा पनि देखियो । "पत्नी बेच्नेलाई २० वर्ष कैद" "विधवा बेच्नेलाई २० वर्ष कैद फैसला" "मानव बेचबिखन तथा ओसार पसारमा संलग्न म्यानपावर सञ्चालक पक्राउ", "मान्छे बेच्नेलाई सोह्र वर्ष कैद सजाय" "पति र प्रेमीसहित ६ पक्राउ" "चेलीबेटी बेचबिखनमा संलग्न ३ अभियुक्त पक्राउ", "चेलीबेटी बेचबिखनका नाइकेलाई ५२ वर्ष कैद" "आमा सहित दुई छोरी बेचेको अभियोगमा ३० वर्ष कैद" तथा "छोरी बेच्ने बुबालाई १५ वर्ष जेल" जस्ता शीर्षकहरु यसका केहि उदाहरण हुन् ।

तर यसपाली केहि यस्ता समाचार पनि थिए जसले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा समस्या पारिरहेको थियो । यी समाचारहरुले आगामी दिनमा यस विरुद्ध लड्नकालागि चुनौती पहिचान गर्न मद्दत गरिरहेको छ । "पीडितले बयान फेर्दा अभियुक्तलाई उन्मुक्ति" शीर्षकको समाचारमा मानव बेचबिखन तथा ओसारपसार मुद्दाका वादीले अदालतमा बयान फेर्दा अभियुक्तले उन्मुक्ति पाएको उल्लेख छ । "कानुन बाहिर बेचबिखनका दलालहरु" र "बर्सेनि १२ हजार महिला बेचबिखनको जोखिममा" जस्ता समाचारले यहि ईङ्गित गर्दछ । यसपाली बेपत्ताका समाचार पनि उत्तिकै प्रकाशित भएका थिए । नेपालगञ्जमा परेको उजुरीका आधारमा त्यहिँको डेटलाइनमा लेखिएको "एक वर्षमा ४ सय ८७ चेली हराए" र "बेपत्ता महिला संख्या बढ्दो" शीर्षकको समाचारलाई पनि चुनौतीका रुपमा लिन सकिन्छ । "मानव बेचबिखन नियन्त्रण कठिन" शीर्षकमा लेखिएको समाचारमा उल्लेख भएको विषय पनि महत्वपूर्ण छ । जसमा उल्लेख छ, "मानव बेचबिखनबाट पहिले निश्चित जिल्ला, जाति, समुदायका महिला वा बालिका प्रभावित थिए, अहिले त त्यो क्षेत्र फराकिलो बन्दै गएको छ, जसले गर्दा नियन्त्रण गर्न झनै चुनौती थपिँदै गएको छ ।" "सूचनाको अभावमा मानव बेचबिखन" शीर्षकको अर्को समाचार छ । जसमा सूचनाको अभावमा मानव बेचबिखन कार्य न्युनीकरण हुन नसकेको बताइएको छ । मानव बेचबिखन तथा ओसारपसारमा चुनौती देखाउने अन्य केहि थप समाचार यस्ता थिए । "अब फेसबुक पनि महिला बेचबिखनको माध्यम", "अफ्रिकामा मुजुरा नाच्दै नेपाली चेली", "मसाजभित्रका अन्तरकथा", "खाडीका डान्सबारमा नेपाली युवती बेच्ने गिरोह समातियो", "कलाकार भन्दै युवती बेच्ने गिरोह पक्राउ", "सिरहामा मानव तस्कर सक्रिय", "विदेशवाट फर्किएकी महिला घरबाट बहिष्कृत", "मानव बेचबिखनको शैलीमा परिवर्तन आउँदा नियन्त्रण गाह्रो" यस्ता केहि समाचार हुन जसले यसभित्रको चुनौतीलाई दर्शाउँछ । यस्तै "मानव बेचबिखन विरुद्धको कानुन कार्यान्वयन फितलो" "फेरिँदै मानव बेचबिखनको तरिका" शीर्षकमा बेचबिखनको नाका फेरिएको, मोबाईल तथा फेसबुक ललाईफकाई गर्ने माध्यम बनेको जस्ता विषय उल्लेख छन् ।

मानव बेचबिखनको आयाम बभ्रुन निकै मद्दत गर्ने भारतको एउटा समाचार पनि यसवर्ष प्रकाशमा आएको थियो । समाचारको शीर्षक थियो, "नाति बेच्ने हजुरबुवासहित ३ पक्राउ" । समाचार अनुसार, भारतमा एक ४७ वर्षीय हजुरबुवाले अस्पतालको शैय्यावाटै नवजात शिशु नातिलाई ४५ हजार भारतीय रुपैंयाँमा बेचिदिएका थिए । यसै गरी "बालबालिका बेच्ने चिनियाँ चिकित्सकलाई मृत्युदण्ड" दिइएको समाचार पनि आएको थियो ।

नेपाल साप्ताहिकमा प्रकाशित दुई समाचारले थप अध्ययनको माग गर्दथ्यो । सञ्चार माध्यममा प्रकाशित हरेक समाचारले घटना बयान गर्ने वा पूर्ण जानकारी दिने मात्र गर्दैन । यसले समाजमा जरा गाडेर बसेका सामाजिक मुद्दामा थप अध्ययन अनुसन्धानको बाटो पनि खोल्दछ । "राजमार्ग यौनमार्ग, मुलुकका प्रमुख स्थलमार्ग यौन कारोबारको थलो" तथा "रेमिट्यान्सको राँको", "वैदेशिक रोजगारीका पारिवारिक विचलन" यस्तै खालका समाचार थिए ।


केहि सकारात्मक समाचार पनि थिए २०७० सालमा । "सौतेनी आमावाट बेचिएकीको उद्धार", "शक्ति समूहलाई रामन म्यागासेसे", "शक्ति स्वरुपमा चरीमाया", "भारतबाट दुई नेपाली किशोरको उद्धार", "बेचिन लागेका चार युवतीको उद्धार", "मानव तस्करीमा संलग्न भएको अभियोगमा तीन पक्राउ", "बेचिन लागेका ८२ किशोरीको उद्धार" यसका उदाहरण हुन् ।

# वर्ष २०७१

२०७१ सालमा मिडिया अध्ययनका लागि नमुनाका रुपमा पाँचवटा नेपाली भाषाका दैनिक पत्रपत्रिकालाई लिइएका थिए । यी पाँचवटै दैनिक पत्रिकामा मानव बेचबिखन तथा ओसारपसार र यससँग सम्बन्धीत समाचार तथा समाचारमूलक समाग्रीहरु प्रशस्त प्रकाशन भएका थिए तर यो वर्ष पनि टिप्पणी के रह्यो भने जुन मात्रमा घटनाहरु भईरहेका छन् त्यो मात्रामा रिर्पोटिङ हुन सकेको छैन । यसका वावजुद पनि जति मात्रामा समाचार तथा समाचारमूलक सामाग्रीहरु प्रकाशन भएका छन् त्यसले अध्ययनका विविध सूचकहरुमा विश्लेषणात्मक तथ्यांकहरु प्रस्तुत गरेका छन् ।


## समाचारको श्रोत, २०७१ (Source of News, 2071)

२०७१ साल भरिमा २ सय ५६ वटा मानव बेचबिखन तथा ओसारपसार र यससँग सम्बन्धित समाचार तथा समाचारमूलक सामाग्रीहरु प्रकाशित भएका थिए । यी मध्ये सबैभन्दा बढि ८६ वटा समाचार कान्तिपुर दैनिकामा प्रकाशित भएका थिए भने ५२ वटा नेपाल समाचारपत्र दैनिकमा प्रकाशित भएका थिए । यसै गरी नागरिक दैनिकमा यो वर्ष ४० वटा समाचार प्रकाशन भएको थियो । राजधानी दैनिक र गोरखापत्रमा भने समान ३९/३९ वटा समाचार तथा समाचारमूलक सामाग्री प्रकाशित भएका थिए ।





## रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या, २०७१ (Number of News – Prevention, Protection & Prosecution, 2071)

मानव बेचबखिन तथा ओसारपसारको नियन्त्रणका लागि एकांकी ढंगले सोच्नुभन्दा यसलाई घटनाको शुरुवातवाट न्याय पाउने अवस्था एवं क्षतिपूर्ति तथा परिपूरणको अवस्थासम्मका चरणहरुको आयामका बारेमा सोच्नुपर्दछ । यसैका लागि 3P अर्थात Prevention, Protection र Prosecution को सिद्धान्तलाई अगाडी बढाईएको हो । वर्ष २०७१ मा २ सय २० वटा समाचार एवं समाचारमूलक सामाग्रीहरुमा 3P मध्ये Prevention का विषयसँग सम्बन्धीत समाचार ८६ वटा प्रकाशित भएका थिए । यसै गरी Protection सँग सम्बन्धीत समाचार ८२ वटा प्रकाशित भएका थिए भने Prosecution सँग सम्बन्धीत ५२ वटा समाचार प्रकाशन भएका थिए ।





## समाचारको संख्या - जातीयताको आधारमा, २०७१ (Number of News – Ethnicity, 2071)

२०७१ सालमा प्रकाशित मानव बेचबिखन तथा ओसारपसार सँग सम्बन्धीत घटना मध्ये जातिगत समुदायका आधारमा विश्लेषण गर्दा यो वर्ष पनि जनजाति तथा दलित समुदायका व्यक्तिहरु नै बढि परेको पाइयो तर यो वर्ष ब्राम्हण/क्षेत्री समुदायको संख्या पनि उल्लेख्य थियो । रिर्पोटिङ भएका ४० वटा घटनामा ब्राम्हण/क्षेत्री समुदायका व्यक्ति थिए । दलित समुदायका ३४ जना परेको समाचार यो वर्ष आयो भने तामाङ समुदायका १५ जना तथा गुरुङ समुदायका ७ जना । यसैगरी शेर्पा, मगर, राई, नेवार र थारु समुदायका गरेर १५ जना परेका थिए । मधेशी समुदायका भने ५ जना थिए ।





## समाचारको संख्या - लिङ्गको आधारमा, २०७१ (Number of News – Sex, 2071)

लिङ्गका आधारमा समाचारको विश्लेषण गर्दा वर्ष २०७१ मा पनि महिलाको संख्या नै उल्लेख्य रह्यो । यो सूचक अन्तर्गत विश्लेषण गरिएका १ सय ८० वटा समाचारमा १ सय ४० वटा घटनामा मानव बेचबिखन तथा ओसारपसारमा महिला परेका थिए भने ४० वटा समाचारमा पुरुष परेका थिए ।





## समाचारको संख्या - उमेरका आधारमा, २०७१ (Number of News – Age, 2071)

मानव बेचबिखन तथा ओसारपसारको घटनामा उमेरजन्य विश्लेषणको सूचकले निकै महत्वपूर्ण तथ्यांक दिने गरेको छ। हरेक वर्ष मानव बेचबिखन तथा ओसारपसारका घटनामा किशोर किशोरीहरु नै बढि पर्ने गरेका छन्। यसको मुख्य कारण उमेरजन्य स्वभाव, चञ्चलता भन्ने तर्क पनि गर्ने गरिन्छ तर यस विषयमा विस्तृत अध्ययन भने हुन सकेको छैन। २०७१ सालमा प्रकाशित समाचार तथा समाचारमूलक सामाग्रीमध्ये सबैभन्दा धेरै १२ वर्ष भन्दा माथि १६ वर्ष भन्दा कम उमेर समूहका थिए। यो समूहका ५० जना परेको नमुना तथ्यांकले देखाउँछ। यसै गरी कम उमेरका बालबालिकाको संख्या पनि उल्लेख्य छ। १२ वर्ष भन्दा कम उमेर समूहका २१ जना यो वर्ष बेचबिखन तथा ओसारपसारमा परे। १६ वर्ष भन्दा माथि १८ वर्षभन्दा कम उमेरका भने यो वर्ष तुलनात्मक रुपमा कम थिए। यो वर्ष यो उमेर समूहका ७ जना मात्र यसको जोखिममा परेका थिए तर २३ देखि २९ वर्ष उमेर समूहका व्यक्ति भने उल्लेख्य थिए। यो उमेर समूहका ३७ जना परेका थिए। यसै गरी १९ देखि २२ वर्ष उमेर समूहका १४ जना थिए। ३० वर्ष भन्दा माथिका यो वर्ष ११ जना मानव बेचबिखन तथा ओसारपसारको मारमा परेका थिए।



## समाचारको डेटलाईन, २०७१ (District/Place of News – Dateline, 2071)

समाचार रिर्पोटिङ भएको स्थानका आधारमा विश्लेषण गर्दा यो वर्ष पनि भारतीय नाकासँग जोडिएका सिमाहरुवाट नै धेरैजसो मानव बेचबिखन तथा ओसारपसारका घटनाहरु बाहिर आएका छन् । २०७१ सालमा रिर्पोटिङ भएका १ सय ७९ वटा समाचार तथा समाचारमूलक सामाग्रीहरु मध्ये १६ वटा समाचार काठमाडौं डेटलाईनमा तयार भएका थिए । यसै गरी रुपन्देहीवाट १४ वटा, बाँकेवाट १३ वटा तथा मकवानपुर र झापावाट १२/१२ वटा समाचार संप्रेषण भएका थिए । कपिलवस्तु, कैलाली र सिन्धुपाल्चोकवाट समान ११/११ वटा समाचार संप्रेषण भएको तथ्यांकले देखाउँछ । रौतहटवाट १० वटा, बर्दियावाट ९ वटा तथा कञ्चनपुर र बारावाट समान ८/८ वटा समाचार लेखिएका थिए । यसै गरी पर्सावाट ४ वटा समाचार लेखिएका थिए भने सर्लाही, नुवाकोट, कास्की र भैरहवाको डेटलाइनमा ३/३ वटा समाचार लेखिएका थिए । सिरहा, धादिङ, मोरङ, भक्तपुर, धनगढी, नवलपरासी, रुकुम र ईलामवाट २/२ वटा समाचार आएका थिए यो वर्ष । प्युठान, सिन्धुली, राजविराज, महोत्तरी, ओखलढुंगा, उदयपुर, काकडभिट्टा लमजङ्, दोलखा, पर्वत, ललितपुर र दाङवाट एउटा एउटा घटना रिर्पोटिङ भएको समाचार आएको थियो ।




## पीडित/प्रभावितको स्थायी ठेगाना, २०७१ (Districts of Victims Origin, 2071)


मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित प्रभावितको स्थायी ठेगानाका आधारमा तथ्यांक विश्लेषण गर्दा केहि सिमित जिल्लामा रहेको यो समस्या दिन प्रति दिन देशभर फैलँदै गएको देखिन्छ । वर्ष २०७१ मा रिर्पोटिङ भएका २ सय १७ वटा समाचार तथा समाचारमूलक सामाग्रीमा ५८ जिल्लाका व्यक्ति पीडित प्रभावित भएका थिए । यी मध्ये यो वर्ष सबैभन्दा धेरै १७ जना सिन्धुपाल्चोकका परेका थिए । यसै गरी मकवानपुरका १४ जना, रौतहटका १३ जना, नुवाकोटका ११ जना र काठमाडौंका १० जना परेका थिए । कञ्चनपुरवाट ९ जना बेचबिखन तथा ओसारपसारमा परे भने चितवनवाट ८ जना परेका थिए । महोत्तरी र मोरङवाट ७/७ जना तथा रुपन्देही र कैलालीवाट ६/६ जना परेको समाचारमा उल्लेख थियो । यसै गरी काभ्रे, सर्लाही, बारा र उदयपुरवाट ५/५ जना तथा धादिङ, धनकुटा, रसुवा, दाङ, नवलपरासी, कपिलवस्तु र स्याङजावाट ४/४ जना परेका थिए । बाग्लुङ, पाल्पा, कास्की र झापावाट ३/३ जना मानव बेचबिखन तथा ओसारपसारमा परेका थिए । यसै गरी

सिन्धुली, बाँके, ओखलढुंगा, गोरखा, सिरहा, ईलाम, सल्यान, प्युठान, विरगंज, राजविराज, लमुजुङ, संखुवासभा, भक्तपुर, रुकुम, जाजरकोट र बैतडीवाट २/२ जना थिए । खोटाङ, भोजपुर, सुनसरी, पाँचथर, दमौली, भरतपुर, गुल्मी, दोलखा, धनुषा, रोल्पा, म्याग्दी, डोटी, गुल्मी, रामेछाप, सिन्धुली, तनहुँ र ललितपुरवाट भने १/१ जना यो घटनामा परेका थिए ।

| **क्र.स** | **पीडितहरुको स्थायी जिल्ला** | **जम्मा** |
|---|---|---|
| १. | सिन्धुपाल्चोक | १७ |
| २. | मकवानपुर | १४ |
| ३. | रौतहट | १३ |
| ४. | नुवाकोट | ११ |
| ५. | काठमाडौं | १० |
| ६. | कञ्चनपुर | ९ |
| ७. | चितवन | ८ |
| ८. | मोरङ्ग | ७ |
| ९. | महोत्तरी | ७ |
| १०. | रुपन्देही | ६ |
| ११. | कैलाली | ६ |
| १२. | सर्लाही | ५ |
| १३. | बारा | ५ |
| १४. | उदयपुर | ५ |
| १५. | काभ्रे | ५ |
| १६. | स्याङ्जा | ४ |
| १७. | कपिलवस्तु | ४ |
| १८. | धनकुटा | ४ |
| १९. | रसुवा | ४ |
| २०. | धादिङ्ग | ४ |
| २१. | दाङ्ग | ४ |
| २२. | नवलपरासी | ४ |
| २३. | झापा | ३ |
| २४. | कास्की | ३ |
| २५. | पाल्पा | ३ |
| २६. | बाग्लुङ्ग | ३ |
| २७. | ईलाम | २ |
| २८. | ओखलढुङ्गा | २ |
| २९. | संखुवासभा | २ |
| ३०. | सिराहा | २ |
| ३१. | विरगंज | २ |
| ३२. | भक्तपुर | २ |
| ३३. | गोरखा | २ |
| ३४. | लमजुङ्ग | २ |
| ३५. | रुकुम | २ |
| ३६. | सल्यान | २ |
| ३७. | प्युठान | २ |
| ३८. | गुल्मी | २ |
| ३९. | बाँके | २ |
| ४०. | बैतडी | २ |
| ४१. | जाजरकोट | २ |
| ४२. | सिन्धुली | २ |
| ४३. | तनहुँ | २ |
| ४४. | भोजपुर | १ |
| ४५. | सुनसरी | १ |
| ४६. | धनुषा | १ |
| ४७. | पाँचथर | १ |
| ४८. | खोटाङ्ग | १ |
| ४९. | सिन्धुली | १ |
| ५०. | राजविराज | १ |
| ५१. | दोलखा | १ |
| ५२. | रामेछाप | १ |
| ५३. | ललितपुर | १ |
| ५४. | भरतपुर | १ |
| ५५. | गुल्मी | १ |
| ५६. | रोल्पा | १ |
| ५७. | म्याग्दी | १ |
| ५८. | डोटी | १ |


## मानव बेचबिखनका प्रकार, २०७१ (Types of Trafficking, 2071)

मानव बेचबिखन तथा ओसारपसारका घटनाको प्रकृतिलाई विश्लेषण गर्न यो घटनाकालागि व्यक्तिलाई दलालहरुले कहाँ कहाँ लैजान्छन् र के का लागि लैजान्छन् भन्ने जान्ने प्रयास यस अध्ययनका क्रममा गरिएको छ । मानव बेचबिखनका प्रकार सूचक अन्तर्गत विश्लेषण गरिएको २०७१ सालको १ सय २ वटा नमुना तथ्यांकमा रिर्पोटिङ भएका ४१ वटा घटना सिमापार ओसारपसार तथा बेचबिखनसँग सम्बन्धीत थिए । यसै गरी १६ वटा समाचारमा व्यक्तिलाई देशभित्रै बेचबिखन तथा ओसारपसारको उद्देश्यले लगिएको थियो । वैदेशिक रोजगारीका लागि भन्दै ललाईफकाई लगिएका ४४ वटा घटना रिर्पोटिङमा थिए भने एउटामा कुनै विशेष कारण नखुलेको तर पछि बेचबिखन तथा ओसारपसारमा परेको समाचार थियो । यो वर्ष संकलित ५ वटा पत्रपत्रिकाका नमुना समाचारमा मानव अंग बेचबिखन तथा प्रत्यारोपणका लागि लगिएको भन्ने कुनै पनि समाचार थिएन ।





## बेचबिखन कर्ता/दलाल/पीडकको प्रकार, २०७१ (Types of Trafficker – 2071)

मानव बेचबिखन तथा ओसारपसारमा संलग्न व्यक्तिहरुमा यसपाली पनि आफन्त नातेदारहरुको संख्या उल्लेख्य रह्यो । २०७१ सालमा रिर्पोटिङ भएका समाचार मध्ये नमुनाका रुपमा रहेका १ सय २ वटा समाचारमा ५० वटा घटनामा एजेन्ट, रोजगार व्यवसायी एवं परामर्शदाताले नै मानव बेचबिखन तथा ओसारपसारका लागि दलालको भुमिका निर्वाह गरेको उल्लेख छ । १९ वटा समाचारमा छिमेकीले ललाईफकाई लगेको रिर्पोटिङ छ भने ८ वटामा ललाईफकाई गरेर प्रेमीका बनाएर लगि बेचबिखन तथा ओसारपसार गरेको उल्लेख छ । यसै गरी काका-काकी ले लगेको घटना २ वटा छ भने ७ वटामा अन्य नातेदारले दलालको काम गरेका थिए । २ वटा समाचारमा खुद श्रीमानले नै बेचबिखन तथा ओसारपसार गरेका थिए । चिनेजानेका साथीभाइले ललाईफकाई गरेको रिर्पोटिङ ३ वटामा छ भने पहिला कहिल्यै नचिनेको मानिसले लगेको ४ र पीडित प्रभावितले लैजाने मानिस नै थाहा नपाएको वा नचिनेको घटना पनि ४ वटा नै थियो ।





## मानव बेचबिखनका कारण, २०७१ (Causes of Trafficking, 2071)

मानव बेचबिखन तथा ओसारपसार किन गरिन्छ वा यसको कारण के थियो होला भन्ने जान्न यस सूचक अन्तर्गत विश्लेषण गरिएका ६५ वटा नमुना समाचार तथा समाचारमूलक सामाग्रीमा अधिकांश अर्थात ५९ वटामा गरिबीका कारण यो अपराधले प्रश्रय पाइरहेका तथ्यांक भेटियो । बाँकी रहेका १ वटामध्ये एउटामा पारिवारिक कलह कारणका रुपमा देखियो भने ५ वटामा खुलेका थिएनन् ।




## मानव बेचबिखनको उद्देश्य, २०७१ (Objective of Trafficking, 2071)


मानव बेचबिखन तथा ओसारपसारको कारण जस्तै उद्देश्यको सूचकमा पनि अध्ययन गरेमा फरक तथ्यांक पाउन सकिन्छ । २०७१ सालमा यो सूचक अन्तर्गत नमुनाकारुपमा १ सय १५ वटा समाचार तथा समाचारमूलक सामाग्री लिइएको थियो । यसपाली अन्य वर्ष भन्दा फरक श्रम शोषणका लागि सबैभन्दा बढि मानिस ओसारपसार तथा बेचबिखन भएको तथ्यांक रिर्पोटिङ गरिएका ६० वटा समाचारवाट खुल्न आयो । दोश्रो नम्बरमा भने यौन शोषणका लागि भन्ने रहेको थियो । यो वर्ष यौन शोषणका लागि बेचबिखन तथा ओसारपसार गरिएका भन्नेमा ५० समाचारमा रिर्पोटिङ भएको थियो । मानव अंग बेचबिखनमा ५ वटा समाचार रिर्पोटिङ भएको थियो ।




## गोपनीयता/आचारसंहिताको पालना, २०७१

## (Following of Code of Conduct – Confidentiality, 2071)


पीडित प्रभावितको अधिकारलाई ध्यान राख्दै तयार पारिएको आचारसंहिता पालना सम्बन्धी सूचकमा यो वर्ष २ सय ५६ वटा समाचार तथा समाचारमूलक सामाग्रीलाई नमुनाकारुपमा लिएर तथ्यांक विश्लेषण गर्दा सबैभन्दा बढि ९० वटा समाचारमा पीडित प्रभावितको सक्कली नाम राखेर समाचार बनाएको पाइयो । यसै गरी ७९ वटा समाचारमा सहयोगी परिचय जस्तै - पीडित प्रभावितको घरको ठेगाना, बुबाको नाम आदि समाचारमा खोलिदिएको पाइयो । अझ २८ वटा समाचारमा त पीडित प्रभावितको परिचय खुल्ने गरी फोटो नै छापिएको पाइयो । १० वटा सामाग्रीमा भने नाम परिवर्तन गरिएको थियो । ४९ वटामा पीडित प्रभावितको सम्पूर्ण परिचय वा जानकारी गोप्य राखेर समाचार तयार पारिएको थियो ।



## समाचार संप्रेशण कतिवटा पत्रपत्रिकामा, २०७१


**(Coverage of News – No. of Newspaper, 2071)**

आचारसंहिता पालनाको कसीमा हेरिएका २ सय ५२ वटा समाचारमध्ये कति समाचार कति कतिवटा नमुनाका रुपमा लिइएका पत्रिकामा छापिए भनेर पनि तथ्यांक विश्लेषण गरिएको छ। यसपाली पनि भने धेरैजसो समाचार दुईवटा पत्रिकामा छापिएका थिए । २०७१ सालमा ९७ वटा घटनाका समाचार एउटा मात्र दैनिक पत्रिकामा छापिएका थिए भने १ सय १५ वटा घटनाका समाचार दुईवटा दैनिक पत्रिकामा छापिएका थिए। यसै गरी ३८ वटा समाचार चाहिँ दुईभन्दा बढिमा छापिएका थिए । यो वर्ष दुईवटा घटनाका समाचार यस्ता थिए जो सबै पत्रपत्रिकामा प्रकाशित भएका थिए ।





## समाचारको प्रकार, २०७१ (Types of News – 2071)

मानव बेचबिखन तथा ओसारपसारमा सञ्चार माध्यम आफैंले छानबिन गरेर छापेका समाचार धेरै कम हुन्छन् । धेरैजसो समाचारहरु घटना प्रधान हुन्छन् अर्थात एउटा घटना भएपछि त्यसको बारेमा समाचार आउँछ र त्यसकै सेरोफेरोमा रहेर अन्य समाचारमूलक सामाग्री तयार पारिन्छ। यो सूचक अन्तर्गत नमुनाका रुपमा लिइएका २ सय ५६ वटा समाचार मध्ये हार्डन्युजका रुपमा १ सय ५८ वटा समाचार छापिएका थिए। यसै गरी सफ्टन्युजका रुपमा ७७ वटा समाचार थिए। विचार लेखकारुपमा ११ वटा सामाग्री प्रकाशित थिए भने सम्पादकीय १० वटा प्रकाशित थिए ।



## समाचारको प्राथमिकता, २०७१ (Priority of News – 2071)

वर्ष २०७१ मा नमुनाकारुपमा लिइएका २ सय ५६ वटा समाचारलाई सञ्चार माध्यमले दिएको प्राथमिकताका आधारमा विश्लेषण गर्दा ४९ वटा समाचार प्रथम पृष्ठमा प्रकाशित भएका थिए । १ सय ८१ वटा समाचार भने अन्य पृष्ठमा प्रकाशित थिए । २६ वटा विचार दृष्किोण तथा सम्पादकीय पृष्ठमा छापिएका थिए ।




## निष्कर्ष (Finding)

२०७१ सालमा प्रकाशित भएका मानव बेचबिखन तथा ओसारपसार र वैदेशिक रोजगार सम्बन्धी समाचारमा देशका पश्चिम नाका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर लगायतका जिल्लाहरू निकै चर्चामा रहे । “महिला बेच्ने गिरोह सक्रिय”, “अभियानकर्ता विरुद्ध बेचबिखन मुद्दा”, “मानव बेचबिखनमा बाँके अगाडी”, “उद्धार गरिएकी नै बेचबिखनमा संलग्न”, “मानव बेचबिखनको ट्रान्जिट बन्दै दोधारा चाँदनी”, “महिला बेचबिखनमा पश्चिमी नाकाको प्रयोग बढ्यो”, “कञ्चनपुर मानव बेचबिखनको उच्च जोखिममा”, “पाँच महिनामा ८८ युवतीको उद्धार”, “मध्यपश्चिमका जिल्लावाट वर्षमा २६२ महिला हराए”, “लमजुङवाट ६ महिनामा ४० महिला र १० बालबालिका हराए” महेन्द्रनगरबाट “बेच्न लगिएका १७६ फिर्ता” जस्ता समाचार सम्प्रेषण भएका थिए । यी मध्ये मानव बेचबिखन विरुद्ध अभियान सञ्चालन गर्दै आएको पारालिगल समूहका सदस्य नै मानव बेचबिखनमा संलग्न रहेको किटानी जाहेरी परेको समाचारले सबैलाई हैरानीमा पार्‍यो । “मानव बेचबिखनको डरलाग्दो स्वरुप” शीर्षकको लेखमा भनिएको छ, प्रतिष्ठित सामाजिक संस्थाका रुपमा पहिचान बनाउन सफल संस्थाहरु र यस्ता संस्थाका पात्रहरुसमेत यसै अपराधमा संलग्न भई रातारात नवधनाढ्य बनिराखेका छन् ।

अर्कोतर्फ यसपाली केहि यस्ता समाचार पनि थिए जसले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा रहेको चुनौतीलाई खुला रुपमा उजागर गरेको थियो । “मानव तस्कर आरोपीलाई उन्मुक्ति” भन्ने समचारमा बेचबिखनको आरोपमा जाहेरी दिएकी महिला प्रहरी सम्पर्कमा नआएपछि पक्राउ परेका व्यक्ति विरुद्ध प्रहरीले मुद्दा नै चलाउन सकेन । “बयान फेर्दा जेल” भन्ने समाचारमा भने अदालतमा बयान फेरेर मानव बेचबिखनका अभियुक्त जोगाउन खोज्ने पीडित पक्षका तीनजनालाई अदालतले तीन महिना कैद सजाय गरेको उल्लेख थियो तर यो एउटा यस्तो चुनौती हो जसका कारण धेरै अपराधी छुट्ने गरेका छन् । अर्को समाचारमा भने प्रहरी प्रशासनको चरम लापरवाही थियो “बेचिनेको रुवाबासी बेच्नेलाई स्याबासी” शीर्षकको समाचारमा पीडित परिवारले पटक पटक उजुरी दिंदा पनि प्रहरीले उजुरी लिन अस्वीकार गरेको थियो । यी समाचारबाट के साबित हुन्छ भने राज्य संयन्त्रमा अपराधिक गिरोहको पहुँच निकै छ र यसले चुनौती खडा गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसारको आयाम परिवर्तन भएसँगै वैदेशिक रोजगारको बाध्यताले बेचबिखन निकै बढाएको छ । वैदेशिक रोजगारीका लागि विश्वका जुनसुकै कुनामा पुग्ने नेपालीहरु बेचबिखनको जोखिममा परिरहेका छन् । "पटक पटक बेचिन्छन् ईराकमा नेपाली महिला", "१६ वर्षियलाई तीन महिनादेखि भारतमा बन्धक बनाएर शोषण", "युवती केन्या लान खोज्ने बिचौलिया थुनामा", "अंगोलासम्म मानव तस्करी", "सिरियामा नेपालीको शव", "अफ्रिकी डान्सबारमा नेपाली", "खासामा चेली लैजान रोकिएन", "नेपाली चेली ओमानमा बन्धक", "अफ्रिकामा युवती बेच्ने सातजना पक्राउ" र "सिरियामा पनि युवती बेचेको रहस्य खुल्यो" जस्ता समाचारले वैदेशिक रोजगारीका नाममा बढि रहेको मानव तस्करीलाई ईङ्गित गर्दछ । नक्कली राहदानी मार्फत अवैध तरिकारले नेपाल प्रवेश गर्न खोज्ने विदेशीको संख्या बढिरहेको भन्ने, "अनअराईभल लचिलो भिसाले मानवतस्करी सजिलो" शीर्षकको समाचार र "दलाई लामाको गुम्बातिर ओसारिँदै नेपाली बालक" भन्ने समाचार पनि यसपाली प्रकाशमा आएको थियो । "बदलिँदै मानव बेचबिबिखन शैली" शीर्षकको समाचारमा राहदानी बनाएर बैदेशिक रोजगारीको नाममा मानव बेचबिखन बढिरहेको छ भन्ने उल्लेख थियो ।

यसपाली मृगौला तस्करी सम्बन्धी समाचार पनि निकै थिए । "पहिला आफ्नो पछि अरुको", "मृगौला बेच्ने गिरोह पक्राउ", "मृगौला बेच्नेलाई १० वर्ष कैद" जस्ता समाचारले मानव अंग बेचबिखनको जालोको संकेत गर्दछ ।

"नौ महिनामा ९१ युवतीको उद्धार", "बेचबिखन अभियोगमा २० वर्ष कैद", "बेचिएकी चेली शिशु च्यापेर फर्किईन", "आफन्तले नै कटाउँछन् छोरीबुहारीलाई सिमाना", "सयजनामा दुईको उद्धार", "सयजनामा एकको उद्धार", "भारतवाट २१ बालकको उद्दार", "१० बालिकाको उद्दार" लगायतका शीर्षकमा प्रकाशित समाचारमा समग्रमा मानव बेचबिखन तथा ओसारपसारको अवस्थालाई चित्रित गरेको थियो । "बालबालिका बेचिएको बेचियै" शीर्षकको समाचारमा पर्सा जिल्लामामात्र भारतवाट १ सय ३९ नाबालकको उद्धार गरिएको । एकसय जनालाई सिमाबाट फर्काएको । सर्लाहीबाट गयामा लगेर माग्ने काममा लगाइएका १३ बालबालिका फर्काइएका । कपिलवस्तु र आसपासवाट भारत लगेर बन्धक बनाइएका १९ जनाको उद्धार गरिएको । १५ जनालाई भारतवाट रौतहट फर्काइएको । छ महिनाको अवधिमा मकवानपुरमा ७२ जना, रुपन्देहीमा २१ जना, रौतहटमा २१ जना, चितवनमा १८ जना, सर्लाहीमा १६ जना र नवलपरासीमा ५ जना हराएको डरलाग्दो तथ्यांक पनि यसपाली प्रकाशमा आएको थियो ।

"चेलीबेटी बेचबिखनमा आधुनिक प्रविधि चुनौती" र "फेसबुकमार्फत मानव तस्कर सक्रिय" शीर्षकको समाचारले मोबाईल र फेसबुकले मानव तस्करलाई महिला तथा बालबालिकासम्म पुग्न र ललाईफकाई गर्न सजिलो भएको तथ्य बाहिर ल्याएको थियो ।

२०७१ सालमा दुई महत्वपूर्ण विषयमा निकै छानबिनका साथ तथ्य तथ्यांक सहित विस्तृत समाचार प्रकाशित भएका थिए । ती मध्ये एउटा हो, नेपाली युवालाई छ महिना देखि २ वर्षसम्म लगाएर एकदमै जोखिमपूर्ण तरिकाले सडकमार्गवाट अमेरिका लैजाने मानव तस्करीको समाचार । यस्ता घटना बढेपछि यो वर्ष मिडियामा निकै चर्चा पायो र संसदले समेत सक्रियता देखायो । संसदको सामाजिक न्याय तथा मानव अधिकार समितिले छानबिन गरेर सरकारलाई विभिन्न निर्देशन पनि दिएको थियो ।

यसै गरी अर्को समाचार थियो, "म्यारिज ब्युरोको नाममा चेली बिक्री गर्ने पक्राउ" शीर्षकको । नेपाली युवतीलाई रोजगारीको प्रलोभनमा चिनियाँ र कोरियाली नागरिकसँग विवाह गराई बिक्री गर्ने गिरोह पक्राउ परेको समाचार हो यो । "बिहे गराउँदै युवती तस्करी", "नेपाली युवती बेचिने नयाँ तरिका विवाह" लगायतका समाचारमा पनि विस्तृत रुपमा मानव तस्करीको यो नयाँ स्वरुप बाहिर आएको थियो ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सरकारी र गैरसरकारी क्षेत्रवाट भएका पहलहरुका बारेमा पनि यो वर्ष प्रशस्त समाचार प्रकाशित भए । ती मध्ये शक्ति समूह र एट्विनले संयुक्त रुपमा आयोजना गरेको


“बेचबिखनबाट प्रभावितहरुको राष्ट्रिय भेला” ले मिडियामा निकै कभरेज पायो । भेलाको नारा थियो, “नयाँ संविधानको परिकल्पना मानव बेचबिखन रहित राज्यको पुनर्संरचना”, “सुनीतालाई सी १० अवार्ड”। यसै गरी “चेलीबेटी बेचिबिखन विरुद्ध खुलेर छलफल गर्छन महिला”, “चेलीबेटी बेचबिखनविरुद्ध सडक नाटक” र “मानव बेचबिखनविरुद्ध नेपाल भारत समिति गठन” जस्ता सकारात्मक समाचार पनि थिए। एउटा समाचार भने निकै नै सकारात्मक थियो । “चेली बेचबिखनविरुद्ध आमा समूह सक्रिय” शीर्षकको यो समाचारमा उल्लेख थियो, “मानव बेचबिखन तथा ओसारपसारको अभियोगमा सिन्धुपाल्चोक शिखरपुरका बजिरसिंहलाई अदालतले १ सय ७० वर्षको जेल सजाय तोकेपछि उनकै गाउँका युवतीहरु विदेश जान छाडेका छन् ।”

# वर्ष २०७२

२०७२ सालमा दैनिक पत्रिकाहरु कान्तिपुर, नागरिक, समाचारपत्र, गोरखापत्र, राजधानी, द काठमाण्डु पोष्ट र द हिमालयन टाइम्स समेत गरेर ७ वटा पत्रिकामा छापिएका समाचार तथा समाचारमूलक सामाग्रीलाई नमुनाकारुपमा लिइएको थियो । २०७२ सालको शुरुमै आएको विनाशकारी भूकम्पले निकै जनधनको क्षति गरेकाले यो वर्ष मानव बेचबिखन तथा ओसारपसार र असुरक्षित स्थानागमनको जोखिम निकै बढेको थियो । यो वर्ष मानव बेचबिखन तथा ओसारपसार सँग सम्बन्धित ३ सय ७६ वटा समाचार तथा समाचारमूलक सामाग्री प्रकाशन भएका थिए ।


## समाचारको श्रोत, २०७२ (Source of News, 2072)

२०७२ सालमा छापिएका ३ सय ७६ वटा समाचारमध्ये ८८ वटा सामाग्री कान्तिपुर दैनिकमा प्रकाशित थिए । यसै गरी ६८ वटा गोरखापत्र दैनिकमा छापिएका थिए भने ५७ वटा द काठमाडौं पोष्टमा प्रकाशित थिए । द हिमालयन टाइम्समा ४६ वटा समाचार प्रकाशित भएको पाइयो भने नागरिक दैनिकमा ४३ वटा, समाचारपत्र दैनिकमा ३८ वटा थियो भने राजधानी दैनिकमा ३६ वटा ।





## रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या, २०७२ (Number of News – Prevention, Protection & Prosecution, 2072)

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सञ्चार माध्यमले धेरै मद्दत गर्ने हुनाले यसको नियन्त्रण रोकथामका सन्दर्भमा छापिएका समाचारहरुलाई 3P अर्थात Prevention, Protection र Prosecution को सूचकका आधारमा यो वर्ष प्रकाशित १ सय २३ वटा समाचार तथा समाचारमूलक सामाग्रीलाई विश्लेषण गरिएको थियो । यस अन्तर्गत Prosecution अर्थात पीडकलाई कारवाही र पीडित प्रभावितलाई न्याय प्रदान गरिएका विषयसँग सम्बन्धित समाचार ४५ वटा प्रकाशित थिए । यसै गरी Prevention अर्थात मानव बेचबिखन तथा ओसारपसार रोकथाम नियन्त्रणका विषय समेटिएका समाचार ४२ वटा र Protection अर्थात पीडित प्रभावितलाई कानुनी कारवाही सम्बन्धित समाचार ३६ वटा प्रकाशित भएका थिए ।





## समाचारको संख्या - जातीयताका आधारमा, २०७२ (Number of News – Ethnicity, 2072)

मानव बेचबिखन तथा ओसारपसारमा परेका पीडित प्रभावितहरु कुन जातीय समुदायवाट धेरै रहेछन् भनेर २०७२ सालमा प्रकाशित १ सय १२ वटा समाचारलाई विश्लेषण गर्दा यो वर्ष ४२ जना तामाङ समुदायका व्यक्तिहरु परेको पाइयो । तामाङ समुदायको घनाबस्ती रहेको सिन्धुपाल्चोक जिल्लामा यो वर्ष भूकम्पले सबैभन्दा धेरै जनधनको क्षति गरेकाले विस्थापित हुनेहरुको संख्या पनि निकै थियो । यसै गरी ३१ जना ब्राम्हण क्षेत्री समुदायका थिए भने १६ जना दलित समुदायका थिए । यो वर्ष गुरुङ समुदायका ७ जना, मधेशी समुदायका ६ जना, मगर ५ जना, शेर्पा, नेवार, राई लिम्बु समुदायवाट गरेर ५ जना परेका थिए ।





## समाचारको संख्या - लिङ्गको आधारमा, २०७२ (Number of News – Sex, 2072)

लिंगका आधारमा तथ्यांक विश्लेषण गर्दा २०७२ सालमा निकै धेरै संख्यामा महिला नै बेचबिखन तथा ओसारपसारमा परेको प्रकाशित समाचारहरुले देखाउँछ । यसपाली नमुनाकारुपमा लिइएका २ सय ६१ वटा समाचारमध्ये २ सय ४२ वटा समाचारमा पीडित प्रभावित महिला रहेको तथ्यांक भेटियो । यसै गरी बाँकी १९ वटा समाचारमा भने पुरुष परेका थिए ।





**समाचारको संख्या - उमेरका आधारमा, २०७२ (Number of News – Age, 2072)**

मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरुको उमेरगत हिसाबले तथ्यांक विश्लेषण गर्दा यो वर्ष पनि किशोर किशोरीको संख्या उल्लेख्य रह्यो । नमुनाकारुपमा लिइएका ७ वटै दैनिक पत्रिकामा प्रकाशित १ सय ४० वटा समाचार अध्ययन गर्दा १२ वर्ष मुनिका २१ जना परेका थिए भने १२ वर्ष माथि तर १६ वर्ष मुनिका ५० जना परेका थिए । १६ वर्ष माथि १८ वर्ष मुनिका ७ जना थिए । यसै गरी १९ देखि २२ वर्ष उमेर समूहका १४ जना, २३ देखि २९ वर्ष उमेर समूहका ३७ जना र ३० वर्ष भन्दा बढिका ११ जना परेका थिए ।



## समाचारको डेटलाईनका आधारमा, २०७२ (District/Place of News – Dateline, 2072)

२०७२ सालमा प्रकाशित समाचारहरु तयार पारिएको स्थान अर्थात समाचारको डेटलाईनका आधारमा तथ्यांक विश्लेषण गर्दा सबैभन्दा बढि समाचार काठमाण्डौवाट तयार भएका थिए । काठमाडौंवाट २३ वटा समाचार लेखिएको थियो दोश्रो नम्बरमा कपिलवस्तुवाट १४ वटा समाचार लेखिएको थियो । यसै गरी मकवानपुरवाट ९ तथा रुपन्देही, मोरङवाट ६/६ वटा समाचार लेखिएको थियो । कैलाली झापा र भारतको डेटलाईनवाट ५/५ वटा, काभ्रे र बाँकेवाट ४/४ वटा तथा कञ्चनपुर, धादिङ, चितवन, महोत्तरी र कास्कीवाट ३/३ वटा समाचार प्रकाशित भएका थिए । काकडभिट्टा, भरतपुर, खोटाङ, पर्सावाट २/२ वटा थिए भने ओखलढुंगा, भक्तपुर, रसुवा, नेपालगंज, दार्चुला, गोरखा, पशुपतिनगर, रुकुम, नुवाकोट, अछाम, लहान, ईलाम, म्याग्दी, सुनसरी, ललितपुर, लमजुङ, दमक, अर्घाखाँचीवाट १/१ वटा समाचार लेखिएका थिए । यसै गरी भारत डेटलाइनमा ५ वटा समाचार प्रकाशित भएका थिए ।





## पीडति/प्रभावितको स्थाई ठेगाना, २०७२ (Districts of Victims Origin, 2072)

२०७२ सालमा वर्षभरि प्रकाशित समाचार तथा समाचारमूलक सामाग्रीलाई विश्लेषण गर्ने हो भने भौगोलिक आधारमा भूकम्पले सबैभन्दा बढि प्रभावित जिल्ला सिन्धुपाल्चोकवाट नै सबैभन्दा बढि मानिस बेचबिखन तथा ओसारपसारमा परेको तथ्यांक आउँछ । यो वर्ष पीडित प्रभावितको स्थायी ठेगानालाई आधार मानेर विश्लेषण गरिएका १ सय ८१ वटा समाचारमा २२ जना सिन्धुपाल्चोक जिल्लाका थिए । कपिलवस्तुका ९ जना थिए भने काभ्रे र बाँकेका ८ जना परेका थिए । यसै गरी मकवानपुर, नवलपरासी र धादिङका ७/७ जना तथा कास्की र नुवाकोटका ६/६ जना मानिस बेचबिखनमा परेको समाचारमा उल्लेख थियो । झापा, रामेछाप, तनहुँ, काठमाडौं र दोलखाका ५/५ जना, खोटाङ, बर्दिया, उदयपुर, रुपन्देही, गोरखा, कैलाली, मोरङ र अर्घाखाँचीका ४/४ जना थिए । रोल्पा, महोत्तरी, रसुवा, पर्सा, स्याङजा र सप्तरीका ३/३ जना तथा दाङ, बर्दिया, प्युठान, गुल्मी, सोलुखुम्बु, अछाम, म्याग्दी र पाल्पाका २/२ जना बेचबिखन तथा ओसारपसारमा परेका थिए । धनकुटा, भोजपुर, धनुषा, सिरहा, बाग्लङ्, बारा, रुकुम, ईलाम, पाँचथर, ओखलढुंगा र राजविराजका पनि १/१ जना परेका थिए ।

| क्र.सं. | पीडितहरुको स्थायी जिल्ला | जम्मा |
|---|---|---|
| १. | सिन्धुपाल्चोक | २२ |
| २. | कपिलवस्तु | ९ |
| ३. | काभ्रे | ८ |
| ४. | बाँके | ८ |
| ५. | मकवानपुर | ७ |
| ६. | धादिङ्ग | ७ |
| ७. | नवलपरासी | ७ |
| ८. | नुवाकोट | ६ |
| ९. | कास्की | ६ |
| १०. | झापा | ५ |
| ११. | रामेछाप | ५ |
| १२. | दोलखा | ५ |
| १३. | काठमाडौं | ५ |
| १४. | तनहुँ | ५ |
| १५. | मोरङ्ग | ४ |
| १६. | खोटाङ्ग | ४ |
| १७. | उदयपुर | ४ |
| १८. | गोरखा | ४ |
| १९. | रुपन्देही | ४ |
| २०. | अर्घाखाची | ४ |
| २१. | कैलाली | ४ |
| २२. | महोत्तरी | ३ |
| २३. | सप्तरी | ३ |
| २४. | पर्सा | ३ |
| २५. | रसुवा | ३ |
| २६. | स्याङ्जा | ३ |
| २७. | रोल्पा | ३ |
| २८. | सोलुखुम्बु | २ |
| २९. | गुल्मी | २ |
| ३०. | म्याग्दी | २ |
| ३१. | पाल्पा | २ |
| ३२. | प्युठान | २ |
| ३३. | दाङ्ग | २ |
| ३४. | बर्दिया | २ |
| ३५. | अछाम | २ |
| ३६. | ईलाम | १ |
| ३७. | पाँचथर | १ |
| ३८. | राजविराज | १ |
| ३९. | ओखलढुङ्गा | १ |
| ४०. | धनकुटा | १ |
| ४१. | भोजपुर | १ |
| ४२. | धनुषा | १ |
| ४३. | सिरहा | १ |
| ४४. | बारा | १ |
| ४५. | रुकुम | १ |
| ४६. | बाग्लुङ्ग | १ |
| ४७. | बाँके | १ |


## मानव बेचबिखनका प्रकार, २०७२ (Types of Trafficking, 2072)

२०७२ सालमा प्रकाशित समाचार तथा समाचारमूलक सामाग्रीका आधारमा विश्लेषण गर्दा यसपाली पनि मानव बेचबिखन तथा ओसारपसारका किसिम उस्तै उस्तै नै पाइए । विशेष गरेर मानव बेचबिखन तथा ओसारपसार नेपाल भित्र तथा बाहिर हुने गरेको छ भने मानव बेचबिखनमा वैदेशिक रोजगारीको हिस्सा पनि बढ्दै गएको छ । यो वर्ष यस सूचक अन्तर्गत २ सय ८४ वटा समाचार विश्लेषण गरिएका थिए । यी मध्ये सिमापार बेचबिखन तथा ओसारपसारका घटना १ सय ६८ वटा थिए । यसै गरी आन्तरिक अर्थात नेपाल भित्रै बेचबिखन तथा ओसारपसारका घटना ३८ वटा थिए भने वैदेशिक रोजगारीका नाममा बेचबिखन तथा ओसारपसार गरिएका ७८ वटा घटनाका समाचार प्रकाशित भएका थिए ।





## बेचबिखन कर्ता/दलाल/पीडकको प्रकार, २०७२ (Types of Trafficker, 2072)

मानव बेचबिखन तथा ओसारपसार गर्ने दलालको भुमिकामा यसपाली पनि एजेन्ट, वैदेशिक रोजगार व्यवसायी तथा परामर्शदाताको संख्या नै उच्च रहेको पाइयो । २०७२ सालमा बेचबिखन तथा ओसारपसारमा कस्ता कस्ता व्यक्ति सामेल थिए भन्ने सूचकका आधारमा तथ्यांक विश्लेषण गरिएकोमा १ सय १ वटा घटनामा एजेन्ट, वैदेशिक रोजगार व्यवसायी तथा परामर्शदाता भनेर काम गर्ने व्यक्ति थिए । यसै गरी ८ वटा घटनामा पतिले बेचबिखन तथा ओसारपसार गरेका थिए भने एउटामा आमाले । ११ वटामा दिदी बहिनी, ३१ वटामा काका तथा अन्य नातेदारले लगेका १० वटा घटना थिए । यस्तै छिमेकीले लगेका २३ वटा घटना थिए । ११ वटा घटनामा भने कसले बेचबिखन तथा ओसारपसार गरेको हो समाचारमा खुल्न सकेको थिए ।




## मानव बेचबिखनका कारण, २०७२ (Causes of Trafficking, 2072)

२०७२ सालमा नमुनाका रुपमा लिइएका पत्रपत्रिकामा प्रकाशित समाचारलाई विश्लेषण गर्दा यो वर्ष मानव बेचबिखन तथा ओसारपसारमा परेका मानिसले बेरोजगारीका कारण रोजगारी पाउने आशामा दलालको ललाई फकाईमा परेको बताएका छन् । यो सूचक अन्तर्गत विश्लेषण गरिएका १ सय १ वटा समाचार मध्ये २३ वटामा बेरोजगारीका कारण मानव बेचबिखन तथा ओसारपसारमा परेको उल्लेख छ । यसै गरी १७ वटा समाचारमा गरिबीलाई कारणको रुपमा उल्लेख गरिएको छ । यो वर्ष भूकम्म गएकाले सबैभन्दा धेरै भने भूकम्प अथवा प्राकृतिक विपदका कारण विस्थापित हुँदा बेचबिखन तथा ओसारपसारमा परेको देखिन्छ । समाचार विश्लेषण गर्दा ५९ वटामा प्राकृतिक विपदलाई कारणको रुपमा लेखिएको थियो । २ वटा घटनामा भने पारिवारिक कलहका कारण घर छोड्नु पर्दा दलालको फन्दामा परेको उल्लेख छ ।





## मानव बेचबिखनका उद्देश्य, २०७२ (Objective of Trafficking, 2072)

मानव बेचबिखन तथा ओसारपसारका कारणहरु खोतल्दा मानिस किन वा के कारणले दलालको फन्दामा पर्छन् भन्ने कारण खोजिएको थियो । अर्कोतर्फ दलालले मानव बेचबिखन तथा ओसारपसार जस्तो अपराध के का लागि गर्छ भन्ने जान्नका लागि पनि मानव बेचबिखनको उद्देश्य के रहेको थियो भन्ने सूचकलाई आधार मानिएको थियो । २०७२ सालमा प्रकाशित १ सय ३२ वटा समाचारलाई विश्लेषण गर्दा श्रम शोषणकालागि मानव बेचबिखन तथा ओसारपसार भएको तथ्यांक धेरै आएको थियो । ७३ वटा घटनामा श्रम शोषणकालागि लगिएको समाचारमा उल्लेख थियो । यसै गरी दोश्रो नम्वरमा ५६ वटा घटनामा यौन शोषणकालागि बेचबिखन तथा ओसारपसार गरिएको उल्लेख थियो । ३ वटा घटनामा भने मानव अंग बेचबिखनकालागि लगिएको भन्ने उल्लेख थियो ।




## गोपनीयता/आचारसंहिताको पालना, २०७२ (Confidentiality in News, 2072)

यो मिडिया अध्ययनका क्रममा मिडियामै छापिएको सामाग्रीमा मिडिया कति संवेदनशिल भए भन्ने विषयलाई पनि सूचक मानिएको थियो । यस अन्तर्गत २०७२ सालमा सातवटै पत्रपत्रिकामा छापिएका २ सय ५८ वटा समाचारलाई विश्लेषण गर्दा १ सय २ वटामा पीडित प्रभावितको सहयोगी परिचय जस्तै घर ठेगाना, बुबाको नाम आदि समाचारमा गोप्य राखिएको थिएन । ९२ वटा समाचारमा नाम परिवर्तन गरेर समाचार छापिएको थियो भने १६ वटामा त पीडित प्रभावितको सक्कली नाम नै उल्लेख गरिएको थियो । अझ ३ वटामा त पीडित प्रभावितको अनुहार नै चिनिने गरी फोटो समेत छापिएको थियो । यो वर्ष ४५ वटा समाचार तथा समाचारमूलक सामाग्रीमा भने पीडित प्रभावितको सम्पूर्ण परिचय गोप्य राखेर समाचार प्रकाशित गरिएको थियो ।





## समाचार प्रकाशन - पत्रपत्रिकाको संख्या, २०७२ (Coverage of News, 2072)

यो सूचक अन्तर्गत विश्लेषण गरिएको ३ सय ७६ वटा समाचार तथा समाचामूलक सामाग्रीमा १ सय ९६ वटा घटनाका समाचार दुईवटा पत्रिकामा प्रकाशित भएका थिए । यसै गरी १ सय १२ वटा घटनाका समाचार एउटा मात्र पत्रिकामा छापिएका थिए । एउटै घटनाका समाचार दुईभन्दा बढि पत्रिकामा छापिएको संख्या चाहिँ ६८ थियो । एउटै घटना नमुनाकारुपमा लिइएका सबै पत्रिकाहरुमा छापिएको भने यसपाली पाइएन ।




## समाचारको प्रकार, २०७२ (Types of News, 2072)

समाचारको प्रकृति वा किसिमका आधारमा विश्लेषण गर्दा यो वर्ष सबैभन्दा धेरै समाचार घटना प्रधान अर्थात हार्ड न्युजका रुपमा छापिएका थिए । यो सूचक अन्तर्गत विश्लेषण गरिएका ३ सय ७६ वटा समाचार मध्ये २ सय ५९ वटा हार्डन्युज पाइयो । यसै गरी १ सय ४ वटा सफ्टन्युजका रुपमा छापिएका थिए भने १३ वटा चाहिँ विचार, दृष्किोण वा सम्पादकीयकारुपमा प्रकाशित भएका थिए ।




## समाचारको प्राथमिकता, २०७२ (Priority of News, 2072)

समाचार प्राथमिकताका आधारमा विश्लेषण गर्दा यो वर्ष नमुनाकारुपमा लिइएका पत्रपत्रिकामा छापिएका ३ सय ७६ वटा समाचार तथा समाचरमूलक सामाग्री मध्ये ३३ वटा मात्र प्राथमिकताका साथ प्रथम पृष्ठमा छापिएका थिए । यसै गरी १३ वटा भने सम्पादकीय पृष्ठमा प्रकाशित थिए भने यी बाहेकका अन्य पृष्ठमा ३ सय ३० वटा समाचार प्रकाशित थिए ।



## निष्कर्ष (Finding)

२०७२ साल भूकम्पको वर्ष । हामी सबैलाई थाहा छ यो वर्ष आएको भूकम्पले धेरै जनधनको क्षति भएको थियो भने घाईते हुनेहरुको संख्या पनि धेरै थियो । सरकारले भूकम्प पीडितकालागि तात्कालिन राहत वितरण गर्न र घर निर्माणकालागि रकम वितरण गर्न पीडितहरुको विवरण संकलन गरेर धेरैले घर निर्माण पनि गरिरहेका छन् तर यो निकै सुस्त भएको भनेर आलोचना पनि भइरहेका छन् । भूकम्पका कारण घरबार बिहिन भएर विस्थापित भएका तथा घरपरिवार छाडेर हिडेकाहरुको एकिन तथ्यांक भने अहिले पनि आउन सकेको छैन । कुनैपनि प्राकृतिक विपदमा घरपरिवार छाडेर हिंड्ने अथवा विस्थापित हुनेहरुको संख्या निकै बढ्ने गर्छ । धेरैजसो यस्ता विस्थापितहरु नयाँ अवसरको खोजीमा घर छाडेर हिडेका हुन्छन् र यसैको फाइदा दलालहरुले उठाउँछन् ।

२०७२ सालमा पनि यस्तै भयो, वर्षको शुरुमै आएको भूकम्पका कारण विस्थापित हुनेहरुको संख्या त बढ्यो नै, बेचबिखनका घटना पनि बढेको यो वर्ष प्रकाशित समाचारहरुबाट प्रष्ट हुन्छ ।

"दुई महिनामा १ सय २७ फर्काइए" शीर्षकको समाचारमा उल्लेख छ, "भूकम्प प्रभावित जिल्लाका महिला तथा बालबालिकालाई विभिन्न प्रलोभनमा पारेर भारत लैजाने घटना बढेपछि सिमामा चेकजाँच बढाउदा बेचबिखनको जोखिममा परेका वा पर्ने आशंका लागेका १ सय २७ जनालाई फर्काइएको ।" यसै गरी "विपद दलाललाई अवसर" शीर्षकको विचार/लेखमा उल्लेख गरिएको यो वाक्यांशले पनि बताउँछ विपदमा बढेको बेचबिखनको जोखिम । "अस्थायी शिविरमा आपराधिक मानसिकता बोकेका मानिसको अस्वभाविक चलखेल बढको छ । चेलीबेटी बेचबिखनमा संलग्न गिरोह र दलालहरु विपदका बेला मौकामा चौका हान्न खोजिरहेका छन् । कोही जागिर लगाइदिने भन्दै त कोही बिना पैसा वैदेशिक रोजगारीमा पठाइदिने भन्दै अस्थायी शिविरमा सल्बलाउन थालेका छन् ।" यसै गरी अर्को समाचारको शीर्षक थियो, "विपदमा बढ्यो युवती तस्करी" । "बालबालिका ल्याउने विरुद्ध अनुसन्धान सुरु" शीर्षकको समाचारमा "भूकम्प प्रभावित दोलखावाट १९ बालबालिकालाई अवैध रुपमा काठमाडौं ल्याउने ७ जना विरुद्ध मानव बेचबिखन अभियोगमा अनुसन्धान सुरु भएको छ" । भन्ने उल्लेख भएवाट पनि थाहा हुन्छ भूकम्पका बेला मानव बेचबिखनको जोखिम कति बढेको थियो । यहि जोखिम बढेपछि आएको अर्को समाचार थियो, "तस्करी रोक्न तात्यो मन्त्रालय" तथा "मानव तस्करी रोक्न सीमामा चेकपोस्ट थपिए" । यि समाचारमा भूकम्प प्रभावित जिल्लाका युवतीलाई स्थलमार्ग हुँदै भारत लैजाने क्रम बढेपछि प्रहरीले ११ जिल्लाका १४ स्थानमा चेकपोस्ट थपेको उल्लेख थियो ।

विपदमा जोखिम बढेको विषयमा छापिएको "मानव बेचबिखन बढ्ने जोखिम" शीर्षकको सम्पादकीयले पनि यसको गाम्भिर्यता दर्शाउँछ । "बेचिए भूकम्पपीडित चेली", "भारतीय कोठीमा भूकम्प पीडित युवती" शीर्षकको समाचारमा त, "राहत बाँड्ने बहानामा अस्थायी शिविर पुगेका दलालले बालबालिका हेर्ने काम लगाइदिने भन्दै डेढ दर्जन नेपाली युवतीलाई यौनबजारमा लगेर बेचेको खुलासा" भन्ने उल्लेख थियो । यस्तै अर्को समाचार थियो, "भूकम्प पीडित क्षेत्रवाट युवती बेच्ने गिरोह पक्राउ" र "मेघालयबाट उद्धार गरिएकी भूकम्प पीडित युवतीले भन्छिन्, पत्नी बनाएर पचास हजारमा बेचेछ ।"

"भूकम्प पछि महिला बेचबिखन बढ्यो", "नेपाली बालबालिकाको भारतमा किनबेच" भूकम्प पछि नेपाली बालबालिका भारतीय शहरमा खुला किनबेच हुने गरेको तथ्य बेलायतको पत्रिका द सनले पनि सार्वजनिक गरेको थियो । यस्तै "दासका रुपमा लन्डनमा बेचिए भूकम्पपीडित बालबालिका" शीर्षकमा पनि समाचार आएको थियो । यसरी यी समाचारहरुवाट पनि के पुष्टि हुन्छ भने विपदमा मानव बेचबिखन तथा बेचबिखनको जोखिम बढ्छ र दलालहरु यो बेलामा निकै सक्रिय हुन्छन् ।

"चेली फकाउँदै, फँसाउँदै" शीर्षकको समाचारमा भने किन बेचिन्छन् मानिसहरु भन्ने कारण खोज्ने प्रयास गरिएको थियो । जसमा सम्भावित कारणहरुमा बालमजदुर बनाउन, मृगौला बेच्न, धर्मसन्तान बनाउन, संरक्षण गरेको देखाएर दाता खोज्न, यौनकार्यमा प्रयोग गर्न, धार्मिक गतिविधिमा लगाउन" भन्ने उल्लेख थियो ।

अन्य केहि समाचार शीर्षकहरुमा, “चेलीमात्रै समातिन्छन्, दलाल भेटिँदैनन्”, “युवती बेच्नेलाई १० वर्ष कैद”, “पीडित धम्क्याउँदै बेचबिखनका अपराधीहरु”, “चेली बेचिन्छन् केरुङतिर”, “चीनबाट नेपाली चेलीको उद्धार” तथा “२७ युवती दिल्लीबाट फर्काइँदै” लगायत थिए ।

यसवर्ष मानव बेचबिखन नियन्त्रण गर्न देखा परेका चुनौतीका विषयमा पनि निकै समाचार आए । “चेलीबेटी बेचबिखन नियन्त्रण चुनौतीपूर्ण”, “चौबीस दिनमा २३ चेलीको उद्धार”, “बिक्री गर्न भारत पुऱ्याइएकी चेलीको उद्धार” र “मानव तस्करीविरुद्ध सहकार्यको प्रतिबद्धता” नेपालका अधिकांश स्थानका महिला तथा बालबालिकाहरुलाई पछिल्लो समयमा नयाँ नाका तथा प्रविधि प्रयोग गरेर लगिरहेको सन्दर्भमा नेपाल र भारत बीच सहकार्यको समाचार हो यो ।

अन्य केहि चुनौतीपूर्ण समाचारमा, “चेलीबेटी बेच्न नयाँ बाटो”, “देखाउने कुर्दिस्तान जाने दुबई”, “मानव बेचबिखनविरुद्ध दशकौंदेखि प्रयास भइरहे पनि घटनामा कमी आउनुको साटो बढ्दै जानुमा मुख्य योजनाकार पक्राउ गर्न नसक्नु रहेको सरोकारवालाहरुले ठहर गरेका छन् ।” “प्रहरी नै मिलेर महिला तस्करी” भन्ने शीर्षकको समाचार त झन डरलाग्दो थियो । समाचारका अनुसार, उड्न लागेको विमानमा सामान छुटेको भन्दै प्रहरीले एउटा बन्दखाम एयरवेजका कर्मचारीलाई प्लेनमा जिम्मा लगाएर फर्किए । शंका लागि छानबिन गर्दा खाम भित्र कुवेत र इराकको भिसा लागेका चारवटा राहदानी थिए । “मानव बेचबिखनको जालो, दुबई प्रलोभन देखाएर सिरिया” शीर्षकको समाचारमा, युवतीको फेसबुक सन्देशवाट रोजगारी प्रलोभनमा सिरिया बेचिएको तथ्य सार्वजनिक भएको थियो । “इराकमा नेपाली युवती अलपत्र, एजेन्टले कुर्दिस्तान लैजाने भन्दै इराक लगेर ५ लाख रुपैयाँमा छोरी बेचेको पीडित परिवारको आरोप” “दिल्लीमा मानव तस्कर गिरोह पक्राउ” ११ युवतीको उद्धार, जस्ता समाचार पनि थिए ।

नेपालगञ्ज नाकाबाट भारत पसेका, “४ सय ६१ जना महिला बेपत्ता”, “शहरकै महिला बेचबिखनको जोखिममा” शीर्षकका समाचारले पनि चुनौतीलाई नै दर्शाउँछ । “मानव बेचबिखनको आरोपपछि असई फरार” शीर्षकको समाचारमा त एक महिला प्रहरीलाई नै मानव बेचबखिनको आरोप लागेपछि फरार भएको उल्लेख थियो । “सामाजिक सञ्जालको दुरुपयोगले महिला बेचबिखनको क्रम बढ्दो, मोबाईल ईन्टरनेट तथा अन्य विभिन्न फेसन र इच्छा आकांक्षाले शहरी क्षेत्रका पढेलेखेका किशोरी तथा महिला बढि बेचबिखनमा पर्ने गरेका” भन्ने समाचारले नयाँ खालको चुनौती सार्वजनिक गरेको थियो ।

प्रहरीले नै मानव बेचबिखनमा संलग्न भएको मात्र होइन मानव बेचबिखनको पीडितलाई सहयोग नगरेका समाचार पनि बेलाबेलामा आइरहन्छन्, “केटी बेच्नेमा संलग्नलाई प्रहरीले कारबाही गरेन” शीर्षकको समाचारमा, न्याय माग्दा उल्टै पीडकले आफु विरुद्ध प्रहरीमा उजुरी दिएर अन्याय गरेको भन्दै सञ्चार क्षेत्रको सहयोग आवश्यक परेको पीडितकी आमाले बताएको, उल्लेख थियो । “आफन्तवाटै बेचिन्छन् चेली” शीर्षकको समाचारमा भने, महिला बेचबिखन विरुद्धको अभियान टोल टोलसम्मै पुगिरहेको र सामाजिक रुपमा जागरण उठिरहेको बेलापनि मानव तस्कर नेपाली महिलालाई सिमा कटाउन सफल भईरहेका छन् । परिवारकै सहमतिमा तस्कर तथा दलालहरु फकाउन र लैजान सफल भएको उल्लेख गरिएको थियो ।

केहि सकारात्मक समाचार पनि थिए, “बेचबिखनविरुद्धको महासन्धि परिमार्जन गर” शीर्षकको समाचारमा, सार्क महासन्धि समयानुकूल परिमार्जन, महासन्धिले सबै प्रकारका बेचबिखनलाई समेट्न नसकेको “मानव बेचबिखन रोक्न एकवर्षे कार्ययोजना पारित”, “मानवबेचबिखन सचेतना पर्चा सार्वजनिक”, “चेलीबेटी बेचबिखन रोक्न संयुक्त अभियान”, “मानव बेचबिखनविरुद्धको निगरानी एक नाका, एक एनजीओ”, “बेच्ने नियतले फकाए बेचबिखनकै सजाय” भनेर अदालतको व्याख्या सम्बन्धी समाचारलाई पनि सकारात्मक रुपमा लिन सकिन्छ ।

"दुबई लैजान लागिएका २१ नेपाली युवती गिरफ्तार" शीर्षकको समाचार यहाँ किन उदृत गरिएको भने, पीडित युवतीलाई उद्धारको सट्टा गिरफ्तार शीर्षक दिंदा पीडित झन पीडित हुनसक्ने भएकाले सञ्चार माध्यमले पनि ध्यान दिनुपर्ने हुन्छ ।

२०७२ सालमा अमेरिका तथा अन्य मुलुकमा गैरकानुनी रुपमा जोखिमपूर्ण तरिकाले मानव तस्करी गरिएका समाचार पनि आए । "बढ्यो अमेरिका लाने धन्दा" शीर्षकको समाचारमा, "नेपाल मानव तस्करीको ट्रान्जिट बनेको र पुरुष, महिला र बालबालिकालाई जबरजस्ती काम तथा यौनधन्दामा लगाउन लैजानेमा नेपाल श्रोत, ट्रान्जिट र गन्तव्य राष्ट्र हो" भन्ने उल्लेख थियो । "अवैध रुपमा अमेरिका लैजाने गिरोह बैंककमा सक्रिय", "मौलाउँदो मानव तस्करी" शीर्षकको समाचारमा, औकात अनुसारका दलाल छन्, ठूलालाई ठूलैले ठग्छन्, सानालाई ठग्ने सानै हुन्छन्, हुनेखाने अमेरिका युरोप जाने नाममा ठगिइरहेका छन्, त्यसभन्दा अलि तलका जापान कोरियाका नाममा, निम्न मध्यमवर्गीय खाडीमा फसेका छन्, गरिबहरु भारतमा बेचिएका छन्", भन्ने समाचार एवं "मानव तस्करीको डरलाग्दो तस्विर" शीर्षकको समाचारबाट पनि मानव बेचबिखनको आयाम प्रष्ट हुन्छ ।

यसपाली मृगौला बेचबिखन र सरोगेसीका विषयमा पनि निकै समाचार आए । सरोगेसी कोख भाडामा दिने विषय सरकारले कानुनी मान्यता दिन खोजेपछि यसको निकै विरोध भएको थियो । यसले सञ्चार माध्यममा पनि निकै कभरेज पायो । यो विषयमा अदालतमा रिट परेको समाचार पनि निकै चर्चामा आयो । "मातृत्व किनबेच" शीर्षकमा यो विषयमा सम्पादकीय नै लेखियो ।

"श्रीमती बेच्नेलाई ४४ वर्ष कैद", "युवती बेच्नेलाई २० वर्ष कैद र २ लाख जरिबाना तथा त्यतिनै पीडितलाई क्षतिपूर्ति भराउने समाचार, "सासु बेच्ने बुहारी थुनामा" बुहारीले सासुलाई घरेलु कामदारका रुपमा साउदी अरब पठाउने भनेर दिल्ली पुऱ्याई एक लाखमा दिल्ली स्थित साउदी अरेबियाको दुतावासका कर्मचारीलाई बिक्री गरेको खुलासा भएका समाचार पनि थिए ।


२०७२ सालमा प्रकाशित भएको एउटा एकदमै डरलाग्दो समाचार, "अस्पतालमा बच्चा किनबेच" शीर्षकको समाचार थियो । लहानको लवकुश अस्पतालले बच्चा बेचेको भन्ने समाचार थियो यो । आफूबाट सन्तान हुन नसक्ने डाक्टरको भनाइ पछि अरुको बच्चा काख लिन खोजेकी महिलालाई छिमेकीले लवकुश अस्पताल बोलाएको र पैसा लिएर अस्पतालले बच्चा दिएको समाचारमा उल्लेख थियो । प्रहरीलाई प्राप्त जानकारी अनुसार छोरी दुई देखि ३ लाख र छोरा ३ देखि ५ लाखमा बिक्री गरिन्छ, भन्ने पनि समाचारमा उल्लेख थियो ।

# वर्ष २०७३

२०७३ सालमा पनि अध्ययनका क्रममा ७ वटा दैनिक पत्रिका कान्तिपुर, नागरिक, समाचारपत्र, गोरखापत्र, राजधानी, द काठमाण्डु पोष्ट र द हिमालयनटाइम्सलाई श्रोतकारुपमा लिइएको थियो । यी दैनिक पत्रिकाहरुमा वैशाख देखि चैतसम्ममा प्रकाशित समाचार, लेख र रचना, विचार तथा रिर्पोटहरुलाई अध्ययन गरिएको हो । अध्ययनका क्रममा सबै दैनिक पत्रिकामा गरेर मानव बेचबिखन तथा असुरक्षित स्थानागमन सम्बन्धी २ सय ८० वटा सामाग्री प्रकाशित भएको पाइयो ।


## समाचारको श्रोत, २०७३ (Source of News, 2073)

यो वर्ष समाचार, लेख, रचना र विचार तथा रिर्पोटहरु कान्तिपुर दैनिकमा सबैभन्दा धेरै (६५वटा) प्रकाशित भएको पाइयो भने सबैभन्दा कम राजधानी दैनिकमा (२७ वटा) प्रकाशित भएको पाइयो । यसै गरी क्रमशः द हिमालयन टाइम्समा ४४ वटा, द काठमाण्डु पोष्टमा ३९ वटा, समाचारपत्रमा ३७ वटा, गोरखापत्रमा ३५ वटा, नागरिकमा ३३ वटा सामाग्री प्रकाशित भएका थिए ।





## रोकथाम, संरक्षण र कानुनी कारवाही सम्बन्धी प्रकाशित समाचारको संख्या, २०७३ (Number of News – Prevention, Protection & Prosecution, 2073)

मानव बेचबिखन नियन्त्रणकालागि सबै भन्दा महत्वपूर्ण मानिने 3P अर्थात Prevention, Protection र Prosecution लाई सूचक मानेर प्रकाशित सामाग्रीलाई अध्ययन विश्लेषण गर्दा सातै वटा दैनिक पत्रिकामा गरेर जम्मा १ सय ४८ वटा समाचार, लेख, रचना र विचार तथा रिर्पोटहरु पाइयो । जसमध्ये Prevention मा ३४ वटा, Protection ८१ वटा तथा Prosecution मा ३३ वटा सामाग्री प्रकाशित भएका थिए ।





## समाचारको संख्या - जातीयताका आधारमा, २०७३ (Number of News – Ethnicity, 2073)

प्रकाशित समाचार लगायतका सामाग्रीहरुलाई मानव बेचबिखनमा परेका प्रभावितहरुको जातीय समुदायगत आधारमा पनि अध्ययन गर्ने प्रयास गरिएको थियो । यो सूचकका आधारमा अध्ययन गर्दा प्रकाशित ६० वटा समाचारमा सबैभन्दा धेरै ११ जना दलित ९ जना तामाङ, ८ जना व्राहमण/क्षेत्री, ५ जना मगर, गुरुङग र मधेशी ४/४ जना, राई थारु, सन्यायी, २/२ जना मुस्लिम, लिम्बु, शेर्पा १/१ जना, नखुलेको १० जना समुदायका व्यक्तिहरु २०७३ सालमा बेचबिखनमा परेको पाइयो ।




## समाचारको संख्या - लिङ्गका आधारमा, २०७३ (Number of News – Sex, 2073)

मानव बेचबिखनको अपराध र जालोलाई केलाउदै जाने हो भने यसमा महिलाको संख्या एकदमै बढि देखिन्छ तर जसरी यसको आयाम र दायरा बढ्दै गएको छ पुरुषको संख्या पनि त्यहि मात्रामा बढ्दै गएको छ । यस अध्ययनका क्रममा छापिएका समाचार सामाग्रीलाई बेचबिखनमा परेका व्यक्तिको लिंगका आधारमा पनि केलाउने प्रयास गरिएको थियो । यो सूचकका आधारमा हेर्दा २०७३ सालमा प्रकाशित भएका १ सय ३४ समाचार सामाग्री मध्ये १ सय ३ जना महिला र ३० जना पुरुष रहेका थिए ।





## समाचारको संख्या - उमेरका आधारमा, २०७३ (Number of News – Age, 2073)

बेचबिखनवाट प्रभावित व्यक्तिहरुको उमेर समूह हेर्ने हो भने नावालक देखि वयस्क र कोही कोही त वृद्धवृद्धा समेत भेटिन्छन् । यो सूचक अन्तर्गत रहेर समाचार र समाचारमूलक सामाग्रीको अध्ययन गर्दा भेटिएका ७५ वटा सामाग्रीमा १२ वर्ष भन्दा मुनिका नावालक १२ जना १३ देखि १५ वर्ष उमेर समूहका १४ जना १६ देखि १८ वर्ष उमेर समूहका १९ जना, १९ देखि २२ वर्ष उमेर समूहका ८ जना, २३ देखि २९ वर्ष उमेर समूहका १० जना र ३० वर्ष भन्दा माथिका १२ जना रहेका थिए ।



## समाचारको डेटलाईनका आधारमा, २०७३ (District/Place of News Dateline, 2073)

प्रकाशित समाचार तथा समाचारमूलक सामाग्रीहरुमा उल्लेख भएका समाचारको डेटलाईन अर्थात कुन स्थानवाट समाचार लेखिएको हो भन्ने सूचकका आधारमा पनि विश्लेषण गरिएको थियो । यो सूचक अन्तर्गत जम्मा १ सय ६ वटा समाचारलाई विश्लेषण गर्दा बेचबिखनवाट प्रभावितहरुको सबैभन्दा बढि समाचार अर्थात समाचारको डेटलाईन काठमाडौं पाइएको थियो । ३१ वटा मानव बेचबिखन सम्बन्धी समाचारमा डेटलाईन काठमाडौवाट पाइयो भने कपिलवस्तु डेटलाईन भएका १३ वटा, कञ्चनपुर र बाँके ९/९ वटा, बर्दिया ६ वटा, भारत डेटलाईन भएका ४ वटा, रुपन्देही, पर्सा, काभ्रे, र धनगढी ३/३ वटा, झापा, नवलपरासी, इलाम, चितवन र भक्तपुरवाट २/२ वटा, भोजपुर, बाजुरा, मकवानपुर, सप्तरी, कैलाली, कास्की, तनहुँ, सुर्खेत, मुगु, धादिङ, धनकुटा, सुनसरी डेटलाईन भएका १/१ वटा समाचार र समाचारमूलक सामाग्री प्रकाशित भएका थिए ।





## पीडित/प्रभावितको ठेगाना, २०७३ (Districts of Victims Origin, 2073)

प्रकाशित समाचार तथा समाचारमूलक सामाग्रीहरुलाई देशको कुन भूगोलका व्यक्तिहरु बेचबिखनवाट बढि प्रभावित भइरहेका छन् भन्ने सूचकका आधारमा पनि विश्लेषण गरिएको थियो । २०७३ सालमा प्रकाशित १ सय ५९ वटा समाचारलाई यस आधारमा विश्लेषण गर्दा २०७३ सालभरिमा स्थायी ठेगाना सिन्धुपाल्चोक भएका व्यक्तिहरु सबैभन्दा बढि ११ जना बेचबिखनवाट प्रभावित भएको पाइएको थियो । यसै गरी गोरखा, नवलपरासी र बर्दियाका ८/८ जना, काभ्रेका ७ जना, दोलखा, धादिङ, मकवानपुर र चितवन स्थायी ठेगाना भएका ६/६ जना, सिन्धुली, सुनसरी, रसुवा, झापा र सल्यानका ५/५ जना, रामेछाप र कास्कीका ४/४ जना, दाङ, रुपन्देही, काठमाडौ, रौतहट, स्याग्दी, भोजपुरका ३/३ जना, मुगु, नुवाकोट, खोटाङ, ईलाम, तनहुँ, मोरङ, सर्लाही, लमजुङ, अर्घाखाँची, सप्तरी, बाग्लुङका २/२ जना, सुर्खेत, काकडभिट्टा, महोत्तरी, बाजुरा, बुटवल, दैलेख, रोल्पा, प्युठान, बाँके, ओखलढुंगा, डोल्पा, संखुवासभा, स्याङजा, जाजरकोट, रुकुम, पाल्पा, उदयपुर, पर्सा, सिराह, सोलुखुम्बु, पाँचथरका १/१ जना मानव बेचबिखनवाट प्रभावित भएका थिए ।

| क्र.सं. | पीडितहरुको स्थायी जिल्ला | जम्मा |
|---|---|---|
| १. | सिन्धुपाल्चोक | ११ |
| २. | बर्दिया | ८ |
| ३. | गोरखा | ८ |
| ४. | नवलपरासी | ८ |
| ५. | काभ्रे | ७ |
| ६. | दोलखा | ६ |
| ७. | मकवानपुर | ६ |
| ८. | धादिङ्ग | ६ |
| ९. | चितवन | ६ |
| १०. | झापा | ५ |
| ११. | सुनसरी | ५ |
| १२. | सिन्धुली | ५ |
| १३. | रसुवा | ५ |
| १४. | सल्यान | ५ |
| १५. | रामेछाप | ४ |
| १६. | कास्की | ४ |
| १७. | भोजपुर | ३ |
| १८. | रौतहट | ३ |
| १९. | काठमाडौं | ३ |
| २०. | म्याग्दी | ३ |
| २१. | दाङ्ग | ३ |
| २२. | रुपन्देही | ३ |
| २३. | ईलाम | २ |
| २४. | मोरङ्ग | २ |
| २५. | खोटाङ्ग | २ |
| २६. | सप्तरी | २ |
| २७. | सर्लाही | २ |
| २८. | नुवाकोट | २ |
| २९. | लमजुङ्ग | २ |
| ३०. | तनहुँ | २ |
| ३१. | बाग्लुङ्ग | २ |
| ३२. | मुगु | २ |
| ३३. | अर्घाखाँची | २ |
| ३४. | काकडभित्ता | १ |
| ३५. | सोलुखुम्बु | १ |
| ३६. | पाँचथर | १ |
| ३७. | महोत्तरी | १ |
| ३८. | उदयपुर | १ |
| ३९. | पर्सा | १ |
| ४०. | संखुवासभा | १ |
| ४१. | ओखलढुङ्गा | १ |
| ४२. | स्याङ्जा | १ |
| ४३. | पाल्पा | १ |
| ४४. | प्युठान | १ |
| ४५. | रुकुम | १ |
| ४६. | रोल्पा | १ |
| ४७. | बाँके | १ |
| ४८. | सुर्खेत | १ |
| ४९. | दैलेख | १ |
| ५०. | जाजरकोट | १ |
| ५१. | डोल्पा | १ |
| ५२. | बाजुरा | १ |


### मानव बेचबिखनका प्रकार, २०७३ (Types of Trafficking, 2073)

मानव बेचबिखन भन्ने वित्तिकै मानव बेचबिखन तथा ओसारपसार ऐन वमोजिम कुनैपनि व्यक्तिलाई बेचबिखनको उद्देश्यले एक स्थानवाट अर्को स्थानमा लैजानु हो, चाहे त्यो देश भित्र होस वा बाहिर । यो सूचक अन्तर्गत बेचबिखनकालागि प्रभावितहरुलाई के कस्तो कारणले देशभित्र वा बाहिर कहाँ लगियो भन्ने विषयमा विश्लेषण गरिएको थियो । यस सम्बन्धी छापिएका १ सय १२ वटा समाचारमध्ये सिमानाका कटाएर देश बाहिर लगि बेचबिखन गरिएका समाचार तथा समाचारमूलक सामाग्री ६४ वटा प्रकाशित भएका थिए। देशभित्रै एक स्थानवाट अर्को स्थानमा लगि बेचबिखन गरिएका विषयका समाचार ११ वटा प्रकाशित भएका थिए । वैदेशिक रोजगारीका नाममा विदेश लगेर बेचबिखन गरिएका समाचार ३१ वटा प्रकाशित भएका थिए। मानव अंग प्रत्यारोपणका लागि देशभित्र वा बाहिर एक स्थानवाट अर्को स्थानमा लगिएका समाचार ५ वटा प्रकाशित भएका थिए। यसै गरी एउटा त समर-क्याम्पका नाममा एक स्थानवाट अर्को स्थानमा लगि बेचिएको घटना पनि थियो ।





**बेचबिखन कर्ता/दलाल/पिडकका प्रकार, २०७३ (Types of Trafficker, 2073)**

मानव बेचबिखनमा धेरैजसो चिनेजानेका मानिस वा आफन्तले नै सुरुवाती अर्थात फकाउने काम गर्दछन् । कतिपय अवस्थामा भने बेच्ने दलाल पनि उनीहरु नै हुन्छन् । यस अध्ययनका क्रममा नमुनाका रुपमा लिइएका दैनिक पत्रिकाहरुमा प्रकाशित समाचारहरुमा बेचबिखनमा लैजाने दलालहरु कस्ता प्रकृतिका छन् भन्ने सूचकका आधारमा पनि तथ्यांकलाई विश्लेषण गरिएको थियो । प्रकाशित समाचार तथा समाचारमूलक विषयवस्तुमध्ये मानव बेचबिखनका ९४ वटा समाचारलाई विश्लेषण गर्दा ७५ वटा घटनामा एजेन्ट, म्यानपावर तथा कन्सल्टेन्सी सर्भिस भनिएकावाट बेचबिखन गरिएको पाइएको थियो । यसै गरी श्रीमान, दिदीबहिनी, माईजु, साथी वाट बेचबिखन भएको १/१ वटा, प्रेमी तथा अन्य नातेदारले बेचबिखन गरेका ४ वटा, छिमेकीले बेचबिखन गरेका २ वटा घटना समाचारमा आएका थिए । परिवारकै चिनजानको मानिस साथी वाट बेचिएका २ वटा, रोजगारदाता, लामागुरु र निसहायलाई सेवा गर्न खोलिएका संस्थाका संचालकवाट नै बेचिएका १/१ वटा समाचार पनि प्रकाशित भएका थिए ।




## मानव बेचबखिनका कारण, २०७३ (Causes of Trafficking, 2073)

प्रकाशित समाचारका आधारमा मानव बेचबिखन किन हुन्छ भन्ने सूचकवाट कारण पनि खोज्ने प्रयास गरिएको थियो । अध्ययनका क्रममा विश्लेषण गरिएका १ सय १८ वटा समाचार तथा समाचारमूलक सामाग्री मध्ये धेरैजसो गरिवीका कारण बेचबिखनमा परेको पाइएको थियो । प्रकाशित समाचारमा २९ वटा समाचारमा गरिवीका कारण घरपरिवारमा समस्या भएपछि घर छोडन बाध्य भएको र बेचबिखनमा परेको पाइयो । यसै गरी भूकम्प लगायतका प्राकृतिक विपदका कारण बेचिबिखनमा परेको भन्ने १५ वटा समाचार थिए भने पारिवारिक कलहका कारण घर छाडेर हिडेपछि बेचबिखनमा परेको भन्ने समाचार ६ वटा थियो । एउटा भने घरेलु हिंसाका कारण बेचबिखनमा परेको भन्ने समाचार थियो तर २० वटा समाचारमा भने बेचबिखनमा किन परेको भन्ने कुनै कारण खोलिएको थिएन । ४७ वटा समाचारमा भने बेरोजगारी, राम्रो पैसा कमाएर राम्रो जिवन बिताउन घर छाडेर हिंड्दा बेचबिखनमा परेको पाइयो ।





## मानव बेचबिखनको उद्देश्य, २०७३ (Objective of Trafficking, 2073)

प्राप्त तथ्यांकलाई मानव बेचबिखन किन गरिन्छ भन्ने उद्देश्यका आधारमा पनि विश्लेषण गर्ने प्रयास गरिएको थियो । मानव बेचबिखन विशेषतः यौनजन्य क्रियाकलापका लागि गरिने भएपनि पछिल्ला दिनहरुमा यसको आयाम बदलिदै जाँदा अन्य विविध कारणकालागि पनि बेचबिखन गर्ने पाइएको छ । मानव बेचबिखनको उद्देश्य विश्लेषण गर्दा ७३ वटा समाचारमा मानव बेचबिखन यौन शोषणका लागि भएको थियो । यसै गरी ३१ वटा समाचारमा जबरजस्ती काममा लगाउनका लागि गरिएको थियो भने ५ वटा मानव अंग बेचबिखनका लागि गरिएको पाइयो । मानव बेचबिखन कतिपय अवस्थामा धर्मपुत्रपुत्रीबनाउनकालागि पनि गरेको पाइन्छ । २०७३ सालमा यस्तो समाचार एउटा मात्र पाइयो । गुम्बामा पढाउन लैजान, गैरकानुनी रुपमा वालगृह वा अनाथालय चलाउनकालागि बेचबिखन गरिएका ३ वटा समाचार थिए भने उद्देश्य नखुलेका ५ वटा समाचार प्रकाशित भएका थिए ।




## गोपनीयता/आचार संहिताको पालना, २०७३ (Confidentiality in News, 2073)

मानव बेचबिखनमा परेर पीडित भएका व्यक्तिहरुलाई समाजमा पुनर्स्थापित हुन समस्या नहोस वा उनीहरुको पहिचान खुलेर थप पीडित हुनु नपरोस भनेर सञ्चार माध्यम एवं पत्रकारले उनीहरुको परिचय खुल्ने सबै विषय गोप्य राख्नुपर्ने गरी पत्रकार आचारसंहिता बनाइएकाले यो अध्ययनका क्रममा त्यस्तो आचारसंहिता पूर्ण पालना भएको छ कि छैन भनेर पनि विश्लेषण गर्ने प्रयास गरिएको छ। यो सूचक अन्तर्गत तथ्यांक विश्लेषण गर्दा जम्मा १ सय १८ वटा समाचारमध्ये २४ वटा समाचारमा आचारसंहिता विपरित पीडित प्रभावितको असली नाम सहितै समाचार प्रकाशित भएको थियो। १३ वटा समाचारमा भने नाम परिवर्तन गरेर समाचार प्रकाशित गरिएको थियो। ४० वटा समाचारमा पीडित प्रभावितको घर गाउँको ठेगाना, बुबाको नाम खुलाएर समाचार प्रकाशित गरिएको थियो। अझ ६ वटा समाचारमा त पीडित प्रभावितको फोटो समेत प्रकाशित गरिएको थियो। ३५ वटा समाचारमा आचारसंहिताको पूर्ण पालना गर्दै पीडित प्रभावितको सम्पूर्ण परिचय गोप्य राखिएको थियो।





## समाचार प्रकाशन - पत्रपत्रिकाको संख्या, २०७३ (Coverage of News, 2073)

मानव बेचबिखन सम्बन्धी कुनैपनि एउटा घटनाको समाचार कतिवटा सञ्चार माध्यममा प्रकाशित भयो भन्ने तथ्यांकलाई पनि अध्ययनका क्रममा विश्लेषण गर्ने प्रयास गरिएको थियो। २०७३ सालमा प्रकाशित १ सय ५८ वटा समाचार मध्ये १ सय २२ वटा घटनाका समाचार एउटा मात्र पत्रिका प्रकाशित भएको थियो। २३ वटा घटनाका समाचार दुईवटा पत्रिकामा प्रकाशित भएका थिए। ११ वटा घटनाका समाचार दुई वा दुईभन्दा बढि पत्रिकामा प्रकाशित भएको पाइयो। दुईवटा समाचार भने अध्ययनका क्रममा नमुनाकारुपमा लिइएका सबै पत्रपत्रिकामा प्रकाशित भएको थियो।




## समाचारको प्रकार, २०७३ (Types of News, 2073)

यो अध्ययनमा मानव बेचबिखन सम्बन्धी प्रकाशित समाचार कुन कुन रुपमा प्रकाशित भएका थिए भनेर विश्लेषण गर्ने प्रयास पनि गरिएको छ। २०७३ सालमा प्रकाशित २ सय ६ वटा समाचार मध्ये ८४ वटा समाचार हार्डन्युजका रुपमा प्रकाशित भएका थिए। ७४ वटा समाचार सफ्टन्युज अर्थात फिचर रिर्पोटका रुपमा प्रकाशित भएका थिए। ५ वटा सम्पादकीय थिए भने ७ वटा विचार लेखका रुपमा प्रकाशित थिए। ३६ वटा भने अध्ययन, अनुन्धान गरिएका प्रतिवेदन वा अन्य तथ्य तथ्यांकमा आधारित रहेर लेखिएका समाचार सामाग्री थिए।




## समाचारको प्राथमिकता, २०७३ (Priority of News, 2073)

मानव बेचबिखनको आयाम जसरी बढ्दै गएको छ त्यसको अनुपातमा सञ्चार माध्यममा समाचार, लेख, रचना तथा रिर्पोटहरुमा कभरेज कम भएको अथवा सञ्चार माध्यमसम्म रिर्पोटिङ भएका सामाग्रीहरु प्रकाशित हुँदा प्राथमिकतामा नपरेको भन्ने अध्ययनहरुवाट तथ्य तथ्यांक सार्वजनिक भइरहेको सन्दर्भमा यो अध्ययनमा पनि समाचारको प्राथमिकतालाई विश्लेषण गर्ने प्रयास गरिएको थियो। पत्रपत्रिकाले प्रथम पृष्ठमा समाचार, लेख, रिर्पोट प्रकाशन गरेका छन् भने त्यसलाई बढि प्राथमिकता दिएको मानिन्छ। यो सूचकवाट अध्ययन गर्दा २०७३ सालमा अध्ययन गरिएका २ सय ६ वटा समाचार मध्ये १४ वटा समाचार प्रथम पृष्ठमा प्रकाशित थिए भने ८ वटा लेखहरु सम्पादकीय पृष्ठमा छापिएका थिए। १ सय ८४ वटा समाचार भने माथि उल्लेखित बाहेकका अन्य पृष्ठहरुमा प्रकाशित थिए।



## असुरक्षित स्थानागमन वा वैदेशिक रोजगार, २०७३

## (Unsafe Migration or Foreign Employment, 2073)

मानव बेचबिखन सँग अन्योन्याश्रित रुपमा जोडिँदै गएको असुरक्षित स्थानागमनका घटना पनि बढ्दै गएको सन्दर्भमा २०७३ सालमा यस्ता कति समाचार नमुनाका रुपमा लिइएका पत्रपत्रिकामा प्रकाशित भए भनेर अध्ययन गर्दा ५३ वटा समाचार असुरक्षित स्थानागमन वा वैदेशिक रोजगारीसँग सम्बन्धीत रहेका पाइए । यसमा वालवालिका हराएका, वैदेशिक रोजगारीका नाममा विदेश गएर वेपत्ता भएका, विदेशमा बधुँवा मजदुरका रुपमा काम गर्नु परेका, कतारमा आएका संकटका कारण रोजगारी गुमाएर नेपाल फर्कनु परेका, विदेशमा कामको सिलसिलामा दुर्घटनामा परेर वा विरामी भएर अलपत्र परेका, गैरकानुनी प्रवेश वा अन्य कुनै अभियोगमा पक्राउ परेर विदेशी कारागारमा रहेका, काम गरेर पारिश्रमिक नपाएका, विदेशमा समस्या परेकालाई सम्बन्धीत देशमा रहेका स्वदेशी वा विदेशी नियोग एवं संघ संस्थाहरुले सहयोग गरेका, उद्धार गरिएका लगायतका समाचारहरु प्रकाशित भएका थिए ।

## निष्कर्ष (Finding)

२०७३ सालमा पनि मानव बेचबिखन तथा ओसारपोसारका धेरै समाचार प्रकाशनमा आए । यसपाली धेरैजसो घटना वैदेशिक रोजगारीसँग पनि सम्बन्धित थिए । मानव बेचबिखन तथा ओसारपसाको आयाम बढ्दै गएको र यसलाई राम्रोसँग सम्बोधन गर्न नसकिएका विषयमा पनि समाचार प्रकाशित थिए । “बेचबिखन रोक : आयोग” शीर्षकको समाचारमा, राष्ट्रिय मानवअधिकार आयोगले चेलीबेटी बेचबिखन भयावह समस्याका रुपमा रहेको भन्दै त्यो रोक्न सरकार र नागरिक समाज दुबैलाई आग्रह गरेको थियो । आयोगको प्रतिवेदन अनुसार भूकम्प गएपछि बालबालिका ओसारपसारमा तिब्रता आएको तथा हरेक वर्ष ९ हजार भन्दा बढि चेलीबेटी बेचबिखन हुने गरेको छ । यसै गरी “दलालको फन्दामा दुर्गमका बालबालिका” शीर्षकमा निशुल्क पढाइदिने भन्दै २१ बालबालिका भैरहवा पुऱ्याइएको उल्लेख थियो । यो समाचारले एकातिर मानव बेचबिखन तथा ओसारपसारको नयाँ आयामलाई दर्शाउँछ भने अर्कोतर्फ देशभित्रै पनि चरम रुपमा मानव बेचबिखन तथा ओसारपसारको जोखिम रहेको विषयलाई पनि ईङ्गित गर्छ ।

यौनधन्दा बाहेकका विविध कारणले मानिस ओसारपसारको क्रम बढेपछि अहिले यसलाई मानव तस्करीको संज्ञा दिन थालिएको छ । “वैदेशिक रोजगारी भित्रको मानव बेचबिखन” शीर्षकको लेखमा उठाइएको विषय निकै महत्वपूर्ण छ । लेखमा उल्लेख छ, “वैदेशिक रोजगार ऐनले मानव बेचबिखन, ओसारपसार तथा तस्करीजस्ता प्रकृतिको कसुरलाई पनि ठगी भनेर चिन्ने गर्छ । के ठगी र मानव बेचबिखन, ओसारपसार वा तस्करी एकै हुन सक्छ ? बेचबिखनप्रति कतिपयको बुझाई वेश्यावृत्तिका लागि हुन्छ भन्ने छ, जबकि यौन शोषण, श्रम शोषण, श्रम प्रवासन, कृत्रिम शरणार्थी, भिख मगाउन, अंग झिक्न, अस्वभाविक विवाहका नाममा पनि मानव बेचबिखन तथा ओसारपसार र तस्करी उत्तिकै हुने गरेको छ ।

यो वर्ष प्रकाशित भएका धेरै समाचार मानव तस्करीकै सम्बन्धमा रहेको थिए । “समर क्याम्पका निहुँमा बालबालिका तस्करी” शीर्षकको समाचारमा ९ जना बालबालिका अमेरिका पुऱ्याएर उतै छाडेको अभियोगमा पुतलीसडक स्थित सहारा लिंक इन्टरनेशनलकी प्रबन्ध निर्देशक रजनी श्रेष्ठ विरुद्ध उजुरी परेको उल्लेख थियो । यसै गरी “खेल आवरणमा मानव तस्करी” शीर्षकको समाचारमा तेक्वान्दो खेलाडी बनाएर कोरिया पठाइदिने भन्दै ठगी गरेको उल्लेख थियो । “मानव तस्करीको बिकराल रुप” शीर्षकको समाचारमा नेपालबाट अझै बर्षेनी करिब १५ हजार बालबालिका तथा महिला विभिन्न देशमा तस्करी गरिने गरेको लेखिएको थियो ।

“मानव तस्करीमा नेपालगञ्ज नाका” भन्ने समाचार जसमा ७ सय ३० महिलाको उद्धार गरिएको उल्लेख थियो । “धेरै हराउँछन् थोरै मात्रै भेटिन्छन्” भन्ने समाचारमा महिला र बालबालिका हराउने दर राजधानीमा सबैभन्दा बढि रहेको र भूकम्पपछि झन तिब्र भएको उल्लेख थियो । “एक वर्षमा तीन सय चेलीको उद्धार”, “भूकम्प

पछि मानव बेचबिखन र ओसारपसारमा वृद्धि", "मानव तस्करी किर्गिस्तानतिर पनि", "साउदी अरबमा नेपाली महिला तस्करी", "मानव बेचबिखनको जालो" तथा "मानव बेचबिखन विरुद्ध संगठित हुन जोड" लगायतका सबै समाचारमा मानव तस्करीका विषय उठान गरिएका थिए ।

"नौ दिनपछि डोल्पाका २८ बालबालिकाको उद्धार", "सुनसरीका सयौं बालबालिका बेचिएको खुलासा", "कृष्णनगर मानव तस्करीको प्रमुख नाका", "भद्रपुर नाकाबाट ४ सय ५८ चेलीको उद्धार" लगायतका समाचारले पनि मानव तस्करीको विषयमा बोल्दछ ।

"महिला तस्करी" शीर्षकको समाचारमा, यूएईमा मलाई काम लगाइएको ठाउँमा पुग्दा त्यहाँ २० भन्दा बढी नेपाली दिदी बहिनी थिए तर कानुनी रुपमा आउने कोही थिएनन । सबै तस्करकै सिकारमा परेका थिए, भनेर पीडितलाई उदृत गरेर समाचार बनाइएको थियो ।

"मानव तस्करी पाँच वर्षयताकै उच्च" शीर्षकको समाचारमा त भूकम्पमा घरबार गुमाएकाहरु बेचबिखनमा बढि परेको तथ्यांक सहित प्रस्तुत गरिएको थियो । समाचारमा उल्लेख भए अनुसार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले दिएको तथ्यांकमा आ.व. २०६९/०७० मा १ सय ४४ वटा उजुरी प्रहरी कार्यालयमा दर्ता भएका थिए । आ.व. २०७०/०७१ मा १ सय ८५ वटा, आ.व. २०७१/०७२ मा १ सय ८१ वटा, आ.व. २०७२/०७३ मा २ सय १२ वटा र आ. व. ०७३/०७४ को कात्तिक मसान्त सम्ममा १ सय ११ वटा उजुरी प्रहरी कार्यालयमा दर्ता भएको समाचार उल्लेख थियो ।

"मानव तस्करी रोक्न प्रहरीको छुट्टै सेल" शीर्षकको समाचारमा अपराध अनुसन्धान विभागले एसएसपीको कमाण्डमा मानव तस्करी अनुसन्धान तथा नियन्त्रण सेल बनाएको समाचारले पनि मानव तस्करीको गम्भिरतालाई ईङ्गित गर्दछ ।

यो वर्ष पनि प्रहरी, प्रशासन, अदालत तथा संसद एवं सरकारी संयन्त्रको सक्रियता बारेका पनि धेरै समाचार थिए । संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले "महिला तस्करीमा सरकारी संलग्नता" भन्ने निर्क्योल निकालेको थियो । "बेचबिखनमा ४५ वर्ष जेल" सहोदर बहिनीलाई भारतमा लगि बेचेको मुद्दा जिल्ला अदालतले फैसला गरेको थियो । यसै गरी "होटल सञ्चालकलाई बेचबिखन मुद्दा" शीर्षकको समाचारमा, युवतीलाई जबरजस्ती यौन धन्दामा लगाएको आरोपमा नेपालगञ्जको एक होटलका सञ्चालक उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दा चलाइएको थियो । "दश हजारमा चेली बेच्ने बिचौलिया पक्राउ" बिचौलिया भनेर ईङ्गित गरेरै पक्राउ गरिएको यो पहिलो समाचार हो । "मानव बचेबखिनमा संलग्न प्रहरी नियन्त्रणमा", "मानव बेचबिखन अभियोगमा मुद्दा", "कोठीबाट बालकको उद्धार" दुई वर्षदेखि भारतको दिल्लीमा एक कोठीमा मानसिक तथा शारीरिक शोषणमा परेका एक बालकलाई उद्धार गरिएको, "मानव बेचबिखन विरुद्ध अन्तरदेशीय प्रयास" नेपाल र भारतका विद्यार्थी अधिकारकर्मी सुरक्षाकर्मी मिलेर दशगजामा मानव साङलो बनाएको, "बेचबिखन विरुद्ध अन्तरदेशीय कार्यशाला" तथा "बेचबिखनमा २० वर्ष कैद" लगायतका समाचारले सम्बन्धित सरकारी तथा गैरसरकारी संयन्त्रको पहल र सक्रियतालाई प्रष्ट्याएको थियो ।

"मानव बेचबिखन नियन्त्रण ऐन कार्यान्वयन हुन सकेन" तथा "मानव बेचबिखन : सोचे जस्तो कमी आएन" शीर्षकको समाचारले यस क्षेत्रको चुनौतीलाई उजागर गरेको थियो । समाचारमा भनिएको थियो, एकीकृत तथ्यांक तथा सूचना प्रणालीको अभाव, रोजगारीको अभाव तथा वैदेशिक रोजगार, मानव बेचबिखनका लागि नयाँ नयाँ तरिका र बाटोको प्रयोग हुने गरेको अवस्थामा सो अनुसारको नियन्त्रणका उपाय अबलम्बन गर्न नसक्नु, नियन्त्रणमा संलग्न निकायबीच प्रभावकारी समन्वय हुन नसक्नु र मानव बेचबिखन बारे सचेतनाको अभाव हुनुले बेचबिखनका घटनामा सोचे अनुरुप कमी आउन नसकेको उल्लेख थियो ।

# पाँच वर्षको तुलनात्मक अध्ययन
## (Five Years Comparative Study)

### निष्कर्ष (Conclusion)

संख्याका हिसाबले अहिले नेपालमा नेपाली वा अंग्रेजी भाषामा नेपाल केन्द्रीत भएर जति पनि छापा, श्रव्य तथा श्रव्यदृश्य र ईन्टरनेटका माध्यमबाट अनलाईन मिडिया सञ्चालनमा छन् त्यसको दाँजोमा यस अध्ययनका क्रममा छनौट गरिएका ७ वटा नमुना पत्रिका निकै कम हुन् । यी ७ वटामा भन्दा धेरै मात्रामा हाम्रो अध्ययनको विषयसँग सम्बन्धीत समाचार तथा समाचारमूलक सामाग्रीहरु अरु सञ्चार माध्यममा पनि प्रकाशित प्रशारित भएका हुन सक्छन् । अझ विशेष गरेर अध्ययनका लागि छानिएको मानव बेचबिखन तथा ओसारपोसार सम्बन्धी विषयमा नै केन्द्रीत भएर वा यो समस्याबाट सबैभन्दा धेरै महिला र बालबालिका नै पीडित भएकाले उनीहरुलाई केन्द्रीत गरेर प्रकाशित प्रशारित हुने कतिपय सञ्चार माध्यम पनि यो अध्ययनमा नपरेका हुनसक्छन् तर नेपालमा प्रकाशित प्रशारित हुने सञ्चार माध्यमको संख्या भन्दा सञ्चार माध्यममा प्रकाशित सामाग्रीलाई त्यो सञ्चार माध्यमका कारण पर्ने प्रभावलाई मुल्यांकन गर्ने हो भने नमुनाकारुपमा लिइएका ७ वटा दैनिक पत्रिका भने पर्याप्त छन् ।

मानव बेचबिखन तथा ओसारपसारको आयाम समय क्रममा बदलिंदै गएको छ । कामदार वा सहयोगीका रुपमा महिला ओसारपसार गर्ने क्रमवाट शुरु भएको यो प्रक्रिया यौन शोषण हुँदै अहिले वैदेशिक रोजगारीका नाममा श्रम शोषण गर्ने तहसम्म पुगेको छ र यसमा महिला, पुरुष, तेश्रोलिंगी, बालबालिका लगायत सबै यो समस्याको मारमा परिरहेका छन् । यसैले मानव बेचबिखन तथा ओसारपसार भन्दा पनि अहिले मानव तस्करी भन्ने शब्द बढि प्रयोग हुन थालिसकेको छ । यौनधन्दा बाहेकका विविध कारणले मानिस ओसारपसारको क्रम बढेपछि अहिले यसलाई मानव तस्करीको संज्ञा दिन थालिएको हो ।

तरपनि अझैसम्म यसलाई राज्यले समग्रतामा बुझ्न र सोहि वमोजिम कानुनी दायरामा ल्याउन सकिरहेको छैन । अध्ययनमा क्रममा भेटिएको एउटा लेखमा उल्लेखित यो वाक्यांशले पनि यो कुरालाई पुष्टि गर्दछ । “वैदेशिक रोजगारी भित्रको मानव बेचबिखन” शीर्षकको एक लेखमा उठाइएको, “वैदेशिक रोजगार ऐनले मानव बेचबिखन, ओसारपसार तथा तस्करीजस्ता प्रकृतिको कसुरलाई पनि ठगी भनेर चिन्ने गर्छ । के ठगी र मानव बेचबिखन, ओसारपसार वा तस्करी एकै हुन सक्छ ? बेचबिखनप्रति कतिपयको बुझाई वेश्यावृत्तिका लागि हुन्छ भन्ने छ, जबकि यौन शोषण, श्रम शोषण, श्रम प्रवासन, कृत्रिम शरणार्थी, भिख मगाउन, अंग झिक्न, अस्वाभाविक विवाहका नाममा पनि मानव बेचबिखन तथा ओसारपसार र तस्करी उत्तिकै हुने गरेको छ ।” यसले बताउँछ समस्या कहाँ पुगिसक्यो सम्बोधनको हाम्रो सोच कस्तो छ । अर्कोतर्फ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा सरकारी तथा गैरसरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र व्यक्तिगत तथा संगठित वा संस्थागत रुपमा धेरै काम भएपनि यसलाई औपचारिक तहमा एकिकृत रुपमा पहिचान गरिएको छैन । कतिपय अवस्थामा यिनीहरु बीच स्वार्थको टकराव भएको पनि पाइन्छ । “मानव बेचबिखन : सोचे जस्तो कमी आएन” शीर्षकको समाचारमा भनिएको छ, एकीकृत तथ्यांक तथा सूचना प्रणालीको अभाव, रोजगारीको अभाव तथा वैदेशिक रोजगार, मानव बेचबिखनकालागि नयाँ नयाँ तरिका र बाटोको प्रयोग हुने गरेको अवस्थामा सो अनुसारको नियन्त्रणका उपाय अबलम्बन गर्न नसक्नु, नियन्त्रणमा संलग्न निकायबीच प्रभावकारी समन्वय हुन नसक्नु र मानव बेचबिखन बारे सचेतनाको अभाव हुनुले बेचबिखनका घटनामा सोचे अनुरुप कमी आउन नसकेको उल्लेख छ । त्यसकारण यो अध्ययन र यसको निष्कर्ष तथा सुझावले भविष्यमा नीतिनिर्देशक वा मार्गनिर्देशकको रुपमा सबैलाई सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा पनि लिइएको छ ।

सूचकहरुले समग्रतामा मानव बेचबिखन तथा ओसारपसार र यस सम्बन्धी समाचारको प्रकाशनलाई साह्रै मिहिन ढंगले केलाएकाले गर्दा अध्ययनका क्रममा यो अपराध र यस सम्बन्धी समाचारको कुनैपनि पक्ष छुटेको छैन ।

**समाचारको संख्या - जातियता, लिङ्ग र उमेरका आधारमा (Number of News – Ethnicity, Sex, & Age),** जस्ता सूचकले कुन लिंगका, कुन जातीय समुदायका तथा कुन उमेर समूहका मानिसहरु बेचबिखन तथा ओसारपसारको शिकार भइरहेका छन् भन्ने स्पष्ट चित्र प्रस्तुत गरेका छन् । जातिगत रुपमा हेर्ने हो भने अध्ययनका क्रममा लगभग नेपालमा बसोबास गर्दै आएका सबै जातीय समुदायहरु बेचबिखन तथा ओसरपसारको चपेटामा परेको तथ्य तथ्यांक आउँछ । यसले के देखाउँछ भने यो समस्या सबै जातीय समुदायमा छ । यो वा त्यो भने छुट्याउन सकिने अवस्था छैन ।

**समाचारको - डेटलाईनको आधारमा, पीडित/प्रभावितको स्थायी बसेबासका आधारमा (Place of News – Dateline, District of Victims/Origin),** भन्ने सूचकले के तथ्यांक दिन्छ भने भौगोलिक रुपमा कुनै क्षेत्र विशेषका मानिस मात्र बेचबिखन तथा ओसारपसारमा परेका छैनन् । प्रायः देशका सबै भागका मानिस यो समस्यमा परेका छन भने दलालहरुको जालो पनि देशैभरि फैलिएको तथ्यांक समेत यसले दिन्छ । संख्यामा केहि कम बढि हुनसक्छ तर अछुतो भने कुनैपनि भूभाग छैन । अर्कोतर्फ समाचार कहाँवाट बढि लेखियो भन्ने तथ्यांकले के बताउँछ भने कुन नाका वा बाटो भएर बढि ओसारपसार भइरहेको छ ।

**मानव बेचबिखनको प्रकार, बेचबिखन कर्ता/दलाल/पीडकको प्रकार, बेचबिखनका उद्देश्यहरु (Types of Trafficking, Types of Trafficker, Causes of Trafficking, Objective of Trafficking),** भन्ने सूचकबाट धेरै जानकारी प्राप्त भएका छन् । मानव बेचबिखन तथा ओसारपसारको उद्देश्य के रहेछ भन्ने सूचकबाट के थाहा लाग्छ भने मानिस के का लागि ओसारपसार वा बेचबिखन भइरहेका छन् । प्राप्त तथ्य र तथ्यांकलाई हेर्ने हो भने मानिस विगतमा जस्तो यौन शोषणका लागि मात्र लगिएका छैनन् । संख्यात्मक रुपमा यौन शोषणको संख्या बढि रहेपनि मानिसलाई श्रम शोषण गर्न, मानव अंग तस्करी गर्न, जबरजस्ती धर्मपुत्र पुत्री बनाउन पनि लगिएका छन् । अझ एउटा तथ्यांकले त सुत्केरी महिलालाई ललाईफकाई गरेर बच्चालाई उनको दुध चुसाउनका लागि पनि बेचबिखन तथा ओसारपसार गरेको देखाएको छ । यसैसँग मिल्दो जुल्दो मानव बेचबिखन तथा ओसारपसारको कारणलाई हेर्ने हो भनेपनि अध्ययनका क्रममा विविध तथ्यहरु बाहिर आएका छन् । २०७२ सालमा कारणमा सबैभन्दा धेरै भूकम्पलाई देखाइएको छ । यसले के पुष्टि गर्छ भने जब जब प्राकृतिक विपद आउँछ मानिसको आवागमन वा आप्रवासन बढ्छ र त्यो असुरक्षित हुने भएकाले दलालहरुले यो मौकाको फाइदा उठाउँछन् । अन्य वर्षहरुमा भने गरिबीलाई मुख्य कारणको रुपमा बताइएको छ । गाउँगाउँसम्म रोजगारी पुग्न नसक्नु वा रोजगारीका लागि गाउँभन्दा बाहिर शहर तर्फ लाग्दा दलालहरुको फन्दामा पर्नु नै मानव बेचबिखन बढि हुनुको कारण हो । यसै गरी कतिपय अवस्थामा पारिवारिक कलह लगायतका कारण पनि बाहिर आएका छन् । मानव बेचबिखन तथा ओसारपसारलाई किसिम अर्थात प्रकारका रुपमा विभाजन गर्ने हो भने देशको सीमा कटाएर विदेश लगि ओसारपसार तथा बेचबिखन गरेका तथ्यांकहरु एकदमै बढि छन् तर यसको तुलनामा देशभित्र ओसारपसार तथा बेचबिखनको तथ्यांक केहि कम भएपनि भयावह भने छैन ।

यसै गरी अहिले वैदेशिक रोजगारीका नाममा विश्वका प्रायः सबै देशमा नेपाली पुगेका छन् र दलालको फन्दामा परेर उनीहरु बेचबिखनमा परेका समाचारहरु बढि मात्रामा आएका छन् । मानव बेचबिखन तथा ओसारपसारमा कस्ता कस्ता मानिस संलग्न छन् भन्ने सूचकले पनि डरलाग्दो तथ्यांक बाहिर ल्याएको छ । मानिसले सबैभन्दा बढि सुरक्षित ठान्ने घर हो तर घरपरिवार भित्रै मानिस आफ्नै जन्म दिने बुबाआमा, सहोदर दाजुभाइ दिदीबहिनी, काकाकाकी, मामामाईजु जस्ता नाता सम्बन्धका मानिस नै दलाल वा बिचौलिया बनेर बेचबिखनमा संलग्न भइरहेका छन् । पहिल्यै देखि चिनेजानेका साथीसँगी, प्रेमी वा श्रीमान जस्ता व्यक्ति समेतले लगेर बेचबिखन गर्नु वा ओसारपसार गर्नु भनेको यो समस्याले कुन हदसम्म जरा गाडेको छ भन्ने ज्वलन्त उदाहरण हो ।

पाँच वर्षकै अध्ययनका क्रममा, मानव बेचबिखन तथा ओसारपसारका समाचारहरु प्रशस्त प्रकाशित थिए । तर अध्ययनका क्रममा विस्तारै यो मानव बेचबिखन तथा ओसारपसार वैदेशिक रोजगारी सँग जोडिन थालेको र यसले मानव तस्करीको रुप लिएको प्रष्ट हुन्छ । वैदशिक रोजगार नेपालीका लागि बाध्यात्मक बनिरहेको अवस्थामा सरकारी र गैरसरकारी क्षेत्रको प्रयासका वावजुद अहिले पनि वैदेशिक रोजगारीमा जानु अघि र पछि पाइलैपिच्छे संयमित भइएन भने महिला हुन वा पुरुष अप्ठ्यारोमा पर्ने सम्भावना छ । यसकारण समग्र अध्ययनका क्रममा निम्न तथ्यहरु निष्कर्षका रुपमा आएका छन् र यसलाई सम्बोधन गर्नु जरुरी छ :

**१. घरपरिवार र आफन्तबाटै बेचिने**

पाँच वर्षको अध्ययनका क्रममा मानव बेचबखिन तथा ओसारपसारका विषयमा पत्रपत्रिकामा छापिएका समाचारलाई विश्लेषण गर्दा पाइएको सबैभन्दा डरलाग्दो विषय भनेको घरपरिवारका मानिस वा आफन्तबाटै बेचबिखनमा पर्नु वा भुक्याएर तस्करीमा पार्नु हो । “चेलीबेटी बेचबिखन, आफ्नै घरभित्र बन्छ योजना” शीर्षकको समाचारमा “बेचबिखनका अधिकांश घटनाको योजना घरभित्रै बनेका हुन्छन् र यसमा संलग्न हुन्छन् बुबा, आमा, छरछिमेक, गुरु, आफन्तजन” भन्ने उल्लेख छ । यसले देखाउँछ मानव बेचबिखन तथा ओसारपसारमा परिवारकै मानिस सक्रिय छन् भनेर । “आफन्तले नै कटाउँछन् छोरीबुहारीलाई सिमाना”, “आफन्तवाटै बेचिन्छन् चेली” शीर्षकको समाचारमा भने, महिला बेचबिखन विरुद्धको अभियान टोल टोलसम्मै पुगिरहेको र सामाजिक रुपमा जागरण उठिरहेको बेला पनि मानव तस्कर नेपाली महिलालाई सिमा कटाउन सफल भइरहेका छन् । परिवारकै सहमतिमा तस्कर तथा दलालहरु फकाउन र लैजान सफल भएको उल्लेख गरिएको थियो ।

**२. वैदेशिक रोजगारीका नाममा बेचिने**

पाँच वर्षका प्रकाशित समाचारको विश्लेषण गर्दा के प्रष्ट हुन्छ भने, वैदेशिक रोजगारी हामी नेपालीको बाध्यता बन्दै गएको छ । दशकौंसम्म गरिएका राजनीतिक आन्दोलन र पटक पटक राजनीतिक आन्दोलनका उपलब्धि नेतृत्वले संस्थागत गर्न नसक्दा बेरोजगारी नेपालको विकराल समस्याका रुपमा यथावत रहेको छ । यहि कारणले विदेशीनु बाध्यता हो र दलालले यहि बाध्यताको फाइदा यो वा त्यो रुपमा उठाइरहेका छन् । “आखिर यो मेरो रगत हो” शीर्षकमा छापिएको समाचारमा उल्लेखित “उनलाई थाहा थिएन विदेश जान के गर्नुपर्छ । एजेन्सीका मान्छेले जता लगे उतै लागिन । भारत हुँदै साउदी पुदासम्म त्यो देश बारे थाहा थिएन” भन्ने वाक्यांशले के प्रष्ट बताउँछ भने बेरोजगारीको बाध्यताका कारण मानिस धेरै कुरा नबुझिकनै आँखा चिम्लेर हाम्फाल्न तयार हुन्छ । यो समस्यावाट मुक्त हुन सबैभन्दा पहिला त नेपालमै रोजगारी सुनिश्चित हुनेगरी काम गरिनुपर्छ तर अहिले सरकारले नै युवालाई वैदेशिक रोजगारीमा पठाउने नीति लिएकाले तत्कालै त्यो सम्भव छैन । त्यसकारण वैदेशिक रोजगारीमा जान खोज्नेलाई सहि र प्रष्ट सूचना दिने गरी जिम्मेवारी पाएका निकायहरु एकदमै सक्रिय हुन जरुरी छ । गन्तव्य देश यदि प्रतिबन्धित हो भने त्यहाँ जानै नदिने र जान सकिने देशका बारेमा सम्पूर्ण जानकारी, गर्नुपर्ने काम लगायतका विषयमा स्पष्ट जानकारी दिएर मात्र पठाउन सक्नुपर्छ । सरकारी निकायले यदि विश्वास योग्य ढंगले काम गरेमा कसैले पनि गैरसरकारी क्षेत्र वा अवैध बाटो रोज्ने नै छैन ।

यहाँ सरकारी निकायले व्योहोर्ने चुनौतीलाई पनि ध्यानदिनु पर्दछ किनकी दलालको चंगुलमा परेको व्यक्ति सरकारी कार्यालयमा आएर उमेर ढाँटने, राज्यलाई सकेसम्म जानकारी नदिई जानखोज्ने प्रवृत्ति धेरै छन् तर कतिपय समाचारमा भने सरकारी निकायका पदाधिकारी नै दलाल वा एजेन्ट बनेका समाचारले भने दोहोरो चुनौती उजागर गरेको छ ।

## ३. मानव तस्करी

यौनधन्दा बाहेकका विविध कारणले मानिस ओसारपसारको क्रम बढेपछि अहिले यसलाई मानव तस्करीको संज्ञा दिन थालिएको छ। "वैदेशिक रोजगारीभित्रको मानव बेचबिखन" शीर्षकको लेखमा उठाइएको विषय निकै महत्वपूर्ण छ।

मानव तस्करीमा नेपालगञ्ज नाका भन्ने समाचार जसमा ७ सय ३० महिलाको उद्धार गरिएको उल्लेख छ। "मानव तस्करी किर्गिस्तानतिर पनि", "साउदी अरबमा नेपाली महिला तस्करी", "मानव बेचबिखनको जालो" तथा "मानव बेचबिखन विरुद्ध संगठित हुन जोड" लगायतका सबै समाचार मानव तस्करीका विषय उठान गरिएका छन्।

"महिला तस्करी" शीर्षकको समाचारमा, यूएईमा मलाई काम लगाइएको ठाउँमा पुग्दा त्यहाँ २० भन्दा बढि नेपाली दिदीबहिनी थिए तर कानुनी रुपमा आउने कोही थिएनन। सबै तस्करकै सिकारमा परेका थिए, भनेर पीडितलाई उदृत गरेर समाचार बनाइएको छ।

"मानव तस्करी पाँच वर्षयताकै उच्च" शीर्षकको समाचारमा त भूकम्पमा घरबार गुमाएकाहरु बेचबिखनमा बढी परेको तथ्यांक सहित प्रस्तुत गरिएको छ। समाचारमा उल्लेख भए अनुसार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले दिएको तथ्यांकमा आ.व. २०६९/०७० मा १ सय ४४ वटा उजुरी प्रहरी कार्यालयमा दर्ता भएका थिए। आ.व. २०७०/०७१ मा १ सय ८५ वटा, आ.व. २०७१/०७२ मा १ सय ८१ वटा, आ.व. २०७२/०७३ मा २ सय १२ वटा र आ. व. ०७३/०७४ को कात्तिक मसान्त सम्ममा १ सय ११ वटा उजुरी प्रहरी कार्यालयमा दर्ता भएको समाचार उल्लेख छ।

"मानव तस्करी रोक्न प्रहरीको छुट्टै सेल" शीर्षकको समाचारमा अपराध अनुसन्धान विभागले एसएसपीको कमाण्डमा मानव तस्करी अनुसन्धान तथा नियन्त्रण सेल बनाएको समाचारले पनि मानव तस्करीको गम्भिरतालाई ईङ्गित गर्दछ।

"पटक पटक बेचिन्छन् इराकमा नेपाली महिला","युवती केन्या लान खोज्ने बिचौलिया थुनामा", "अंगोलासम्म मानव तस्करी", "सिरियामा नेपालीको शव", "अफ्रिकी डान्सबारमा नेपाली चेली", "खासामा चेली लैजान रोकिएन" "नेपाली चेली ओमानमा बन्धक", "अफ्रिकामा युवती बेच्ने सात जना पक्राउ" र "सिरियामा पनि युवती बेचेको रहस्य खुल्यो" जस्ता समाचारले वैदेशिक रोजगारीका नाममा बढि रहेको मानव तस्करीलाई ईङ्गित गर्दछ। नक्कली राहदानी मार्फत अवैध तरिकारले नेपाल प्रवेश गर्न खोज्ने विदेशीको संख्या बढिरहेको भन्ने, "अनअराईभल लचिलो भिसाले मानवतस्करी सजिलो" शीर्षकको समाचार र "दलाई लामाको गुम्बातिर ओसारिदै नेपाली बालक" भन्ने समाचारले पनि यसलाई पुष्टि गर्दछ।

नेपाली युवालाई छ महिना देखि २ वर्षसम्म लगाएर एकदमै जोखिमपूर्ण तरिकाले सडकमार्गवाट अमेरिका लैजाने मानव तस्करीको समाचार पनि प्रकाशमा आएको थियो। यस्ता घटना बढेपछि यसले सञ्चार माध्यममा निकै चर्चा पायो र संसदले समेत सक्रियता देखायो। संसदको सामाजिक न्याय तथा मानव अधिकार समितिले छानबिन गरेर सरकारलाई विभिन्न निर्देशन पनि दिएको थियो।

"मानव बेचबिखनको जालो, दुबई प्रलोभन देखाएर सिरिया" शीर्षकको समाचारमा, युवतीको फेसबुकमा सन्देश पठाई रोजगारीको प्रलोभनमा पारी सिरियामा बेचिएको तथ्य सार्वजनिक भएको थियो। "इराकमा नेपाली युवती अलपत्र, एजेन्टले कुर्दिस्तान लैजाने भन्दै इराक लगेर ५ लाख रुपैयाँमा छोरी बेचेको पीडित परिवारको आरोप", "दिल्लीमा मानव तस्कर गिरोह पक्राउ ११ युवतीको उद्धार", "कृष्णनगर मानव तस्करीको प्रमुख नाका", जस्ता समाचार पनि थिए।

"बढ्यो अमेरिका लाने धन्दा" शीर्षकको समाचारमा, "नेपाल मानव तस्करीको ट्रान्जिट बनेको र पुरुष, महिला र बालबालिकालाई जबरजस्ती काम तथा यौनधन्दामा लगाउन लैजानेमा नेपाल श्रोत, ट्रान्जिट र गन्तव्य राष्ट्र हो" भन्ने उल्लेख छ । "अवैध रुपमा अमेरिका लैजाने गिरोह बैंककमा सक्रिय", "मौलाउँदो मानव तस्करी" शीर्षकको समाचारमा, औकात अनुसारका दलाल छन्, ठूलालाई ठूलैले ठग्छन्, सानालाई ठग्ने सानै हुन्छन्, हुनेखाने अमेरिका युरोप जाने नाममा ठगिइरहेका छन्, त्यसभन्दा अलि तलका जापान कोरियाका नाममा, निम्न मध्यमवर्गीय खाडीमा फसेका छन्, गरिबहरु भारतमा बेचिएका छन्", भन्ने समाचार एवं "मानव तस्करीको डरलाग्दो तस्बिर" शीर्षकको समाचारबाट पनि मानव तस्करीको आयाम प्रष्ट हुन्छ । "अफ्रिकामा मुजुरा नाच्दै नेपाली चेली", "मसाजभित्रका अन्तरकथा", "खाडीका डान्सबारमा नेपाली युवती बेच्ने गिरोह समातियो", "कलाकार भन्दै युवती बेच्ने गिरोह पक्राउ" र "सिरहामा मानवतस्कर सक्रिय" जस्ता समाचारले पनि मानव तस्करीको जालो बभ्रुन मद्दत गरेको छ ।

### ४. नक्कली/ कागजी विवाह

"म्यारिज ब्युरोका नाममा चेली बिक्री गर्ने पक्राउ" शीर्षकको समाचारमा, नेपाली युवतीलाई रोजगारीको प्रलोभनमा चिनियाँ र कोरियाली नागरिकसँग विवाह गराई बिक्री गर्ने गिरोह पक्राउ परेको समाचार हो यो । "बिहे गराउँदै युवती तस्करी", "नेपाली युवती बेचिने नयाँ तरिका विवाह" लगायतका समाचारमा पनि विस्तृत रुपमा मानव तस्करीको यो नयाँ स्वरुप बाहिर आएको थियो । पाँच वर्षको अध्ययनका क्रममा मानव बेचबिखन तथा तस्करीका नयाँ नयाँ विषयहरु बाहिर आए । नक्कली विवाह गरेर विदेश जाने यिनैमध्येको एक हो । "बिग्रिएका कोरियन केटाले गरिब देशका युवती बिहे गर्छन" शीर्षकको समाचार होस वा कोरियन भुलभुलैया "म्यारिज ब्युरो मार्फत तीन हजारभन्दा बढी नेपाली युवती कोरियामा" शीर्षकको समाचारले मानव बेचबिखन तथा ओसारपसारको नयाँ आयामलाई खुलासा गरिदिएको छ । यसमा पनि थप अध्ययन गर्न, कानुन कार्यान्वयनमा रहेका निकाय सचेत हुन र यस विरुद्धमा नागरिक सचेतना अभियान चलाउन जरुरी छ ।

### ५. बालबालिका बेचबिखन

यौन शोषणका लागि बालबालिका बेचबिखन गर्ने विषय त बेलाबेलामा उठेकै हो । यौन शोषण जत्तिकै गम्भिर बालबालिकालाई काममा लगाएर गरिने श्रम शोषण हो । इँटाभट्टा, सारीमा जडी भर्ने वा अन्य यस्तै कामका लागि बालवालिकाको बेचबिखन गर्ने बन्धक बनाउने समाचार प्रकाशित भएका थिए । "१२४ बाल श्रमिकको उद्धार" शीर्षकको समाचार र "इँटाभट्टामा बन्धक ६४ मजदुरको उद्दार" शीर्षकको समाचारमा पनि बालबालिकाको बेचबिखन तथा ओसारपसारको प्रसंग उठाइएको छ । बालश्रम मुक्त गर्न खोजिएपनि अझैपनि धेरै ठाउँमा यो समस्या रहेको र अझ बालबालिकाको अबोधपनको फाइदा उठाई बन्धक बनाएर वा धाकधम्कीले डरत्रास देखाएर किनबेच गरी श्रम शोषण हुने विषयमा कानुन कार्यान्वयन गर्ने निकाय तथा आमाबुबालाई सचेत बनाउन जरुरी छ ।

### ६. पुरुषको यौन शोषण

पुरुष बेचबिखनको समाचार त मानव बेचबखिन तथा ओसारपसार वा मानव तस्करी अन्तर्गत समेटिएकै थियो तर पाँच वर्षको अध्ययनका क्रममा पुरुषको यौन शोषणका वा यौनधन्दाका बारेमा पनि एकाध समाचार प्रकाशित भए र समस्या उजागर गर्ने कामभयो । "धन्दा पुरुष वेश्याको" तथा "पुरुषवाट पुरुष बलात्कृत" जस्ता समाचारले अध्ययनको नयाँ दायारा खोलेको छ ।

### ७. मानव अंग बेचबिखन

थाहा दिएर वा नदिएर, पैसाको लोभमा पारेर वा झुक्याएर मृगौला बेचिने समस्या अहिले पनि यथावत छ । अध्ययनका पाँच वर्षमा यो विषयमा नि समाचार प्रकाशित भए । कतिपय त दलालले सजाय पाएका समाचार

पनि थिए तर पनि यो क्रम नरोकिएकाले यसमा सबैको संयुक्त पहलको आवश्यकता छ । "मृगौलामाथि दलाल दृष्टि" शीर्षकको समाचार होस वा "१०३ जनाले बेचे मृगौला, दलालको प्रलोभनमा फँसे गाउँले " भन्ने समाचार यसले समस्याको गाम्भिर्यतालाई बाहिर ल्याएको छ । यसै गरी "मिर्गौला तस्करीको च्यातियो जालो", "सयभन्दा बढीको मिर्गौला बेचेका सबै दशजना मृगौला तस्कर पक्राउ " "मिर्गौला तस्करीमा संलग्न नौजना पक्राउ काभ्रेका तीन सय बढीले मृगौला बेचे ।" "मृगौला बेच्ने जालोमा परिवारै", "मिर्गौला तस्करविरुद्ध मुद्दा", "२० वर्षदेखि मिर्गौला बेचबिखन काभ्रेका गा.वि.स.मा मिर्गौला बेच्नेको संख्या ९७", "पहिला आफ्नो पछि अरुको", "मृगौला बेच्ने गिरोह पक्राउ", "मृगौला बेच्नेलाई १० वर्ष कैद" यस्ता केहि समाचार हुन् जसले, मानव अंग बेचबिखनको जालो कसरी फैलिएको भन्ने बताइरहेका छन् ।

मानव अंग बेचबिखनकै विषयमा कुरा गर्दा अहिले सबैभन्दा धेरै मृगौला बेचबिखनको समाचार बाहिर आएको छ तर मानिसका अरु कुन कुन अंग बेचबिखन वा तस्करी हुन्छन् भन्ने विषयमा थप अध्ययनको आवश्यकता छ। जस्तै सरोगेसी वा कोख भाडामा दिने विषय विगतका वर्षमा निकै चर्चामा रह्यो। "मातृत्व किनबेच" शीर्षकमा यो विषयमा सम्पादकीय नै लेखियो । यसको पक्षविपक्षमा बहस पनि चले । सरकारले कानुनी मान्यता दिनपनि खोज्यो तर निकै विरोध भयो । यसले सञ्चार माध्यममा पनि निकै कभरेज पायो । यो विषयमा अदालतमा रिट पनि पर्‍यो र अदालतले गैरकानुनी ठहर गरेपछि अहिले यो काम बन्द भएको छ ।

## ८. बेचबिखन, वेपत्ता वा उद्धारको तथ्यांक

तथ्यांकका मामलामा मानव बेचबिखनको यकिन तथ्यांक पाउन निकै गाह्रो छ । यसमा गम्भिर अध्ययन अनुसन्धानको आवश्यकता छ । कतिपय अवस्थामा समाचारमै पनि फरक फरक तथ्यांकहरु आईरहेका हुन्छन् । "बर्सेनि १२ हजार महिला बेचबिखनको जोखिममा" भन्ने समाचारले एउटा तथ्यांक दिन्छ । अध्ययनका पाँच वर्षमा मानिस हराएका वा वेपत्ता भएका समाचार पनि प्रसस्तै थिए । नेपालगञ्जवाट लेखिएको समाचारमा "एक वर्षमा ४ सय ८७ चेली हराए" भन्ने उल्लेख थियो । "बेपत्ता महिला संख्या बढ्दो" शीर्षकको समाचारलाई पनि चुनौतीका रुपमा लिन सकिन्छ । "मध्यपश्चिमका जिल्लावाट वर्षमा २६२ महिला हराए" "लमजुङ्गवाट ६ महिनामा ४० महिला र १० बालबालिका हराए" महेन्द्रनगरबाट "बेच्न लगिएका १७६ फिर्ता" जस्ता समाचार स्रप्रेषण भएका थिए । "नौ महिनामा ९१ युवतीको उद्धार" "सय जनामा दुईको उद्धार" "सय जनामा एकको उद्धार" "भारतवाट २१ बालकको उद्दार" "१० बालिकाको उद्दार" लगायतका शीर्षकमा प्रकाशित समाचारमा समग्रमा मानव बेचबिखन तथा ओसारपसारको अवस्थालाई चित्रित गरेको थियो ।

"बालबालिका बेचिएको बेचियै" शीर्षकको समाचारमा पर्सा जिल्लामामात्र भारतवाट १३९ नाबालकको उद्धार गरिएको । एकसय जनालाई सिमाबाट फर्काइएको । सर्लाहीबाट गयामा लगेर माग्ने काममा लगाइएका १३ बालबालिका फर्काइएका । कपिलवस्तु र आसपासवाट भारत लगेर बन्धक बनाइएका १९ जनाको उद्धार गरिएको । १५ जनालाई भारतवाट रौतहट फर्काइएको । छ महिनाको अवधिमा मकवानपुरमा ७२ जना, रुपन्देहीमा २१ जना, रौतहटमा २१ जना, चितवनमा १८ जना, सर्लाहीमा १६ जना र नवलपरासीमा ५ जना हराएको तथ्यांक पनि प्रकाशमा आएको थियो ।

"चौबीस दिनमा २३ चेलीको उद्धार" "बिक्री गर्न भारत पुर्‍याइएकी चेलीको उद्धार"," नेपालगञ्ज नाकाबाट भारत पसेका ४ सय ६१ जना महिला बेपत्ता", "नौ दिनपछि डोल्पाका २८ बालबालिकाको उद्धार" "सुनसरीका सयौं बालबालिका बेचिएको खुलासा", "भद्रपुर नाकाबाट ४ सय ५८ चेलीको उद्धार" "एक वर्षमा तीन सय चेलीको उद्धार" जस्ता समाचारले यकिन तथ्यांक खोज अन्वेषणको विषय हो भन्ने बताउँछ ।

## ९. बच्चा बिक्री

२०७२ सालमा प्रकाशित भएको एउटा एकदमै डरलाग्दो समचार, “अस्पतालमा बच्चा किनबेच” शीर्षकको हो । लहानको लवकुश अस्पतालले बच्चा बेचेको भन्ने समाचार थियो यो । आफूवाट सन्तान हुन नसक्ने डाक्टरको भनाइपछि अरुको बच्चा काख लिन खोजेकी महिलालाई छिमेकीले लवकुश अस्पताल बोलाएको र पैसा लिएर अस्पतालले बच्चा दिएको समाचारमा उल्लेख थियो । प्रहरीलाई प्राप्त जानकारी अनुसार छोरी दुई देखि ३ लाख र छोरा ३ देखि ५ लाखमा बिक्री गरिन्छ, भन्ने पनि समाचारमा उल्लेख थियो । मानव बेचबिखनको आयाम बभ्रुन निकै मद्दत गर्ने भारतको एउटा समाचार पनि यसबर्ष प्रकाशमा आएको थियो । समाचारको शीर्षक थियो, “नाति बेच्ने हजुरबुवासहित ३ पक्राउ” । समाचार अनुसार, भारतमा एक ४७ वर्षीय हजुरबुवाले अस्पतालको शैय्यावाटै नवजात शिशु नातिलाई ४५ हजार भारतीय रुपैंयाँमा बेचिदिएका थिए ।

## १०. सुरक्षाकर्मी वा कानुन कार्यान्वयन गर्ने निकायनै संलग्न

“माफि माग्दै उम्कन्छन अभियुक्त” भन्ने एउटा समाचारले नै मानव बेचबखिन तथा ओसारपसार जस्तो गम्भिर मुद्दामा सुरक्षाकर्मीको लापरवाही वा मिलेमतोलाई बाहिर ल्याएकाले यसमा गम्भिर बन्नै पर्दछ। यसले प्रहरीको कमजोरी र यस्तो जघन्य अपराध प्रतिको वेवास्तालाई दर्शाउँछ। मानव बेचबिखन तथा ओसारपसार सरकारवादी फौजदारी मुद्दा हो जसलाई मिलापत्र गराउन सकिदैन तर सुरक्षाकर्मीहरुले मिलापत्र गराएको माफि मागेपछि छाडिदिएको समाचारमा उल्लेख छ । अन्य केहि घटना यस्ता छन् जसमा प्रहरीनै मानव बेचबिखनमा संलग्न छन् । “मानव बेचबिखनको आरोपपछि असई फरार” यसकै उदाहरण हो । कतिपय अवस्थामा जानेर हो वा नजानेर पीडितको गोपनीयताको हकको उल्लंघन समेत प्रहरीवाट भइरहेका छन् । “प्रहरीले बलात्कृत युवतीको पहिचान खोल्यो” भन्ने समाचारमा, “अध्यागमन कर्मचारीवाट लुटिएकी र प्रहरीवाटै बलात्कृत युवतीको नाम ठेगाना प्रहरीले सार्वजनिक गरेको, विशेष प्रकृतिको अपराधमा पीडितको पहिचान गोप्य राख्नुपर्ने कानुनी व्यवस्था भएपनि प्रहरी प्रधान कार्यालयले कानुन उल्लंघन गर्दै वास्तविक परिचय खुलाएको” उल्लेख छ । प्रहरी नै मानव बेचबिखनमा संलग्न भएको मात्र होइन मानव बेचबिखनको पीडितलाई सहयोग नगरेका समाचार पनि अध्ययनका क्रममा भेटिएकाछन् । “केटी बेच्नेमा संलग्नलाई प्रहरीले कारबाही गरेन” भन्ने समाचारमा, न्याय माग्दा उल्टै पीडकले आफू विरुद्ध प्रहरीमा उजुरी दिएको र उसको उजुरी प्रहरीले सुनुवाई गरेको भन्ने समाचार थियो यो । “बेचिनेको रुवाबासी बेच्नेलाई स्याबासी” शीर्षकको समाचारमा पीडित परिवारले पटक पटक उजुरी दिंदा पनि प्रहरीले उजुरी लिन अस्वीकार गरेको उल्लेख थियो । प्रहरीले नै दलाल वा एजेन्टको काम गर्ने, पीडितको परिचय सार्वजनिक गर्ने, मिलापत्र गराउने घटना अहिलेपनि कतिपय जघन्य अपराधमा प्रहरी प्रशासनबाट दोहोरीरहेकाले यसलाई प्रहरी प्रधान कार्यालयबाटै शसक्त निर्देशन जारी गर्न र सम्बन्धित सबैले यो विषयलाई उठान गर्न जरुरी छ ।

## ११. गैरसरकारी संस्थाकै संलग्नता

यसै गरी कतिपय समाचारमा मानव बेचबिखन विरुद्धको अभियानमा संलग्न व्यक्ति वा संस्थाहरु नै यस्तो अपराधमा लागेको समाचारले यसभित्रको विकृतिलाई बाहिर ल्याएको छ। मानव बेचबिखन विरुद्ध अभियान सञ्चालन गर्दै आएको पारालिगल समूहका सदस्य नै मानव बेचबिखनमा संलग्न रहेको किटानी जाहेरी परेको “अभियानकर्ता विरुद्ध बेचबिखन मुद्दा” भन्ने समाचार यसको उदाहरण हो। अझ “मानव बेचबिखनको डरलाग्दो स्वरुप” शीर्षकको लेखमा, “प्रतिष्ठित सामाजिक संस्थाका रुपमा पहिचान बनाउन सफल संस्थाहरु र यस्ता संस्थाका पात्रहरुसमेत यसै अपराधमा संलग्न भई रातारात नवधनाढ्य बनिराखेका छन् ।” भन्ने उल्लेख भएवाट गैरसरकारी क्षेत्रको कामकारबाहीलाई पनि विशेष निगरानीमा राख्नुपर्ने देखिन्छ ।

## १२. कानुनमा रहेका कमजोरी

अध्ययनका क्रममा भेटिएको अर्को तथ्य हो, हाम्रो कानुन तथा नीतिमा रहेका कमी कमजोरी । यसकारण यसलाई समय सापेक्ष बनाउनै पर्ने आवश्यकता छ । "मानव बेचबिखन नियन्त्रण ऐन कार्यान्वयन हुन सकेन" तथा "मानव बेचबिखन : सोचे जस्तो कमी आएन" शीर्षकको समाचारले यो तथ्य बाहिर ल्याएको छ । समाचारमा भनिएको छ, एकीकृत तथ्यांक तथा सूचना प्रणालीको अभाव, रोजगारीको अभाव तथा वैदेशिक रोजगार, मानव बेचबिखनका लागि नयाँ नयाँ तरिका र बाटोको प्रयोग हुने गरेका अवस्थामा सो अनुसारको नियन्त्रणका उपाय अबलम्बन गर्न नसक्नु, नियन्त्रणमा संलग्न निकायबीच प्रभावकारी समन्वय हुन नसक्नु र मानव बेचबिखन बारे सचेतनाको अभाव हुनुले बेचबिखनका घटनामा सोचे अनुरुप कमी आउन नसकेको उल्लेख छ । "पीडितले बयान फेर्दा अभियुक्तलाई उन्मुक्ति" शीर्षकको समाचारमा के कारणले हो अध्ययन त हुनुपर्ला तर मानव बेचबिखन तथा ओसारपसार मुद्दाका वादीले अदालतमा बयान फेर्दा अभियुक्तले उन्मुक्ति पाएको उल्लेख छ। "कानुनबाहिर बेचबिखनका दलालहरु" भन्ने समाचारमा पनि कानुनका कमीकमजोरी समातेर दलालहरु उम्किरहेको उल्लेख छ । "मानव तस्कर आरोपीलाई उन्मुक्ति" भन्ने समाचारमा बेचबिखनको आरोपमा जाहेरी दिएकी महिला प्रहरी सम्पर्कमा नआएपछि पक्राउ परेका व्यक्ति विरुद्ध प्रहरीले मुद्दा नै चलाउन सकेन । "बयान फेर्दा जेल" भन्ने समाचारमा भने अदालतमा बयान फेरेर मानव बेचबिखनका अभियुक्त जोगाउन खोज्ने पीडित पक्षका तीनजनालाई अदालतले तीन महिना कैद सजाय गरेको उल्लेख थियो । "मानव बेचबिखन विरुद्धको कानुन कार्यान्वयन फितलो" भन्ने समाचार पनि यसको उदाहरण हो ।

## १३. राजनीतिक संरक्षण

दलालहरुले सत्ता शक्तिमा पहुँच पुऱ्याउने तथा राजनीतिक नेतृत्व नै मानव बेचखिन तथा ओसारपसारमा संलग्न हुनु निकै गम्भिर समस्या हो । राजनीतिक नेतृत्वको आडमा प्रहरी प्रशासनले पक्राउ नगर्ने, पक्राउ गरेपनि पीडित प्रभावितलाई नै दोष देखाउने, मिल्ने दबाब दिने जस्ता समस्या अहिलेपनि विद्यमान छ । "चेलीबेटी बेचबिखनमा राजनीतिक दबाव" शीर्षकको समाचार उल्लेख भएको, चर्को राजनीतिक दबावका कारण दलाल पक्रन गाह्रो भन्ने वाक्यांशले नै बताउँछ यो समस्या कति गम्भिर छ भनेर । अर्कोतर्फ यो ओरोप पुष्टिगर्न भने निकै गाह्रो छ। यसका लागि राजनीतिक दलहरुले नै गम्भिर र जिम्मेबार हुनुपर्ने हुन्छ । पार्टीमा यस्तो प्रवृत्तिलाई हतोत्साही गर्ने, यस्तो कार्यमा संलग्न पार्टी नेतृत्व वा कार्यकर्तालाई दण्डित गर्ने विषयमा कार्य गर्न जरुरी छ ।

## १४. पीडित प्रभावितको पुनर्मिलन वा पुनर्एकिकरणमा समस्या

मानव बेचबखिन तथा ओसारपसारको एउटा जटिल समस्या भनेको पीडितको समाजमा पुनर्मिलन वा पुनर्एकिकरणको हो । अपराधीहरु समाजमा खुल्लम खुल्ला घुमिरहेका हुन्छन वा उनीहरु सजाय पाएर जेल पुगिसक्दा पनि कुनै दोष नभएका पीडित प्रभावितहरु भने समाजमा बस्न नसक्ने अवस्था हुन्छ। उनीहरुलाई परिवार, समाजले स्वीकार गरिरहेको हुदैन, जबरजस्ती बसिहालेमा पनि बर्षौसम्म त्यो भनाई वा वचन यो वा त्यो रुपमा उनीहरुले खपिरहनु पर्छ । बेचबिखनमा परेपछि भोग्नुपर्ने शारिरीक मानसिक पीडा जत्तिकै पीडा बेचिएका व्यक्तिले समाज वा परिवारमा पुनर्स्थापनामा भोग्नुपर्ने भएकाले यसलाई सम्बोधन गर्न जरुरी छ । "उद्धार गरिएकी युवतीलाई पुनर्स्थापनाको चिन्ता" शीर्षकको समाचारमा होस वा "मुम्बईमा नाचेर फर्केकी भनेर समाज र आफन्तले तिरस्कार गर्ने हुनकी" भन्ने समाचार होस, यो साह्रै डरलाग्दो पक्ष छ । एकपटक बेचिएर अपमानित भइसकेका व्यक्तिले त्यो नरकवाट छुटकारा पाएपछि पनि उसले पुनः सामाजिक लाञ्छानाले भरिएको जिवन व्यतित गर्नुपर्ने अवस्था छ । यसकै अर्को उदाहरण हो, "विदेशवाट फर्किएकी महिला भन्छिन, जहाँ गएपनि उस्तै" तथा "विदेशवाट फर्किएकी महिला घरबाट बहिष्कृत" भन्ने समाचार । "बाह्र वर्ष कोठीको कमाई सात सय" शीर्षकमा छापिएको समाचारमा, "दलाल मार्फत कोठीमा पुग्दा

इज्जतको विस्तरा लगाउन नमान्दा यातना र नशालु सुई लगाएर धन्दामा लगाउने कोठी सञ्चालकले रोगी र उमेर ढल्केका नेपाली चेलीलाई गलहत्याएर निकाल्ने" गरेको उल्लेख छ । यो विषय एकदमै गहन छ । पहिला जबजस्ती वा भ्रुक्याएर लगिन्छ, बेचिन्छ अनि त्यहाँवाट भाग्न खोज्दा पनि फेरी जबरजस्ती समातेर ल्याइन्छ र नारकीय जिवन व्यतित गर्न लगाइन्छ । पछि वृद्ध भएपछि वा रोग लागेपछि जबरजस्ती घोक्राएर निकालिन्छ र त्यति बेला उसँग उसले जीवनभरी शरिर बेचेर कमाएको पैसा समेत हुदैन ।

## १५. वैदेशिक रोजगारीमा विवाहेत्तर सम्बन्ध

वैदेशिक रोजगारीमा जानेक्रम बढेपछि विदेश गएको पुरुष वा महिला तथा स्वदेशमा रहेका उनका पति वा पत्नीले आफ्नै राजीखुशीले वा कसैको लहैलहैमा लागेर विवाहेत्तर सम्बन्ध राख्ने, विदेशबाट पठाएको पैसा उसैसँग मोजमस्तीमा उडाइदिने तर फर्केर आउँदा घरपरिबारविहिन बनाइदिने समस्या केन्द्रीत रहेको समाचार पनि निकै प्रकाशित भए । "वैदेशिक रोजगारले बढायो सम्वन्ध विच्छेद" तथा "काम गर्न विदेश गएकाको पत्नीमा मानसिक समस्या बढ्दो" जस्ता समाचारले यस विषयमा गम्भिर हुन र थप अध्ययन गर्न दायरा खोलिदिएको छ ।

## १६. अपराधीलाई दण्डसजाय

मानव बेचबिखन तथा ओसारपसार वा मानव तस्करी नियन्त्रणका विषयमा चुनौती बाहिर आएपनि अध्ययनका क्रममा प्रहरी, प्रशासन, अदालत, नागरिक समाजको सक्रियताले अपराधीहरुले सजाय पनि पाएका छन् । जुन यो अभियानमा लाग्नेहरुका लागि प्रोत्साहन मिल्ने विषय हो भने अपराधीहरुलाई हतोत्साही बनाउन सक्ने विषय हो । अदालतवाट भएको फैसला मध्ये सबैभन्दा चर्चित थियो सिन्धुपाल्चोकका मानव बेचबिखन तथा ओसारपसारका कुख्यात अपराधी बजिरसिंङ तामाङले पाएको सजाय । जिल्ला अदालतले उनलाई १ सय ७० वर्ष जेल सजाय सुनाएको थियो ।

"पत्नी बिक्री गर्नेलाई बीसवर्ष कैद" भन्ने समाचारमा आफ्नै गर्भवती पत्नी बेच्ने पतिले सजाय पाएका थिए । यो समाचारले अर्को एउटा कुरा पनि संकेत गर्दछ कि मानिस पैसाका लागि जे पनि गर्छ र अर्को मानिसले सबैभन्दा बढि विश्वास गर्ने पति पत्नी, बुबा छोरा, आमा छोरी जस्ता नाताका मानिस पनि आफन्तलाई बेच्न तयार हुन्छन् । किन यस्तो हुन्छ ? के पैसा नै वा गरिबी नै सबै कारण हो ? अध्ययन हुनु जरुरी छ । "विधवा बेच्नेलाई २० वर्ष कैद", "मानव बेचबिखन तथा ओसारपसारमा संलग्न म्यानपावर सञ्चालक पक्राउ", "मान्छे बेच्नेलाई सोह्र वर्ष कैद", "पति र प्रेमीसहित ६ पक्राउ", "चेलीबेटी बेचबिखनमा संलग्न ३ अभियुक्त पक्राउ" "चेलीबेटी बेचबिखनका नाइकेलाई ५२ वर्ष कैद", "आमा सहित दुई छोरी बेचेको अभियोगमा ३० वर्ष कैद" तथा "छोरी बेच्ने बुबालाई १५ वर्ष जेल" जस्ता शीर्षकका समाचारहरु यसका केहि उदाहरण हुन् ।

यसै गरी "श्रीमती बेच्नेलाई ४४ वर्ष कैद", "युवती बेच्नेलाई २० वर्ष कैद र २ लाख जरिबाना तथा त्यतिनै पीडितलाई क्षतिपूर्ति भराउने समाचार", "सासु बेच्ने बुहारी थुनामा" बुहारीले सासुलाई घरेलु कामदारका रुपमा साउदी अरब पठाउने भन्दै दिल्ली पुऱ्याई एकलाखमा, दिल्ली स्थित साउदी अरेबियाको दुतावासका कर्मचारीलाई बिक्री गरेको खुलासा भएका समाचार पनि थिए ।

### मुलप्रश्नः न्याय पाइयो ?

मानव बेचबिखन तथा ओसारपसारका वा मानव तस्करीका अपराधीले सजाय पाएका धेरै समाचार छन् तर आजसम्म अपराधीले सजाय पाएपछि पनि के पीडितले न्याय पाएको महसुस गर्छ वा उसले न्याय पाउने अवस्था कहिले आउँछ ? यस विषयमा धेरै छलफल र बहस हुन सकिरहेको छैन ।

## १७. सरकारी गैरसरकारी क्षेत्रको पहल

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सरकारी र गैरसरकारी क्षेत्रवाट भएका पहलहरुका बारेमा पनि अध्ययनका क्रममा प्रशस्त समाचार प्रकाशित भए । ती मध्ये शक्ति समूह र एट्बिनले संयुक्त रुपमा आयोजना गरेको "बेचबिखनबाट प्रभावितहरुको राष्ट्रिय भेला" ले मिडियामा निकै कभरेज पायो । भेलाको नारा थियो, "नयाँ संविधानको परिकल्पना मानव बेचबिखन रहित राज्यको पुनर्संरचना" । यसै गरी "चेलीबेटी बेचिबिखन विरुद्ध खुलेर छलफल गर्छन महिला" "चेलीबेटी बेचबिखनविरुद्ध सडकमा नाटक" "मानव बेचबिखनविरुद्ध नेपाल भारत समिति गठन" जस्ता सकारात्मक समाचार पनि थिए । एउटा समाचार भने निकै नै सकारात्मक थियो । "चेली बेचबिखनविरुद्ध आमा समूह सक्रिय" शीर्षकको यो समाचारमा उल्लेख थियो, "मानव बेचबिखन तथा ओसारपसारको अभियोगमा सिन्धुपाल्चोक शिखरपुरका बजिरसिंहलाई अदालतले १ सय ७० वर्षको जेल सजाय तोकेपछि उनकै गाउँका युवतीहरु विदेश जान छाडेका छन् ।" "बेचबिखन रोक : आयोग" शीर्षकको समाचारमा, राष्ट्रिय मानवअधिकार आयोगले चेलीबेटी बेचबिखन भयावह समस्याका रुपमा रहेको भन्दै त्यो रोक्न सरकार र नागरिक समाज दुबैलाई आग्रह गरेको छ । आयोगको प्रतिवेदन अनुसार भूकम्प गएपछि बालबालिका ओसारपसारमा तिब्रता आएको तथा हरेक वर्ष ९ हजार भन्दा बढि चेलीबेटी बेचबिखन हुने गरेको छ ।

प्रहरी, प्रशासन, अदालत तथा संसद एवं सरकारी संयन्त्रको सक्रियता बारेका पनि धेरै समाचार छन् । संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले "महिला तस्करीमा सरकारी संलग्नता" भन्ने निष्कर्ष निकालेको थियो । "बेचबिखनमा ४५ वर्ष जेल" भन्ने समाचारमा सहोदर बहिनीलाई भारतमा लगि बेचेको मुद्दामा जिल्ला अदालतले गरेको फैसला थियो । यसै गरी "होटल सञ्चालकलाई बेचबिखन मुद्दा" शीर्षकको समाचारमा, युवतीलाई जबरजस्ती यौनधन्दामा लगाएको आरोपमा नेपालगञ्जको एक होटलका सञ्चालक लगायत उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दा चलाइएको थियो । "दश हजारमा चेली बेच्ने बिचौलिया पक्राउ" बिचौलिया भनेर ईङ्गित गरेरै पक्राउ गरिएको यो पहिलो समाचार हो । "मानव बचेबखिनमा संलग्न प्रहरी नियन्त्रणमा", "मानव बेचबिखन अभियोगमा मुद्दा", "कोठीबाट बालकको उद्धार" दुई वर्षदेखि भारतको दिल्लीमा एक कोठीमा मानसिक तथा शारीरिक शोषणमा परेका एक बालकलाई उद्धार गरिएको, "मानव बेचबिखनविरुद्ध अन्तरदेशीय प्रयास" नेपाल र भारतका विद्यार्थी, अधिकारकर्मी र सुरक्षाकर्मी मिलेर दशगजामा मानव साङलो बनाएको, "बेचबिखनविरुद्ध अन्तरदेशीय कार्यशाला", "बेचबिखनमा २० वर्ष कैद" लगायतका समाचारले सम्बन्धित सरकारी तथा गैरसरकारी संयन्त्रको पहल र सक्रियतालाई प्रष्ट्याएको छ ।

केहि सकारात्मक समाचार पनि थिए, "बेचबिखनविरुद्धको महासन्धि परिमार्जन गर" शीर्षकको समाचारमा, सार्क महासन्धि समयानुकूल परिमार्जन, महासन्धिले सबै प्रकारका बेचबिखनलाई समेट्न नसकेको "मानव बेचबिखन रोक्न एक वर्षे कार्ययोजना पारित", "मानव बेचबिखन सचेतना पर्चा सार्वजनिक", "चेलीबेटी बेचबिखन रोक्न संयुक्त अभियान", "मानव बेचबिखनविरुद्धको निगरानी एक नाका, एक एनजीओ", "बेच्ने नियतले फकाए बेचबिखनकै सजाय" भनेर अदालतको व्याख्या सम्बन्धी समाचारलाई पनि सकारात्मक रुपमा लिन सकिन्छ । "मानव तस्करीविरुद्ध सहकार्यको प्रतिबद्धता" नेपालका अधिकांश स्थानका महिला तथा बालबालिकाहरुलाई पछिल्लो समयमा नयाँ नाका तथा प्रविधि प्रयोग गरेर लगिरहेको सन्दर्भमा नेपाल र भारत बीच सहकार्यको समाचार हो यो ।

## १८. अन्य चुनौती

यी बाहेका पनि अन्य केहि चुनौतीहरु समाचारले उजागर गरेका छन् "मानव बेचबिखन नियन्त्रण कठिन" शीर्षकमा लेखिएको समाचारमा उल्लेख छ, "मानव बेचबिखन पहिले निश्चित जिल्ला, जाति, समुदायका महिला वा बालिका प्रभावित थिए, अहिले त त्यो क्षेत्र फराकिलो बन्दै गएको छ, जसले गर्दा नियन्त्रण गर्न झनै

चुनौती थपिँदै गएको छ ।", "सूचनाको अभावमा मानव बेचबिखन" शीर्षकको अर्को समाचार छ । जसमा सूचनाको अभावमा मानव बेचबिखन कार्य न्युनीकरण हुन नसकेको बताइएको छ । मानव बेचबिखन तथा ओसारपसारमा चुनौती देखाउने अन्य केहि थप समाचार यस्ता थिए । "मानव बेचबिखनको शैलीमा परिवर्तन आउँदा नियन्त्रण गाह्रो" यस्ता केहि समाचार हुन जसले यसभित्रको चुनौतीलाई दर्शाउँछ । यस्तै "फेरिदै मानव बेचबिखनको तरिका" शीर्षकमा बेचबिखनको नाका फेरिएको, मोबाइल तथा फेसबुक ललाईफकाई गर्ने माध्यम बनेको जस्ता विषय उल्लेख छन् । "चेलीबेटी बेचबिखनमा आधुनिक प्रविधि चुनौती" र "फेसबुकमार्फत मानव तस्कर सक्रिय" शीर्षकको समाचारले मोबाइल र फेसबुकले मानव तस्करलाई महिला तथा बालबालिकासम्म पुग्न र ललाईफकाई गर्न सजिलो भएको तथ्य बाहिर ल्याएको थियो । "अब फेसबुक पनि महिला बेचबिखनको माध्यम" "सामाजिक सञ्जालको दुरुपयोगले महिला बेचबिखनको क्रम बढ्दो, मोबाइल इन्टरनेट तथा अन्य विभिन्न फेसन र इच्छा आकांक्षाले शहरी क्षेत्रका पढेलेखेका किशोरी तथा महिला बढि बेचबिखनमा पर्ने गरेका" भन्ने समाचारले नयाँ खालको चुनौती सार्वजनिक गरेको छ । "चेलीबेटी बेचबिखन नियन्त्रण चुनौतीपूर्ण" अन्य केहि चुनौतीपूर्ण समाचारमा, "चेलीबेटी बेच्न नयाँ बाटो" "देखाउने कुर्दिस्तान जाने दुबई", "मानव बेचबिखनविरुद्ध दशकौंदेखि प्रयास भइरहेपनि घटनामा कमी आउनुको साटो बढ्दै जानुमा मुख्य योजनाकार पक्राउ गर्न नसक्नु रहेको सरोकारवालाहरुले ठहर गरेका छन् ।" "शहरकै महिला बेचबिखनको जोखिममा" शीर्षकका समाचारले पनि चुनौतीलाई नै दर्शाउँछ ।

## १९. विपद र जोखिम

"दुई महिनामा १ सय २७ फर्काइए" शीर्षकको समाचारमा उल्लेख छ, "भूकम्प प्रभावित जिल्लाका महिला तथा बालबालिकालाई विभिन्न प्रलोभनमा पारेर भारत लैजाने घटना बढेपछि सिमामा चेकजाँच बढाउदा बेचबिखनको जोखिममा परेका वा पर्ने आशंका लागेका १ सय २७ जनालाई फर्काइएको ।" यसै गरी "विपद दलाललाई अवसर" शीर्षकको विचार/लेखमा उल्लेख गरिएको यो वाक्यांशले पनि बताउँछ विपदमा बढेको बेचबिखनको जोखिम । "अस्थायी शिविरमा आपराधिक मानसिकता बोकेका मानिसको अस्वभाविक चलखेल बढको छ । चेलीबेटी बेचबिखनमा संलग्न गिरोह र दलालहरु विपदका बेला मौकामा चौका हान्न खोजिरहेका छन् । कोही जागिर लगाइदिने भन्दै त कोही बिना पैसा वैदेशिक रोजगारीमा पठाइदिने भन्दै अस्थायी शिविरमा सल्बलाउन थालका छन् ।" यसै गरी अर्को समाचारको शीर्षक थियो, "विपदमा बढ्यो युवती तस्करी" । "बालबालिका ल्याउने विरुद्ध अनुसन्धान सुरु" शीर्षकको समाचारमा "भूकम्प प्रभावित दोलखावाट १९ बालबालिकालाई अवैध रुपमा काठमाडौं ल्याउने ७ जना विरुद्ध मानव बेचबिखन अभियोगमा अनुसन्धान सुरु भएको छ" उल्लेख भएवाट पनि थाहा हुन्छ भूकम्पका बेला मानव बेचबिखनको जोखिम कति बढेको रहेछ । यहि जोखिम बढेपछि आएको अर्को समाचार थियो, "तस्करी रोक्न तात्यो मन्त्रालय" तथा "मानव तस्करी रोक्न सीमामा चेकपोस्ट थपिए" । यी समाचारमा भूकम्प प्रभावित जिल्लाका युवतीलाई स्थलमार्ग हुँदै भारत लैजाने क्रम बढेपछि प्रहरीले ११ जिल्लाका १४ स्थानमा चेकपोष्ट थपेको उल्लेख थियो ।

विपदमा जोखिम बढेको विषयमा छापिएको "मानव बेचबिखन बढ्ने जोखिम" शीर्षकको सम्पादकीयले पनि यसको गाम्भिर्यता दर्शाउँछ । "बेचिए भूकम्पपीडित चेली", "भारतीय कोठीमा भूकम्प पीडित युवती" शीर्षकको समाचारमा त, "राहत बाँड्ने बहानामा अस्थायी शिविर पुगेका दलालले बालबालिका हेर्ने काम लगाइदिने भन्दै डेढ दर्जन नेपाली युवतीलाई यौनबजारमा लगेर बेचेको खुलासा" भएको कुरा उल्लेख छ । यस्तै अर्को समाचार थियो, "भूकम्प पीडित क्षेत्रवाट युवती बेच्ने गिरोह पक्राउ" र "मेघालयबाट उद्धार गरिएकी भूकम्प पीडित युवती भन्छिन्, पत्नी बनाएर पचास हजारमा बेचेछ ।" "भूकम्पपछि मानव बेचबिखन र ओसारपसारमा वृद्धि" "भूकम्प पछि महिला बेचबिखन बढ्यो", "नेपाली बालबालिकाको भारतमा किनबेच" भूकम्प पछि नेपलाी बालबालिका भारतीय शहरमा खुला किनबेच हुने गरेको तथ्य बेलायतको पत्रिका द सनले पनि सार्वजनिक गरेको थियो । यस्तै "दासका रुपमा लन्डनमा बेचिए भूकम्पपीडित बालबालिका"

शीर्षकमा पनि समाचार आएको थियो । यसरी यी समाचारहरुवाट पनि के पुष्टि हुन्छ भने विपदमा मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढ्छ र दलालहरु यो बेलामा निकै सक्रिय हुन्छन् ।

## २०. अन्य

कस्ता कस्ता कामका लागि मानिस बेचिन्छन् वा के कस्तो उद्देश्यले मानिस बेचिएलान भन्ने प्रश्नमा कुनै कुनै समाचार ले त कल्पना बाहिरको जवाफ दिएका छन् । जसको उदाहरण हो, “छोरा बेचेर मोबाईल किन्ने आमा” शीर्षकमा छापिएको समाचार । जसमा ती आमाले ५ हजारमा छोरा बेचेर एउटा मोबाईल २ वटा जिन्स पाइन्ट र अन्य केहि सामान किनेकी थिइन । अर्को एउटा समाचार “दुध चुसाउन महिलाको तस्करी” शीर्षकको छ जसमा सुत्केरी महिलालाई बेचबिखन र ओसारपसार बच्चालाई दुध चुसाउनका लागि गरिएको तथ्यांक बाहिर आएको थियो । हिजो आजका कामकाजी आमा व्यस्त रहने तथा बच्चालाई दुध चुसाउँदा सौन्दर्य बिग्रने बहानामा नेपालवाट भारतको विहारमा बच्चालाई दुध चुसाउन सुत्केरी आमाको ओसारपसार गर्ने गरिएको यो समाचार उल्लेख थियो । “चेली फकाउँदै, फँसाउँदै” शीर्षकको समाचारमा भने किन बेचिन्छन् मानिसहरु भन्ने कारण खोज्ने प्रयास गरिएको थियो । जसमा सम्भावित कारणहरुमा बालमजदुर बनाउन, मृगौला बेच्न, धर्मसन्तान बनाउन, संरक्षण गरेको देखाएर दाता खोज्न, यौनकार्यमा प्रयोग गर्न, धार्मिक गतिविधिमा लगाउन” भन्ने उल्लेख छ ।

## २१. सञ्चार माध्यम

यो अध्ययन मिडियासँग जोडिएको अथवा पत्रपत्रिकामा प्रकाशित समाचारलाई नै विश्लेषण गरिएकाले यसमा सञ्चार माध्यमसँग सम्बन्धित केहि सूचकहरु पनि राखिएका थिए । Following of Code of Conduct (Confidentiality), Coverage of News (No. of Newspaper), Types of News, Priority of News जस्ता सूचकहरु सिधै सञ्चार माध्यमसँग सम्बन्धित थिए । पत्रकार आचारसंहिता पालनाको दृष्टिकोणले पाँच वर्षकै समाचारमा समस्या देखिएको छ । आचारसंहिता पूर्ण पालना नभएका कारण पीडित वा प्रभावितलाई नै कुनै न कुनै रुपले असर पर्ने गरी समाचार प्रकाशित भएका थिए । सबैभन्दा महत्वपूर्ण विषय पीडित प्रभावितको परिचय सम्पूर्ण रुपमा गोप्य राख्नुपर्नेमा त्यो कायम गरिएका समाचारको संख्या निकै कम पाइएको छ । पीडित प्रभावितको नाम थर वा उसको गाउँ ठेगाना बुबाको नाम जस्ता परिचय लेखिदिने, अझ कतिपय अवस्थामा त उसको फोटो नै प्रकाशित गरिदिनेसम्मका काम पनि सञ्चार माध्यमले गरेको पाइएको छ । एउटै समाचार नमुनाकारुपमा लिइएका कतिवटा पत्रिकामा प्रकाशित भए त भन्नेलाई सूचक मानेर हेर्दा पनि स्थिति त्यति सन्तोषजनक छैन । हुन त सञ्चार माध्यमले ब्रेकिङ न्युजका लागि रिर्पोटरलाई गोप्य रुपमा खटाउने भएकाले एउटै समाचार सबैमा आउन समस्या छ । तरपनि मानव बेचबिखन तथा ओसारपसारका समाचार धेरैजसो घटना प्रधान हुने भएकाले घटना सार्वजनिक भएपछि मिडियामा आउँदा सबैमा आउनुपर्नेमा त्यो हुन नसकेको देखिन्छ । अर्कोतर्फ एउटा मिडियाले उठाएर लगातार फलोअप गरिरहेको समाचार अरु मिडियाले प्रकाशित नगर्ने परिपाटीले पनि यस्तो भएको हुनसक्छ । समाचारका प्रकारका रुपमा हेर्दा यो समाचार घटना प्रधान हुनेभएकाले धेरैजसो हार्डन्युजकै रुपमा आउने गरेको छ तर यस्ता समाचारलाई लगातार फलोअप गर्ने फिचरन्युज, विचार लेखहरुमा भने त्यतिकै मात्रामा स्थान पाउन नसकेको हो की भन्ने भान हुन्छ । मानव बेचबिखन तथा ओसारपसार जस्तो अमानवीय अपराधको संवेदनशिलतामा सञ्चार माध्यम अझ बढि गम्भिर हुनसके यसले घटना प्रधान हार्डन्युजका साथसाथै फलोअप समाचार, फिचर तथा विचार लेख अझ नीतिगत विषयका आर्टिकल समेत प्रकाशित हुने थिए । सञ्चार माध्यमसँग नै सम्बन्धित समचारको प्राथमिकता भन्ने सूचकमा पनि आशातित तथ्यांक छैन । प्रथम पृष्ठमा मुख्य समाचार बनाएर प्रकाशन गरिएका समाचार निकै कम छन् । प्रायः समाचार अन्य पृष्ठमा प्रकाशित थिए । सम्पादकीय वा दृष्टिकोण पृष्ठमा पनि घटना जुन मात्रामा भएका छन् त्यसको तुलनामा निकै कम सम्पादकीय, विचार लेख प्रकाशित भएका छन् ।

## सुझाव (Recommendation)

मानव बेचखिन तथा ओसारपसार अथवा भनौ मानव तस्करीको अवस्था विश्लेषण गर्नका लागि यो अध्ययनका क्रममा सञ्चार माध्यम त्यसमा पनि पत्रपत्रिकालाई नुमनाकारुपमा लिइयो । पत्रपत्रिकालाई आधार लिइएपनि यो अध्ययनले पत्रपत्रिका सँग सम्बन्धित विषयमात्र बाहिर ल्याएन । पत्रपत्रिकामा यससँग सम्बन्धित सबै विषय बाहिर ल्याएकाले यो अध्ययन आफैमा विस्तृत लगभग पूर्ण हुन गएको छ। यसको अर्थ अब यसमा थप अध्ययन गर्नै पर्दैन भन्ने होइन । जबसम्म मानिसको आवागमन चलिरहन्छ तबसम्म यो विषय अध्ययनका लागि योग्य रहन्छ किनकी यसका नयाँ नयाँ आयामहरु बाहिर आइरहेका हुन्छन् । मानव तस्करीको जालो विश्वव्यापी रुपमा फैलिसकेकाले अव यो कुनै एक देशको विषय मात्र रहेन अथवा यो कुनै एक देशको सक्रियताले मात्र पनि नियन्त्रण हुनेवाला छैन । यसकालागि विश्वव्यापी पहल हुनु आवश्यक छ । जसलाई विषयगत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. मानव बेचबिखन तथा ओसारपसार वा मानव तस्करीमा सबैभन्दा बढि घरपरिवारका व्यक्ति संलग्न भेटिएका छन् । उनीहरुको गरिबीका कारण हो, पारिवारिक आवश्यकताले हो, जानीजानी हो वा झुक्यान र ललाईफकाईमा परेर हो यसमा विस्तृत अध्ययन हुन जरुरी छ । तर मिडिया अध्ययनका क्रममा पारिवारिक संलग्नता बढि देखिएकाले परिवारमा जनचेतना अभिवृद्धि र उनीहरुको यो बाध्यतालाई निस्तेज पार्न परिवार गाउँठाउँ वा स्वदेश भित्रै उनीहरुका आवश्यकता पूर्तिको सुनिश्चितता हुनु आवश्यक छ ।

२. पारिवारिक आवश्यकता पूर्तिका लागि आवश्यक रोजगारी गाउँठाउँ वा स्वदेशमा नपाएपछि मानिस आफ्नो थातथलो छाडेर हिंड्न बाध्य छन् । यसैकारण नेपालमा विदेशमा रोजगारी गर्न जानु बाध्यता नै बनेको छ । सरकारले नै विदेश पठाउने नीति समेत लिएको छ भने वैदेशिक रोजगारीबाट भित्रिने रेमिट्यान्स देशको अर्थतन्त्रको मूल हिस्सा बन्न पुगेको छ तर हामीकहाँ दक्ष भन्दा अदक्ष वा अर्धदक्ष कामदार बढि भएकाले उनीहरु ठगिने गरेका छन् वा यौन शोषण र बेचबिखनमा पर्ने गरेका छन् । यसकारण वैदेशिक रोजगारीका विषयमा व्यापक जनचेतना र राज्यको स्पष्ट दृष्टिकोण र ठग तथा दलालहरुको जालो चिर्न कानुन कार्यान्वयन तथा दण्डसजायको उचित व्यवस्था हुनु जरुरी छ ।

३. वैदेशिक रोजगारीमा जानेक्रम बढेसँगै मानव बेचबिखन तथा ओसारपसार यौनशोषणका लागि मात्रै हुने गर्छ भन्ने पुरातन सोच भत्किएको छ । सञ्चार माध्यममा आएका समाचारहरुले नै बताउँछ । मानिस मीठो खाने राम्रो लाउने तथा पैसा कमाउने असिमित चाहनाका कारण पीडित प्रभावित आफ्नै इच्छाले वा दलालको ललाईफकाईमा परेर सरकारले मान्यता प्रदान गरेको वा नगरेको विश्वका जुनसुकै देशमा जस्तोसुकै तरिकाले गइरहेका छन् । यसक्रममा कतिको मृत्यु भएको छ, कतिको अंगभंग भएको छ, कति यौन शोषणमा परेका छन्, कतिको अंग बेचिएको छ, कति बाध्यात्मक श्रम शोषणमा छन् । यसरी मानव बेचबखिन तथा ओसारपसार बिकराल बन्दै गर्दा यसले तस्करीको रुप लिएको छ। तस्करीको रुप लिइसक्दा यसमा अपराधीको अन्तर्राष्ट्रिय सञ्जाल नै सक्रिय बनेको पाइन्छ । यसको रोकथामका लागि कुनै एउटा देशमात्र सक्रिय भएर हुदैन विश्वव्यापी सहकार्य एवं पहल यसमा आवश्यक छ ।

४. मानव तस्करी गरिने विविध पद्दति मध्ये नक्कली विवाह एक हुनपुगेको छ । विकसित र संवृद्ध देशमा गएर काम गर्न ती देशका नागरिकसँग नक्कली विवाह गर्ने विवाह गरिदिए वापत तिनलाई पैसाको लेनदेन हुने गरेको छ तर यो सुरक्षित नभएको समाचारहरुले पुष्टि गर्छ । यसमा जाने मानिसको सहमति हुने भएकाले यो जालो भत्काउन निकै गाह्रो छ तर सचेतना र सरकारी गैरसरकारी सक्रियता मार्फत यो गर्न आवश्यक छ र सकिन्छ पनि ।

५. मानव तस्करीको अर्को डरलाग्दो पक्ष हो बालबालिका बेचबिखन वा तस्करी । परिवार वा आमाबुबाको संरक्षणमा रहनुपर्ने बालबालिका परिवारकै सहमति वा प्रलोभनमा पारेर दलालले लैजाने गरेका र उनीहरुलाई

बधुँवा मजदुरका रुपमा काम लगाउने, यौन शोषण गर्ने, अंगभंग गरेर बेचबिखन गर्ने जस्ता अनेक समस्या देखिएका छन् । यसलाई सम्बोधन गर्न राज्यपक्ष जिम्मेबार हुनैपर्दछ भने पारिवारिक सचेतना अभियान पनि उत्तिकै आवश्यक छ । एउटा निश्चित उमेरसम्म आमा वा बुबामध्ये कसैको संरक्षणमा बालबालिका हुनैपर्ने बाध्यात्मक कानुनी व्यवस्था पनि आवश्यक छ ।

६. मानव तस्करीमा पुरुष परेको घटना अन्य विषयसँगै साझा विषय नै भएपनि पुरुषको यौन शोषण हुने वा पुरुषले पुरुषको बलात्कार गर्ने विषय त्यति धेरै चर्चाको विषय नहुने गरेकाले पाँच वर्षको अध्ययनका क्रममा भेटिएको पुरुषको यौनधन्दा तथा पुरुषले पुरुषको बलात्कार भन्ने समाचारका आधारमा यो विषयमा पनि थप अध्ययन अनुसन्धान आवश्यक देखिएको छ ।

७. मृगौला तस्करी नेपालको विकराल समस्या हो तर यो बिक्री प्रायः भारतमा गरिने भएकाले यो अन्तर्राष्ट्रिय समस्या हो । खानलाउन हातमुख जोर्न, घर बनाउन कतिपय अवस्थामा छोराछोरी पढाउन पनि मानिसले आफ्नो अंग बेच्ने गरेको समाचारले बताउँछ । त्यसकारण यो पनि बेरोजगारी सँगै जोडिएको समस्या हो तर अहिलेसम्म मृगौला बेचबिखनको विषय मात्र समाचारमा बढि आएको छ । अन्य अंग पनि बेचबिखन हुन्छ की भन्ने अनुमानका आधारमा यसमा थप अध्ययन अनुसन्धान हुनु जरुरी छ । अर्कोतर्फ मानव अंग बेचबिखन गर्न हुँदैन भन्ने सचेतना अभियान पनि जरुरी छ भने त्यो भन्दा बढि यसमा सक्रिय दलालहरुको जालो भत्काउन आवश्यक छ। यसकालागि सरकारी गैरसरकारी संयन्त्र अझ बढि जागरुक भएर लाग्नुपर्दछ।

८. नेपालबाट वर्षेनी कति मानिस बेचबिखनमा पर्छन भन्ने आधिकारिक सरकारी तथ्यांक पाउन गाह्रो छ । समाचारमा आएको बेपत्ता र उद्धारको तथा बेचबिखनको तथ्यांक फरक फरक श्रोतबाट लिइएकाले एकरुपता पाइदैन । यसमा राज्यकै तर्फवाट गम्भिर अध्ययन हुनु जरुरी छ । यदि राज्यले विश्वास दिलाएमा हरेक नागरिकले तथ्यांक राज्यलाई उपलब्ध गराउने छ । यसरी केन्द्रिकृत तथ्यांक आउन सकेमा यसका नीति निर्माण गर्न वा कुनैपनि कार्यक्रम सञ्चालन गर्न राज्यलाई सजिलो हुनेछ भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्य निकायहरुसँग पनि सहकार्य गर्न सजिलो हुनेछ ।

९. पाँच वर्षको अध्ययनका क्रममा बच्चा बिक्री भन्ने समाचार फरक प्रकारको समाचार थियो । छोरा नै चाहिने भन्ने पुरुष प्रधान समाजमा छोरा आफैले जन्माउन नसकेपछि किनेर भएपनि छोरा बनाउने सोच आएको उदाहरण हो यो । पैसाका लागि बच्चा जन्माएर बेच्ने वा पैसाले बच्चा किन्ने दुवै अतिवादी आपाराधिक सोच हुन । यसलाई निरुत्साहित गर्नै पर्दछ । अर्को बच्चा जन्माएर बेच्ने जत्तिकैको अपराध हो कोख भाडामा लगाउने अर्थात सरोगेसी । गरिब राष्ट्र भएकाले पैसाले लोभ्याएर वा पैसाको लोभमा विकृत अपराधहरु हुनसक्छन् यसमा राज्य र राज्य संयन्त्र नै सचेत हुनुपर्दछ ।

१०. मानव तस्करीमा सुरक्षाकर्मी वा कानुन कार्यान्वयन गर्ने निकाय नै संलग्न हुने कुरा नौलो होइन । रक्षक नै भक्षक भएका धेरै समाचार छन् । यसमा कानुनको शासन वा दण्डसजाय फितलो हुनु नै समस्याका रुपमा देखिएको छ । दलालहरुले सुरक्षाकर्मी वा कानुन कार्यान्वयनको स्थानमा बसेका मानिसलाई पनि प्रलोभनमा पार्ने गरेका छन् र उनीहरु पर्ने गरेका छन् । यसमा पनि सम्बन्धीत निकाय वा राज्य संयन्त्रकै पहलकदमीको आवश्यकता छ ।

११. सुरक्षाकर्मी वा कानुन कार्यान्वयन गर्ने निकायकै संलग्नाताले मानव तस्करीको विषय नियन्त्रणमा जति समस्या खडा गरेको छ त्यस्तै समस्या यसलाई रोकथाम गर्ने उद्देश्य नै लिएर खुलेका गैरसरकारी संघसंस्थाको संलग्नताले गरेको छ । पीडित प्रभावितले सबैभन्दा बढि विश्वास गर्ने निकायका व्यक्तिनै मानव तस्करीमा संलग्न भएको समाचारले यस क्षेत्रमा लागेका व्यक्तिहरुलाई गम्भिर बनाउनुपर्ने हो । यसको अर्थ सबै

गैरसरकारी संस्था त्यस्तै छन् भन्ने त होइन तर यसभित्र पनि शुद्धिकरणको आवश्यकता भने देखिएको छ ।

१२. कानुनमा समयसापेक्ष सुधार नभएमा वा विधायिकाले कानुन बनाउँदा हुनपुगेका कमीकमजोरीलाई समातेर कानुन व्यवसायीले दलालहरुलाई छुटाउन सक्ने अथवा दलालहरुले कानुन कार्यान्वयन गर्ने निकायमा पुगेका व्यक्तिलाई प्रलोभन वा प्रभावमा पारेर प्रयोग गर्नसक्ने अवस्था रहन्छ । पीडितले प्रहरी समक्ष दिएको बयान अदालतमा आएर प्रमाणित गर्नुपर्ने, साक्षीले बयान फेर्ने लगायतका समस्या होस् वा वैदेशिक रोजगारीका क्रममा भएका बेचबिखनलाई ठगीका रुपमा मात्र लिने जस्ता कानुनी प्रावधानलाई विधायिकाले समय सापेक्ष रुपमा सुधार गर्दै लैजान जरुरी छ । अर्कोतर्फ कानुनमा भएका कडा व्यवस्थाको फाइदा उठाएर अनावश्यक आरोप वा लाञ्छना लगाई फसाँउने अवस्था पनि रहनसक्छ यसतर्फ पनि सचेत हुनुपर्दछ ।

१३. निर्वाचनमा आवश्यक पर्ने भएर हो वा पैसा वा शक्ति चाहिने भएर हो धेरैजसो राजनीतिक नेतृत्वले प्रत्यक्ष वा परोक्ष रुपमा गुण्डा नाइके अर्थात डनहरुलाई संरक्षण दिएको पाइन्छ । अपराधीहरुलाई पनि संरक्षण दिएका समाचार पनि बेलाबेलामा सार्वजनिक हुन्छन् । जबसम्म शासन सञ्चालन र संविधानले तोकेको नागरिकका सबै किसिमका मौलिक हकको रक्षा गर्ने जिम्मा पाएका नेतृत्वले राजनीतिक संरक्षण दिइरहन्छन् अपराधीहरुको मनोवल बढिरहन्छ । यो विषयमा पटक पटक कुरा उठीसकेकाले राजनीतिक दल वा यसका नेतृत्व एवं सरकार सञ्चालकहरु नै यसमा गम्भिर र जिम्मेवार हुनुपर्दछ ।

१४. थप पैसा कमाउने सुखी जिन्दगी बिताउने वा शहरी चमकदमक देखेरै घरगाउँ छाडेको भएपनि कुनैपनि व्यक्तिले यौन शोषण वा श्रम शोषणमा पर्छु भनेर सोचेको वा चाहेको हुदैन । जब ऊ नचाहँदा नचाहँदै यस्तो समस्यामा पर्छ भने उसलाई समाजमा फर्कन किन गाह्रो पर्छ ? जबकी त्यही समाजमा उसको अपराधी भने खुल्लम खुल्ला घुमिरहेको हुन्छ । यस विषयमा गम्भिर बन्नै पर्छ । समाजमा बस्ने व्यक्तिहरु, नागरिक समाजका व्यक्तिहरुले दोष जसको हो उसलाई दिंदा, उसलाई सामाजिक बहिस्कार गर्दा ठीक हुन्छ तर जसको दोष छैन, जो स्वयंम पीडित प्रभावित छन् उनीहरुको जीवनलाई थप बर्वाद पार्नेभन्दा कसरी सम्मानपूर्वक समाजमा पुनःस्थापित गर्ने भनेर सामाजिक अभियन्ताहरुले सोच्नुपर्दछ, राज्यले कार्यक्रमहरु ल्याउनुपर्दछ ।

१५. वैदेशिक रोजगार बाध्यता बनेको समयमा, विदेशमै वा स्वदेशमा विवाहेत्तर सम्बन्ध बढेका समाचारहरु निकै आए । यो विषयमा गहन अध्ययन हुनु जरुरी छ । गाउँमा श्रीमान वा श्रीमती एक्लै छाडेर हिंडेपछि उनीहरु कति आफैं विवाहेत्तर सम्बन्धमा लाग्छन् । कति विदेशवाट पठाएको पैसाको लोभमा त्यो पैसा पनि उपयोग गर्न पाईने यौन सम्बन्ध पनि राख्न पाइने भनेर लाग्छन् । यसलाई नियन्त्रण गर्न के गर्न सकिन्छ ? यसमा अध्ययनको आवश्यकता छ ।

१६. पाँच वर्षको अध्ययनका क्रममा हरेक वर्ष मानव तस्करका अपराधीले सजाय पाएका समाचार पनि प्रकाशित भए । यी मध्ये सबैभन्दा चर्चित सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला रह्यो । जहाँ अपराधी बजिरसिंह तामाडलाई १ सय ७० वर्षको जेल सजाय सुनाइएको थियो । प्रहरीले कुनै प्रभावमा नपरी अनुसन्धान गरेको छ र अदालतले प्रभावमा नपरी मुद्दाको सुनुवाई गरेको छ भने त्यस्ता हरेक मुद्दामा अपराधीले सजाय पाएका छन् । किनकी हाम्रो सामाजिक संरचनामा अपवाद बाहेक कसैले पनि आफू मानव तस्करीमा परेको भनेर झुठा उजुरी दिने गरेको छैन । यसमा प्रहरी प्रशासनलाई अझ बलियो, अनुसन्धान पद्दति अत्याधुनिक बनाउने र प्रहरी, प्रशासन, राजनीतिक नेतृत्व प्रभावमा नपर्ने हो भने कुनैपनि अपराधी उम्कन सक्ने अवस्था रहने छैन ।

तर पनि एउटा प्रश्न सदैव रहन्छ, मानव बेचबिखन तथा ओसारपसारका वा मानव तस्करीका अपराधीले सजाय पाएपछि पनि के पीडितले न्याय पाएको महसुस गर्छ वा उसले न्याय पाउने अवस्था कहिले आउँछ यस विषयमा धेरै छलफल र बहस हुन सकिरहेको छैन ।

१७. मानव तस्करीका घटना बढ्दै गएपछि सोहि मुताविक सरकारी र गैरसरकारी क्षेत्रले आफ्ना रणनीति परिवर्तन गरेर यो अपराध नियन्त्रण गर्न विभिन्न कदम चालेका छन् । राज्य संयन्त्रले संगठनात्मक रुपमा, कानुन नीति निर्माणमा तथा अपराधीलाई दण्डित गर्न र पीडित प्रभावितलाई न्यायको अनुभूती दिलाउन निकै मिहिनेत गरिरहेका छन् । यसै गरी गैरसरकारी क्षेत्रवाट पनि गाउँ गाउँसम्म पुगेर कठिन भन्दा पनि कठिन घडीमा पनि नागरिक सचेतना, धाकधम्कीका बावजुद अभियुक्तलाई कानुनको कठघरमा उभ्याउने, राजनीतिक वा अन्य किसिममा दबावका बावजुद अभियुक्तलाई सजाय दिलाउन सम्पूर्ण संयन्त्र लगाउने गरेको छ । यस्ता अभियानलाई सरकारी पक्षको सहयोगीका रुपमा निरन्तरता दिनै पर्दछ र सरकारी पक्षले गैरसरकारी पक्षलाई सहयात्रीका रुपमा विश्वास गर्नैपर्दछ ।

१८. विपदका बेलामा अझ बढि सर्तक हुनु जरुरी छ । पाँच वर्षको अध्ययनका क्रममा २०७२ सालमा आएको भूकम्पले यो अवस्था उजागर गरेको हो । यस्तो बेलामा राज्यका सम्पूर्ण निकायको ध्यान राहत तथा उद्धारमा केन्द्रीत हुने तथा पीडित प्रभावित घरबारबिहिन भएको अवस्था हुने हुनाले दलालहरुले यसको फाइदा उठाउँछन् भन्ने तथ्य बाहिर आएको छ । त्यसकारण विपदका समयमा राज्य संयन्त्रले, नागरिक समाजले, मिडियाले यसतर्फ पनि ध्यान दिनेगरी नीति निर्माण तथा कार्यान्वयन गर्ने संयन्त्र बनाउन जरुरी छ ।

१९. मानव बेचबिखन तथा ओसारपसार वा मानव तस्करी नियन्त्रणमा सञ्चार माध्यमको भुमिका निकै महत्वपूर्ण छ । सञ्चारमाध्यले यी समस्याहरु उजागर नगरेका भए अहिले जति अपराधीले सजाय पाएका छन् वा जति पीडित प्रभावितले न्याय पाएका छन् त्यो अवस्था नहुन सक्थ्यो । यसका लागि सञ्चार माध्यमलाई धन्यवाद दिनैपर्दछ । यसका साथसाथै सञ्चार माध्यमले यसलाई समाचारको विषय भन्दा माथि, एउटा घटनाको विषय भन्दा माथि वा राज्यको एउटा महत्वपूर्ण अंग भएकाले सामाजिक दायित्वका रुपमा लिएमा यी विषय माथि अझ बढि कभरेज, विचार विमर्श हुनसक्दछ । यस्ता विषयमा जति धेरै छलफल, विचार विमर्श हुन्छ यो त्यति धेरै तल्लो तहसम्म फैलन पुग्दछ र नागरिकहरु सचेत हुन्छन् । कुनै घटना नभएका बेलामा पनि यसका फलोअप समाचारहरु दिईरहने, सञ्चार माध्यम भित्र यस्ता विषयमा खुलेर बहस र परामर्श गर्नसक्ने बातावरण तयार पार्ने, समाचारलाई प्राथमिकता दिने, आचारसंहिताको पूर्णपालना गर्ने, जस्ता कार्यहरु हुन सकेमा मानव तस्करी नियन्त्रण गर्न अझ बढि मद्दत पुग्दछ ।

अन्त्यमा, मानव बेचबिखन तथा ओसारपसारले जसरी मानव तस्करीको रुप लिईरहेको छ यसको नियन्त्रणका लागि पनि त्यसै गरी राज्य संयन्त्र, गैरसरकारी क्षेत्र, सञ्चार माध्यम, हरेक नागरिक सबैलाई राज्यले एकिकृत हुने वातावरण निर्माण गर्न सकेमा यो अपराध अहिलेभन्दा निकै प्रभावकारी रुपमा नियन्त्रण हुन्छ, भन्न सकिन्छ ।



मिर्गौला तस्करलाई १० वर्ष कैद
यो नै पहिलो कानुनी कारबाही

वर्षेनि १२ हजार महिला बेचबिखनको जोखिममा

अस्पतालबाटै बेचिए नवजात शिशु

चीनको खासामा नेपाली युवती बेचिन थाले

खाडीका डान्सबारमा नेपाली युवती बेच्ने गिरोह समातियो

दलाई लामाको गुम्बातिर ओसारिँदै नेपाली बालक

वैदेशिक रोजगार र अध्यागमनका ३५ पक्राउ

वर्षमा १२ लाख बालबालिका बेचबिखनको सिकार
के छ कानुनी व्यवस्था ?

'आफन्तबाटै बेचिन्छन् चेलीबेटी'

धन्दा पुरुष वेश्याको

नेपालबाट भारतीय युवतीको उद्धार

छोरा बेचेर मोबाइल किन्ने आमा

जो '१७० वर्ष' थुनिए
जेल सजाय सुनेर अदालतबाट बाहिरिँदै गर्दा उनको अनुहारमा कुनै हीनताबोध र निराशा थिएन

वैदेशिक रोजगार र अध्यागमनका थप ३५ कर्मचारी पक्राउ



खेलाडी बनाएर मानव तस्करीको प्रयास

NAME OF NEWSPAPER/MAGAZINE : गोरखापत्र DATE: २०६३।४।

भूकम्पपछि मानव बेचबिखन र ओसारपसारमा वृद्धि

मानव तस्करी रोक्न प्रहरीको छुट्टै सेल

मानव तस्करी ठूलो सांगठनिक अपराध बन्दै जसपछि नियन्त्रण गर्न नेपाल प्रहरीले छुट्टै सेल बनाएको छ

चीनको खासामा नेपाली युवती बेचिन थाले

मानव तस्करी पाँच वर्षयताकै उच्च

'नेपाल मानव तस्करीको ट्रान्जिट'

वर्षमा १२ लाख बालबालिका बेचबिखनको सिकार

के छ कानुनी व्यवस्था ?

संकटग्रस्त सिरियामा ४ सय नेपाली महिला

फेसबुकमार्फत मानव तस्कर सक्रिय

अफ्रिकी मुलुकमा डान्सबार खोलेर युवती तस्करी

पशुपतिनगर नाकामा माइती नेपाल क्रियाशील

६ महिनामा दुई सय ३१ चेली फर्काइए

बालबालिका बेच्ने त्यत्तिकै उम्किन्छन्

महिला बेच्नेलाई १७० वर्ष कैद

भूकम्पयता ३२२ युवतीको उद्धार

सामाजिक सञ्जालको दुरुपयोगले महिला बेचबिखनको क्रम बढ्दो

मोबाइल, इन्टरनेट तथा अन्य विभिन्न फेसन र इच्छा आकाङ्क्षाका कारण सहरी क्षेत्रका पढेलेखेका किशोरी तथा महिला

NEWSPAPER/MAGAZINE : ... DATE: २०६५।४।

गर्भवती श्रीमती बेच्ने २२ वर्षपछि पक्राउ

## संञ्चार (छापा) मा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धमा प्रकाशित सामाग्रीहरुको ५ वर्षे विश्लेषण कार्यक्रमका फोटोहरु










## संञ्चार (छापा) मा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धमा प्रकाशित सामाग्रीहरुको २०७३ विश्लेषण कार्यक्रमका फोटोहरु






# एटविन सूचना तथा स्रोत केन्द्र

यस स्रोत केन्द्रबाट प्राप्त गर्न सक्ने सूचनाका विषयवस्तुहरु निम्न रहेका छन् :

| मानव बेचबिखन | मानव अधिकार | महिला अधिकार | बाल अधिकार |
|---|---|---|---|



**मानव बेचबिखन, मानव अधिकार, महिला अधिकार,**
**बाल अधिकार तथा महिला विरुद्धको हिंसा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवं दस्तावेजहरू,**
**अनुसन्धान, प्रतिवेदन, जर्नल, बुलेटिन, ब्रोसर, पोस्टर, पम्पलेट, लिफलेट, पत्रिकाका समाचार संग्रह,**
**सदस्य संस्थाहरूका प्रकाशनहरू तथा अन्य सम्बन्धित IEC**
**सामाग्रीहरू उपलब्ध छन् ।**

---

**सूचना तथा स्रोत केन्द्र खुल्ने समयः**

दिन : हरेक हप्ता सोमबार देखि शुक्रबार

समय : बिहान १० देखि ५ बजेसम्म

एटविन सूचना तथा स्रोत केन्द्र प्रयोगका लागि सर्वसाधारणलाई हार्दिक अनुरोध गर्दछौं ।


**महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह नेपाल (एटविन)**

दाद्पो.ब.नं. : २४९६०, फोन नं. ४२२९७८७, ४२२०४७८, फ्याक्स नं. : ४२२९७८७

इमेलः aatwin@ntc.net.np, वेबसाइट : www.aatwin.org.np